सिम्ता गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,

दोस्रो संस्करण



सिम्ता गाउँपालिका, सुर्खेत

(२०७९, भाद्र)

प्रकाशन : सिम्ता गाउँपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना

प्रकाशन मिति : बैशाख २०७९

प्रकाशक : सिम्ता गाउँपालिका, सुर्खेत

फोन नं.: ९८५८०२७७५१, ९८४३३५०८८४

इमेल : simtagaupalikaskt@gmail.com, ito.simtamun@gmail.com

वेवसाइट : simtamun.gov.np

सर्वाधिकार : गाउँविपद् व्यवस्थापन समिति, सिम्ता गाउँपालिका, सुर्खेत

प्रकाशन संयोजन :

गाउँविपद् व्यवस्थापन समिति, सिम्ता सुर्खेत

प्रकाशन सहयोग :

अमेरिकी सहायता नियोग(USAID)

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET), □मेरो सुरक्षित गाउँ□कार्यक्रम

स्वास्थ्यको लागि सक्षम प्रणाली(SSBH)

भूमिका

नेपालको संविधानले विपद् व्यवस्थापनलाई तीनवटै तहका सरकारको साझा अधिकारको सूचीमा राखेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन ऐन, २०७४; विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन नियमावली, २०७६; स्थानीय सरकार संचालन ऐन, २०७४ र स्वास्थ्य सेवा ऐन, २०७५ तथा जनस्वास्थ्य सेवा नियमावली, २०७७ ले प्रवन्ध गरेको स्थानीय सरकारको विपद् तथा स्वास्थ्य संकट व्यवस्थापन सम्बन्धी काम कर्तब्य र अधिकार अनुसार गाउँपालिकाले विपद् व्यवस्थापन सम्बन्धि आवश्यक नीति, रणनीति तथा योजना तयार गर्न, ऐन नियम तथा कार्यविधि तयार गर्न, अध्ययन अनुसन्धान र विपद् जोखिमको लेखाजोखा गर्न गराउन, विपद् प्रतिकार्यका लागि आवश्यक पूर्वतयारी गर्न तथा प्रतिकार्य संचालन गर्न सक्दछ । यसै आधारमा सिम्ता गाउँपालिकाले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ ।

यस क्षेत्रमा बारम्बार भइरहने प्रमुख विपद्का घटनाहरूलाई मध्यनजर गरी समान्य पूर्वतयारी योजना र विषय क्षेत्रगत आवश्यकतालाई सन्तुलित र एकीकृत रूपमा सम्बोधन गर्न ६ वटा विषयगत क्षेत्र निर्धारण गरी विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार गरिएको छ । त्यसै गरी बारम्बार आईरहने तथा भविष्यमा हुनसक्ने स्वास्थ्य संकटलाई मध्यनजर गरी स्वास्थ्य संकट पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरुलाई समेत यस योजनामा समेटिएको छ । गाउँपालिकाले विपद् व्यवस्थापन सम्बन्धि आफ्नै आन्तरिक स्रोत, विकास साझेदार संस्थाहरूको सहायता तथा निजी एवम् सामाजिक क्षेत्रसँगको साझेदारीमा यस योजनाको कार्यान्वयन गरिनेछ । विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीका गतिविधिहरूलाई गाउँपालिकाका सम्बन्धित विषय क्षेत्रका योजना तथा कार्यक्रमहरूसँग समायोजन र एकिकरण गरी विपद् जोखिम सुसूचित विकासको अभ्यास मार्फत गाउँपालिकाको उत्थानशीलता विकास गरिनेछ । यस योजनाको कार्यान्वयनबाट पर्याप्त पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गरी विपद् तथा स्वास्थ्य संकटबाट हुनसक्ने क्षति एवम् नोक्सानी घटाउन गाउँपालिकालाई सहयोग पुग्नेछ भन्ने विश्वास गरिएको छ ।

यस गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको निम्ति सहकार्यका एवम् प्राविधिक सहयोगको लागि यूएस एड, भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (एनसेट) र स्वास्थ्यको लागि सक्षम प्रणाली कार्यक्रमलाई धन्यवाद दिन चाहन्छु । यस योजना तर्जुमाको क्रममा पालिका स्तरीय विपद् व्यवस्थापन समितिमा रहेर काम गर्नुहुनेसमितिका सदस्यहरु, सबै वडाका वडाध्यक्ष तथा वडा विपद् व्यवस्थापन समितिका सदस्यहरू तथा विभिन्न छलफलमा सहभागी भई सल्लाह सुझाव दिनुहुने सरोकारवाला संस्थाका प्रतिनिधिहरु, विषयगत क्षेत्रका सदस्यहरु, त्यसैगरी योजना तर्जुमाको लागि योगदान गर्नुहुने यस गाउँपालिकाका उपाध्यक्ष, विषयगत समितिका संयोजकहरू, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखाका अधिकृतहरूलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद!
कविन्द्र कुमार के.सी.
अध्यक्ष
सिम्ता गाउँपालिका, सुर्खेत
२०७९, बैशाख

सारांश

महाभारत पर्वतीय श्रृंखला तथा भेरी नदीको किनारमा अवस्थितसिम्ता गाउँपालिका भूकम्पीय लगायत अन्य भौगर्भिकर मौषमजन्य प्रकोपहरूको अति उच्च जोखिममा रहेको छ। प्रत्येक वर्ष भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी तथा सडक दुर्घटनाको कारणलेठुलो मात्रामा मानवीय तथा आर्थिक क्षतिव्यहोर्नु परेको छ। नेपाल डिसईन्भेन्टर प्रणालीमा अभिलेख भएको तथ्याङ्क अनुसार सन १९७१ देखि २०१७ कोअवधिमासिम्ता गाउँपालिकामा २८ प्रकारका विपद्जन्य घटनाहरुको कारण५४ जनाको मृत्यु हुनुको साथै हजारौं जनसंख्या प्रभावित भएको दखिन्छ। यसका साथै सयौं भवनहरु पूर्णरुपमा क्षति भएको देखिन्छ ।तसर्थ, यस्ता मानवीय तथा भौतिक क्षतिलाई कम गर्नको लागि स्थानीय स्तरमा पूर्वतयारी योजना तथा क्षमताको विकास गर्नु आवश्यक पर्दछ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना यसको लागि पहिलो शर्त हो। विपद्बाट हुने मानवीय तथा भौतिक क्षतिलाई कम गर्नको लागि आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई एक आधारशिला मानिन्छ।

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले गाउँपालिकास्तरमा हुन सक्नेप्राकृतिक तथा मानवीयघटनाहरूमा केन्द्रित रहेरप्रतिकार्य योजनाको रुपरेखा तयारगरेको छ । पूर्वतयारी तथा प्रतिकार्यको लागि जिम्मेवार स्थानीय सरोकारवाला संघसंस्थाहरूको पहिचान गरेकोछ साथै आपत्कालीन अवस्थामा गरिने प्रतिकार्यका लागिरूपरेखा प्रस्तुत गरेको छ । त्यसैगरी समुदायका सदस्यहरू तथा सामान्य जनतालाई पूर्वतयारी तथा प्रतिकार्य गर्नको लागिउपयोगी विभिन्नजानकारीहरु प्रस्तुत गरेको छ। यस योजनाले स्थानीय रूपमा उपलब्ध मानवीय सहायतामा संलग्न संघसंस्थाहरूलाई मानवीय तथा भौतिक क्षति कम गर्नका लागि प्रशस्त मात्रामा मार्गदर्शन प्रदान गर्दछ ।यद्यपि योजनाले प्रत्येक प्रकोपजन्यपरिस्थितिलाई समेट्दैन । त्यसैले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागिनमूना आधारभूत व्यवस्थापनको साथै मानवीय सहायतामा संलग्न संघसंस्थाहरुलाई अधिकतम तह सम्म रहेर प्रतिकार्य गर्न सक्षम बनाउनदिशानिर्देश गर्दछ। स्थानीय सरकारआपत्कालीन वा गम्भीर घटनाहरूको व्यवस्थापनका लागि पूर्ववत रुपमातयारीरहन, प्रतिकार्य गर्न, क्षति घटाउनकालागि योजना तयार गरी प्रकोपको असर कम गर्न हरसम्भव तत्पर रहन नितान्त आवश्यक छ।

विपद् पूर्वतयारीले स्थानीय सरकार, समुदाय, व्यक्तिहरूलाई विपद्को अवस्थामा प्रभावकारीरुपले सामना गर्न सक्ने क्षमता बढाउन सहयोग गर्दछ । पूर्व तयारी भित्र आपत्कालीन योजनाको निर्माण, सचेत गराउने प्रणालीको विकास र अभिलेखको व्यवस्था पर्दछ । विपद्लाई आपत्कालीन व्यवस्थापन गर्न र विपद्को समयमा खोज, उद्धार, राहत जस्ता कार्य गर्नका साथै उत्थानशील समुदाको निर्माणका लागि विपद् प्रतिकार्य योजना आवश्यक पर्दछ । विपद् व्यवस्थापनका विभिन्न चरणमा गरिने कार्यहरू मध्ये विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एक सानो अंश मात्र हो । यस योजनाले विपद् पर्नु पहिले र विपद्को तत्कालीन प्रभाव समाप्त नभएसम्म गरिने कार्यबाहेक अन्य विषयलाई समेटेको हुँदैन ।

विपद्मा परेका व्यक्ति तथा समुदायको तत्काल खोजी र उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउन स्थानीय सरकार, गैरसरकारी निकाय तथा र नीजि क्षेत्रका सरोकारवालाहरूको संलग्नता अभिवृद्धि गरी विपद्बाट प्रभावित परिवारहरूलाई सहयोग गर्नुपर्ने आवश्यकता महसुस गर्दै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ तयार गरिएको हो ।

संक्षिप्त शब्दावली(Abbreviations)

Q

CDO	Chief District Officer(प्रमुख जिल्ला अधिकारी)
ACDO	Assistant Chief District Officer(सहायक प्रमुख जिल्ला अधिकारी)
CSSR	Collapsed Structure Search and Rescue(भत्केका संरचनामा गरिने खोज तथा उद्धार कार्य)
DCC	District Coordination Committee (जिल्ला समन्वय समिति)
PHSO	Public Health Service Office (जनस्वास्थ्य सेवा कार्यालय)
DDMC	District Disaster Management Committee (जिल्ला विपद् व्यवस्थापन समिति)
DEOC	District Emergency Operations Center (जिल्ला आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्र)
HWs	Health Worker (स्वास्थ्य कार्यकर्ता)
DCO	District Coordination Officer (जिल्ला समन्वयअधिकारी)
MFR	Medical First Responder (आपत्कालीन उपचारकर्ता)
MIRA	Multi-Cluster Initial Rapid Assessment (बहुक्षेत्रीय क्षति लेखाजोखा)
NGO	Non-governmental Organisation (गैर सरकारी संगठन)
NDRRMA	Nepal Disaster Risk Reduction and Management Authority (राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण)
NRCS	Nepal Red Cross Society (नेपाल रेडक्रस सोसाइटी)
NEOC	National Emergency Operations Center (राष्ट्रिय आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्र)
LEOC	Local level Emergency Operations Center (स्थानीय आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्र)
MEOC	Municipal Emergency Operations Center (नगर स्तरीयआपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्र)
NFI	Non Food Items (गैर खाद्य सामाग्री)
NSET	National Society for Earthquake Technology–Nepal (भूकम्प प्रविधी राष्ट्रिय समाज नेपाल)
RRT	Rapid Response Team (द्रुत प्रतिकार्य टोली)
RM	Rural Municipality (गाउँपालिका)
UN ISDR	United Nations International Strategy for Disaster Reduction (संयुक्त राष्ट्र संघ विपद् कमीका लागि अन्तर्राष्ट्रिय रणनीति)

विषय सूची

भूमिका 1

सारांश 2

संक्षिप्त शब्दावली (Abbreviations) 3

खण्ड १ : परिचय 7

१.१ पृष्ठभूमि 7

१.३ योजनाको विकास प्रक्रिया र विधिहरू 8

१.४ सीमितता 11

खण्ड २ : सिम्ता गाउापालिकाको प्रकोप, संकटासन्नता र क्षमता आंकलन 12

२.१ प्रकोप आंकलन 12

२.२ प्रकोप/विपद् प्राथमिकीकरण 19

२.३ संकटासन्नता लेखाजोखा (Vulnerability Assessment) 20

२.४ क्षमता लेखाजोखा (Capacity Assessment) 20

खण्ड ३ : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना 29

३.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य 29

३.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य गतिविधि सञ्चालन गर्नका लागि विद्यामान कानूनी व्यवस्था 29

३.३ सिम्ता गाउापालिकामा कार्यरत मानवीय सहायतामा संलग्न संघसंस्थाहरुको पहिचान 30

३.४ स्थानीय आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्रको स्थापना (Local Emergency Operation Center) 31

३.४.१. सूचना संकलन, विश्लेषण र समन्वय 31

३.४.२. आवश्यक्तानुसार श्रोत साधनको व्यवस्थापन र वितरण 31

३.४.३. समन्वय तथा वर्तमान र भविष्यका आवश्यकताहरूको निर्धारण 32

३.४.४. नीति निर्देशन प्रदान गर्ने 32

३.५ स्थानीय सरकार तथा स्थानीय विपद् व्यवस्थापन समितिसंग समन्वय 32

३.६ केन्द्र/जिल्ला तहमा रहेका आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्र (N/DEOC) सँग समन्वय 32

३.७ क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवीय सहायतामा संलग्न संघ संस्थाहरूसाग समन्वय 32

३.८ गाउपालिकास्तरीय विभिन्न विषयगत समिति र उपसमितिहरूको गठन 33

३.९ विषयगत समिति र उपसमितिहरुको अगुवा व्यक्ति र सम्पर्क विवरणहरू 36

३.१० विषयगत समिति र उपसमितिहरुस'ग उपलब्ध संसाधन र क्षमता 39

खण्ड ४: विपद् परिदृश्य, पूर्वतयारी र प्रतिकार्य योजना 41

४.१ सिम्ता गाउापालिकाको सम्भावित विपद् परिदृश्य 41

४.२ विपद् पूर्वतयारी र प्रतिकार्य योजना – भूकम्प 42

४.३ विपद् पूर्वतयारी र प्रतिकार्य योजना – पहिरो 47

४.४ विपद् पूर्वतयारी र प्रतिकार्य योजना – बाढी 49

४.५ विपद् पूर्वतयारी र प्रतिकार्य योजना – आगलागी 52

४.६ विपद् पूर्वतयारी र प्रतिकार्य योजना – महामारी 55

४.७ कोभिड–१९ महामारी (Corona Virus- COVID-19) 61

खण्ड ५: योजना कार्यान्वयन र समीक्षाका लागि रणनीति 63

५.१ योजनाको सक्रियता 63

५.२ योजनाको कार्यान्वयन 63

५.३ योजनाको नियमित समिक्षा र अद्यावधिक गर्दै लैजाने 63

खण्ड: ६ प्रतिवेदन तथा अभिलेखन 65

६.१ प्रतिवेदन तथा सञ्चार 65

६.२ संस्थागत व्यवस्था 65

६.३ अभिलेखीकरण 65

६.४ अनुमोदन प्रक्रिया 65

खण्ड ७: अनूसुची 66

अनुसूची-१:विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यदलको काम कर्तब्य र अधिकार 66

७.१ **बैठकका छलफलहरु** 66

७.२ **गाउस्तरीय विपद् व्यवस्थापन समिति** 68

७.३ **सिम्ता गाउपालिकाका प्रमुम उपप्रमुख तथा जनप्रतिनिधिहरुको सम्पर्क विवरण** 69

७.४ **गाउपालिकामा रहेका विभिन्न स्वास्थ्य केन्द्रको सम्पर्क विवरण** 71

७.५ **गाउपालिका क्षेत्रमा पहिचान गरिएका विभिन्न खुला क्षेत्रहरु** 71

परिभाषित शब्दावली 73

एट्लस 77

सन्दर्भ सामग्रीहरू 85

खण्ड १ : परिचय

१.१ पृष्ठभूमि

सुर्खेत जिल्लाको उत्तर पूर्वि क्षेत्रमा पर्ने सिम्ता गाउँपालिका साबिकको घोरेटा, काफलकोट, आग्रिगाउँ, बजेडिचौर, राकम, काप्रिचौर, डाँडाखाली र खानीखोला गरी आठवटा गाउँ बिकास समिति मिलेर बनेको गाउँपालिका हो । सिम्ता गाउँपालिकालाई नौ वटा वडामा बिभाजन गरिएको छ । साबिकको घोरेटा गाउँ विकास समितिको सवै क्षेत्रलाई वडा नं १, काफलकोट गाउँ विकास समितिको सम्पूर्ण क्षेत्रलाइ वडा नं २ तथा आग्रिगाउँ गाउँ विकास समितिलाईहालको वडा नं ३ कायम गरिएको छ भने बजेडिचौर गाउँ विकास समितिका वडा नं ५ देखि ९ लाई हालको वडा नं ४ र साबिकबजेडिचौरकोवडा नं १ देखि ४ लाई हालको वडा नं ५ कायम गरिएको छ। त्यसै गरि साबिकको राकम गाउँ विकास समितिलाइ वडा नं ६, काप्रिचौर गाउँ बिकास समितिको समग्र क्षेत्रलाइ हालको वडा नं ७, साबिकको डाँडाखाली गाउँ विकास समितिकालाई हालको वडा नं ८ र साबिकको खानीखोला गाउँ विकास समितिका सवै वडालाई हालको वडा नं ९ कायम गरिएको छ । गाउँकार्यपालिकाको निर्णयानुसार यस गाउँपालिकाको केन्द्र हालको वडा नं. ६ राकमलाइकायम गरिएको छ । जिल्ला सदरमुकाम वीरेन्द्रनगर देखि १९ कोष पूर्वमा अवस्थित यो गाउँपालिका जिल्लाको निर्वाचन क्षेत्र नं १ मा पर्दछ । तुलानात्मक रुपमा उत्तर दक्षिण फैलिएको गोलो आकृती भएको यो गाउँपालिकाको अक्षांश २८° ६४' उत्तर सम्म र देशान्तर ८१° ८६' पूर्व सम्म फैलिएको छ । सिम्ता गाउँपालिकाका अधिकांश खेतियोग्य जमिनहरुमा सिंचाईको प्रयाप्तता छैनर आकाशे पानीमा आधारित छन् । यस गाउँपालिकाको कूल जनसंख्या राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार २४,२९८जना रहेको छ । जसमध्ये १०,७४० जना पुरुष र १३,५५८ जना महिला जनसंख्या रहेको छ ।



विपद् को संख्या (१९७१-२०१७)



विपद्वाट भएको मानवीय क्षति (१९७१-२०१७)

चित्र १:विभिन्न विपद् तथा त्यसवाट भएको क्षति, सिम्ता गाउँपालिका (सन १९७१.२०१७)

श्रोत: नेपाल डेसइन्भेन्टार डाटावेश, एनसेट २०७८

सिम्तागाउँपालिकाभूकम्प तथा भौगर्भिक र जलवायू परिवर्तनको हिसावले अत्यन्तै नाजुक क्षेत्र मानिन्छ (Bishop, Shroder Jr et al. 2002, Elliott, Jolivet et al. 2016)। हिमालयनश्रृंखलाको चलायमान प्रकृति र यसमा समाहित विभिन्न प्रक्रियाहरु (प्राकृतिक र सामाजिक) को कारण सिम्ता गाउँपालिकालेप्रत्येक बर्ष भूकम्प,

पहिरो, चट्टान तथा ढुङ्गा खस्ने, भूक्षय जस्ता विभिन्नविपद्को सामना गरिरहेको छ । नेपाल डेसइन्भेन्टारप्रणालीमा अभिलेख भएको तथ्याङ्क अनुसार सन १९७१ देखि २०१७ को अवधिमा सिम्ता गाउँपालिकामा २८प्रकारका प्राकृतिक प्रकोपका घटनाहरुका कारण२७ जनाको मृत्यु भएकोदखिन्छ। उल्लेखनीय तथ्य यो छ कि, मृत्युको ७३ प्रतिशत हावाहुरीका कारण, १८ प्रतिशत आगलागिबाटर ९प्रतिशत पहिरोबाट भएकोदेखिन्छ (**चित्र १**)। त्यसैगरी तथ्याङ्कअनुसारआगलागी (३३%) र बाढी (३३%),पहिरो (१७%), हावाहुरी (१७%)घटनाहरु अत्यधिक मात्रामा घट्ने गर्दछ ।तसर्थ भविष्यमा हुन सक्ने यस्ता सम्भावित जोखिम तथा मानवीय र भौतिक क्षतिलाई ध्यानमा राखीगाउँपालिकास्तरमा नै विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागी उचित योजनाको आवश्यकता पर्दछ ।

यसै सन्दर्भमा सिम्तागाउँपालिकामा हुनसक्ने मानवीय तथा भौतिक क्षतिलाई कम गर्नको लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको विकास गर्न खोजिएको छ। यस अन्तर्गत सिम्ता गाउँपालिकामा हुनसक्ने ठूलो प्रकोप/विपद् जोखिमको घटनाहरु अनुमान गरीएको छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले तय गरेका क्रियाकलापहरु कार्यान्वयन गर्नको लागी जिम्मेवार स्थानीय सरोकारवाला निकायहरुको पहिचान तथा, आपत्कालीन परिस्थितीमा प्रतिकार्य गर्नको लागिप्रक्रियाहरुको रूपरेखा, तथा मार्गदर्शन प्रदान गरिएको छ ।

यस योजनाले समन्वयात्मक र एकीकृत रुपमापूर्वतयारीका गतिविधिहरू सञ्चालन गर्न,आवश्यक प्रतिकार्य गर्न, र पुर्नलाभ प्राप्त गर्न सक्ने क्षमतामा सुधार गर्न सक्ने अपेक्षा गरिएको छ।

१.२ उद्देश्यहरू

समग्रमा यस योजनाको मुख्य उद्देश्य प्राकृतिक तथा मानवीय कारणले सिर्जित घटनाहरुको क्षतिलाईकम गर्न एवंम् मानवजीवन माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न, स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीतायुक्त मानवीय सहयोग उपलब्ध गराउनु रहेको छ ।यसका साथै यस योजनाले देहायकापुरक उद्देश्यहरू तय गरेको छ ।

- गाउँपालिकामा हुनसकक्नेसम्भावित प्रकोपहरूको पहिचान र प्राथमिकता निर्धारण गरिविपद् जोखिम न्यूनीकरणको बारेमा समुदायलाइ सचेत गराउने,
- सङ्कटासन्नताको लेखाजोखा तथा क्षमता विश्लेषण गर्न गाउँपालिकास्तरमा रहेका स्थानीय स्रोत साधनहरू पहिचान गर्ने,
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउने,
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि आधारभूत सहयोग उपलब्ध गराउने ।
- विपद्बाट हुने क्षति न्यूनिकरण गर्नकालागि छिटो र दिगो पुनर्वाससंयन्त्र तयार गर्ने।

१.३ योजनाको विकास प्रक्रिया र विधिहरू

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको विकास राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उपलव्ध अनुसन्धानत्मक लेख, विपद् सम्वन्धि पुस्तक, विभिन्न संघसंस्थाले प्रकाशित गरेका प्रतिवेदनहरुको समीक्षा र सिम्ता गाउँपालिकामा कार्यरत रहेकासरकारी तथा गैरसरकारीसंघसंस्थाहरूसँगको छलफल प्रक्रियाबाट शुरू गरिएको थियो। औपचारिक तथा अनौपचारिक रुपमा धेरै पटकछलफल तथा बैठकहरूको आयोजना गरी गाउँपालिकास्तरमाविपद्जोखिमकोअवस्था, संकटासन्नताको स्थिति, समुदायको सहभागिता रमानवीयसहायतामा संलग्न सरोकारवालाहरूसग पूर्वतयारी र प्रतिकार्यको बारेमा जानकारी प्राप्त गर्ने गरिएको थियो। यसका साथै भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट)का प्रतिनिधिहरूको टोलीले गाउँपालिकाको विभिन्न क्षेत्रमा प्रत्यक्ष रुपमा सहभागी भई जोखिमको अवलोकन, समुदाय संग छलफल, वडा अध्यक्ष तथा वडा प्रतिनिधिहरू संग वडा क्षेत्रमा जोखिमको अवस्था, आपत्कालीन प्रतिकार्यको प्रक्रिया तथाव्यवस्थापनसँग सम्बन्धित

छलफल पनि गरिएको थियो। यस बाहेक, गाउँपालिकाकाविपद्बाट भएको क्षति र प्रभावित क्षेत्रहरूको बारेमा अधिक जानकारी प्राप्त गर्न विभिन्न प्रकारको विपद् तथ्याकं र सूचनाहरुको पनि समीक्षा गरिएको थियो। साथै स्वास्थ्य संकटासन्नताको अवस्था विश्लेषण गर्न स्वास्थ्य क्षेत्रका सरोकारवाला निकायहरु संगको छलफल स्वास्थ्यको लागि सक्षम प्रणाली परियोजनाका प्रतिनिधिहरु मार्फत स्थानीय स्तरमा गरिएको थियो ।

यस योजनाकोविकासमा निम्न लिखित सात चरणहरू अनुसरण गरिएको थियो। पहिलो चरणमा गाउँपालिकाको जनप्रतिनिधीहरुसग बसेर यस योजनाको आवश्यकता, उद्देश्य, विधि पद्धाति, कार्यसम्पादनको वारेमा छलफल गरिएको थियो। दोस्रो चरणमास्थानीय स्तरमा रहेका मानवीय सहायतामा संलग्न निकाय तथा संघसंस्थाहरुको बारेमा जानकारी प्राप्त गर्ने, सूचना संकलन गर्ने आदि गतिविधिहरु सञ्चालन गरिएको थियो । विभिन्न प्रकारका अध्ययन र सम्वन्धितकागजातहरूका आधारमा सम्भावित प्रकोपहरूको नक्शाङ्कन र जोखिम मूल्याङ्कन तेस्रो र चौथो चरणमा गरिएको थियो ।त्यसैगरीप्रतिकार्य योजनाकाक्रियाकलापहरु तथा सम्बन्धित पक्षसँग अन्तरक्रिया पाँचौ चरणमा गरिएको थियो ।कार्ययोजनाहरुलाई योजनाबद्ध गर्नकार्ययोजनाको बारेमा छैटौं चरणमा पून छलफल गरिएको र सातौं एवंअन्तिम चरणमा कार्ययोजनाको प्रतिवेदन तयार पारिएको थियो।

तालिका १: आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना विकासको लागि अवलम्वन गरिएका प्रक्रियाहरु

क्र.स.	प्रक्रिया	अपेक्षित परिणाम
१	सन्दर्भ सामग्रीको समीक्षा	गाउँपालिकास्तरमाविपद् पूर्व तयारी तथा प्रतिकार्य योजना वनाउने सन्दर्भमा तयार पारिएका नीतिगत तथा कानूनी दस्तावेजहरु, विनाशकारी घटनाहरूको प्रतिवेदन सङ्कलन र पुनरावलोकन गरि जानकारी लिने ।
२	बिभिन्न चरणहरुको बैठक तथा छलफल	गाउँपालिका स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना वनाउन सरोकारवालाहरु वीच छलफलका साथै कार्यरत संघ-सस्था तथा निकायहरुको भूमिका तथासम्पर्क व्यक्तिको पहिचान गरि सूची तयार पार्ने, अद्यावधिक गर्ने, प्रकोप तथा जोखिम नक्शांकनको तयारी, जोखिमरूको ऑकलनर निर्दिष्ट प्रकोपहरु (भूकम्प, आगलागी, महामारी र पहिरो) को सामना गर्नपूर्वतयारी तथा प्रतिकार्य योजनाहरूको निर्माण गर्ने ।
३	समुदायस्तरमा सङ्कटासन्नता तथा क्षमताको लेखाजोखा ।	समुदायस्तरमा विपद् सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने, सङ्कटासन्नता तथा क्षमता विश्लेषण गर्न विभिन्न औजारहरू (VCA Tools) को प्रयोग गर्ने,
४	विगतका प्रकोप परिदृश्यहरूको समीक्षा, स्थलगत भ्रमण तथा समुदायहरू संगको छलफल	ऐतिहासिक तथ्याङ्क संकलन,प्रकोपको नक्शाङ्कन, स्तरीकरण, स्रोतको विश्लेषणका साथै प्रत्यक्ष अवलोकन तथा भेटघाट छलफल गरि वडा स्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषण (भि.सि.ए.) प्रतिवेदन तयार पार्ने ।
५	स्थानीय सरोकारवालाहरू बीच छलफल, विभिन्न विषयगत समितीहरुको चयन तथा सम्बन्धित पक्षसँग अन्तर्क्रिया	मानवीय सहायतामा संलग्न संघ-संस्थाहरू र निकायहरू वीच समन्वय बैठक र योजना निर्माणका लागि कार्यविधि तथा कार्यतालिका तयार पार्ने,विषयगत समितीहरुको गठन तथा बिभिन्न चरणमा छलफलगर्ने साथैसबै विषयगत निकायहरु संग अन्तरक्रिया गर्ने ।
६	दस्तावेज तयार पार्ने	बैठकमा गरिएका छलफल तथा विषयवस्तुको अभिलेखीकरण, सहभागिबाट आएको सूचना तथा योजना निर्माणका क्रममा वडा स्तरबाट आएका सङ्कटासन्नता तथा क्षमता विश्लेषण र वडा स्तरका योजनाहरुलाई समेट्दै विपद् जोखिम व्यवस्थापन श्रोत व्यक्ति र विपद् व्यवस्थापन समितिबाट संयूक्त रूपमा योजना लेख्ने कार्य सम्पन्न गर्ने ।
७	अनुमोदन तथा स्वीकृति	विभिन्न कार्यशालाबाट प्राप्त सुझावहरू, छलफल र अन्तर्क्रियाको संयोजन गर्दै, अन्तिम मस्यौदा गाउँपालिकाको विपद् व्यवस्थापन समितिमा पेश गरि समितीको बैठकबाट विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अनुमोदन गर्ने, साथै उक्त अनुमोदित दस्तावेज गाउँकार्यपालिकाको बैठकवाट स्वीकृत गर्ने ।

१.४ सीमितता

यो सिम्ता गाउँपालिकाको विपद् पूर्वतयारी र प्रतिकार्य योजना नेपाल सरकार, स्थानीय विकास मन्त्रालयले जारी गरेको **"स्थानीय विपद् जोखिम व्यवस्थापन योजना दिशानिर्देशिका २०६८"**(LDRMP२०६८) तथा नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालायले जारी गरेको **"स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७८", "नेपालको संविधान २०७२"**, सिम्ता गाउँपालिकाको **"विपद् जोखिम न्युनिकरण ऐन २०७५" "स्थानिय सरकार सञ्चालन ऐन २०७४", "विपद् जोखिम न्युनिकरण सम्वन्धि राष्ट्रिय नीति २०७५"**सिम्ता गाउँपालिकाका विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७६, र प्रदेश विपद् व्यवस्थापन २०७५ अनुसार तयार गरिएको छ।

योजनानिर्माणको क्रममा गाउँपालिकामा रहेर काम गर्ने विभिन्न स्थानीय निकाय र संघसंस्थाहरूलाई संलग्न गर्ने प्रयास गरिएको छ।आधारभूत जानकारीकोआधारमा प्रकोपको लेखाजोखा, सङ्कटासन्नता विश्लेषण र विभिन्न विपद् जोखिमहरू सामना गर्नको लागि क्षमता विस्तारमा जोड गरिएको छ । तथापी, यसले स्थानीय समुदायसँग विस्तृत परामर्श र अनुसन्धान गर्न सकेको छैन ।

यद्यपि यस योजनाले सिम्ता गाउँपालिकामा विपद्पूर्व तयारी र प्रतिकार्य योजनाको लागि महत्वपूर्ण खाका तयार गरेको छ। यसले आधारभूत व्यवस्थापन गर्न सकिने नमूना परिभाषित गर्न खोजेको छ र प्रत्येक व्यक्ति र मानवीय सहायतामा संलग्न साझेदार निकायहरूलाई अधिकतम स्तरसम्मउचित तवरले प्रतिकार्यगर्न दिशानिर्देशहरू प्रदान गर्न खोजेको छ। यस योजनालाई आगामी दिनमा समयमै अद्यावधिक र परिमार्जन गरेर गाउँपालिकाको विपद् व्यवस्थापनमा थप लाभहरू लिन सकिन्छ।

खण्ड २: सिम्तागाउपालिकाको प्रकोप, संकटासन्नता र क्षमता आंकलन

२.१ प्रकोप आंकलन

सिम्ता गाउँपालिका भित्र देखिएका जलवायूजन्य तथा गैर जलवायूजन्य प्रकोपहरु र ती प्रकोपहरुले विभिन्न वर्षहरुमा पुऱ्याएका क्षति र पुनरावृतिलाइ यस परिच्छेदमा समेटिएको छ । यस पालिकामा मूलतः बाढी (नदी कटान)। पहिरो, हावाहुरी, असिना, वन डढेलो, चटयाङ्ग, सुख्खा खडेरी, कोभिड महामारी, प्रकोपहरु जलवायुजन्य प्रकोपको रुपमा रहेको र भूकम्प, बन्यजन्तुको आक्रमण, आगलागी, पहिरो (मानव सिर्जित) प्रकोपहरु गैर जलवायूजन्य प्रकोपको रुपमा देखा परेका छन् ।

सिम्ता गाउँपालिकामा भूकम्पीय जोखिमठूलो मात्रामा जनधनको क्षति गर्न सक्ने प्रमुख प्रकोपको रुपमा देखिएको छ। यद्यपि बाढी, पहिरो, आगलागी, हावाहुरी,झाडापखाला र महामारी जस्ता घटनाहरुले प्रत्येक बर्ष केही न केही मात्रामा क्षति गरिरहेको हुन्छ । यी घटनाहरूले जनधनको क्षति न्यून मात्रामा गरेता पनि मानव समाज र वातावरणमा ठुलो मात्रामा असर गरिरहेको हुन्छ। बिशेषगरीगाउँपालिकाका केही गाँउहरु जस्तै डाँडाखानी, चुनपानी, अग्निगाँउ, सिमलगाउँ, र पिल्कामा पहिरोको जोखिम सबैभन्दा उच्च रहेको छ। भौगोलिक विकटताको कारणले पहिरोको घटना प्रायजसो घातक भैरहेको हुन्छ । यद्यपि समयक्रममा समुदायहरूले स-साना पहिरोको घटनाबाट हुने क्षतिलाई कम गर्न केही उपायहरू सिकेका छन् । तर पनि जनसंख्या वृद्धि,जीविकोपार्जनका स्रोत साधनको अभाव,प्रकोप न्यूनीकरण र प्रतिकार्यका लागि संगठित संयन्त्रकोअभावका कारण पहिरोकोजोखिम दिनप्रतिदिनबढदै गइरहेको छ।

भूकम्प प्रविधी राष्ट्रिय समाज नेपाल (एनसेट) को टोलीले२०७७ साल चैत्र महिनामा गरेको अवलोकन भ्रमण अनुसार पहिरोकोसुरुवात र विस्तार विशेष गरी मानवीय बस्तीको वरिपरितथानदी, खोला र सडक (सुर्खेत-जाजरकोट) को दायाँबायाँधेरै मात्रामा फैलिएको पाइएको थियो।धेरैजसो पहिरो जमीनको सतही भाग मात्रै बगेको देखिएको थियो भने केही पहिरोहरू धेरै ठुलो र गहिरो पनि देखिएको थियो।स्थानीयवासीका अनुसार धेरैजसो पहिरो मनसुनी बर्षातको कारण शुरु भईराखेको हुन्छ, भने मानवीय गतिविधीहरु जस्तै सडक तथा बाटोघाटो निर्माण, खानेपानी पाईपलाईन बिछ्याउने, कुलो खन्ने, खानी उत्खनन् तथा छाडा चौपायाचरणको कारणले थप मात्रामा बृद्धि भईराखेको हुन्छ ।

सिम्ता २ काफलकोट पम्फा बि.क.को घरको छाना २०७८ को हुरीबतासले उडाएको	सिम्ता वडा नं. १, रोगारय सडक माथिको पहिरो, कृष्ण विक्रम हमालको घर जोखिममा

२०७९ हुरीबतासको कारण सिम्ता ३, आग्रीगाउँको स्वास्थ्यचौकी भवनको छाना उडाएको

सिम्ता गाउँपालिका भेरी नदीले घेरिएको छ । यी बाहेक सिम्ता खोला, जुगई खोला,काली खोला र अन्य पनि ससाना खोलाहरु रहेकाछन् । यस क्षेत्रमा पूर्वदेखि पश्चिम भई बग्ने भेरीनदी र यसका सहायक नदी तथा खोलाहरूलेवर्षेनी लाखौं मेट्रिक टन उर्बरा माटो बगाउनुकोसाथै बाढीको सम्भावनालाई द्रुत गतिमा फैलाउँदैलगेको पाइन्छ । साथै विगतका वर्षहरु भन्दा बाढीको क्षतिबढी रहेको छ । बाढीबाट डुवानको समस्या नभएपनि विभिन्न खोलाहरुको कारण खेतीयोग्य जमिनविनाशतथा जन धनको क्षती भईरहेकोछ । यस ठाउँमाखोला बस्ती भएर बग्ने र जलवायु परिबर्तनकाकारण वर्षाको मात्रामा बढोत्तरी हुने आँकलनगरेकाले पनी भविष्यमा यो समस्या अझ जटिलहुने देखिन्छ ।

बाढी/नदी कटानको दृष्टिले राकम, आग्रीगाउँ,सालखोला, बाँखर्क, औली, भ्यामा, गजौडा,ज्यामिचौर, राकम, ठिग्नी, गोजी बजार, चुनपानीक्षेत्रहरू जोखिममा छन् । सिम्ता गाउँपालिकामा बाढीले विगत वर्षहरुमा विभिन्न वडाहरुमा असर गर्दै आईरहेको हुँदा यी प्रकोपहरुको गम्भिरता र पुनरावृतिलाई तालिका नं. २ मा समावेश गरिएको छ ।

तालिका २: विभिन्न समय अवधिमाबाढीको कारण भएको क्षति, सिम्तागाउँपालिका

क्र.स.	वर्ष (वि.स.)	बाढीले विगतका वर्षहरुमा पुऱ्याएको क्षति नोक्सानी	स्थान/वडा नं.
१	२०४०	४ घर र ३०० रोपनी खेत बगाएको, जस्ले ३०० घर प्रभावित ५ लाख वरावरको क्षति	वडा नं. ८, डाडाखानी
२	२०४२	५ मान्छे, १५ घर, १ पानी घट्ट, ४० रोपनी खेत बगाएको, ३ लाख बराबर घनमालको क्षति	वडा नं. ७, सिम्ता खोला, गोजी बजार, पाखापानी बस्ती
		१ घर बगाएको	वडा नं. ५
३	२०४७	१ जना बच्चाको मृत्यू, ६५ रोपनी खेत बगाएको, १० वटा चौपाया बगाएको	सिम्ता खोला
४	२०४७	१ जना बच्चाको मृत्यू, १० चौपाया बगाएको	जुगई खोला
५	२०४८	४ विघा जमिन बगाएको, १गोरु बगाएको	खानीखोला, छारेगाउँ
६	२०५०	२ घरपरिवारको जग्गा जमिन, १गोरु र १ भैंसी मरेको	वडा नं. ५, रोकाया टोल
		१ जना बालिकालाई सजे खोलाले बगाएको जग्गामा बाढीले	टिमुरे बस्ती, खाराको बस्ती,

क्र.स.	वर्ष (वि.स.)	बाढीले विगतका वर्षहरुमा पुऱ्याएको क्षति नोक्सानी	स्थान/वडा नं.
		क्षति गरी माटो बगाएको	डोबखोला बस्ती
७	२०५६	३ वटा भैंसी, २ वटा पसल र ५ रोपनी खेत बगाएको	वडा नं ४
८	२०५७	१ जनाको मृत्यू, १० चौपाया बगाएको,५० रोपनी खेत बगाएको, ८ वटा घर बगाएको	साबिक ४ र ३ वजेडा, सिम्लेआली
९	२०६२	पानीखोलाले १ मान्छे बगाएको	वडा नं. ५
१०	२०६३	सिचाई कुलो बगाएको, खेतीयोग्य जग्गा बगाएको, १० लाख बराबरको आर्थिक क्षति भएको	वडा नं.९
११	२०६४	२४ रोपनी खेत कटान, ५ वटा गाई गोरु बगाएको, १ घर बगाएको	साजीरखोला
१२	२०६८	जग्गा बगाएको, अन्नपातको नष्ट	वडा न.८, चौखेढुंगा
१३	२०६९	१५ विघा जमिन बगाएको, १ जना बच्चा बगाएको	आतातिउरी
१४	२०७०	१ घर, १ मान्छे बगाएको, बर्षेनी १७० रोपनी कटान हुने गर्दछ, ५८ घरधुरी प्रभावित हुने	वडा नं. ५, आलि हिलो सोता
		गोजी बजारको पाखापानी बस्तीनै धसिएर तल सरेको, ८० घर भत्केको	वडा नं. ७, राता खोला बस्ती, मा.वि. काप्रीचौर जाने कात्तिके खोला नजिकको सडक
		२०० रोपनी खेतवारी बगाएको, ६० लाख बराबरको क्षति भएको	वडा नं. ७, तामाधारी बस्ती
१५	२०७१	५ वटा घर बगाएको, १५ लाख बराबरको क्षति	वडा नं. ५, नाडा, कालीखोला
१६	२०७१	१० रोपनी खेत बगाएको	वडा नं.७, सुनारटोल, खत्रीटोल
		मृत्यू १ जना, १४ वटा घरको क्षति, ७० रोपनी खेत बगाएको	गोजी बजार सिम्ता
		१ घर, १५ रोपनी जग्गा बगाएको	सिम्ले आली
१७	२०७२	२ मान्छे, ६ चौपायाको खोलाले बगाएर मृत्यु, १० रोपनी खेत बगाएको	वडा नं. ३, सेरा
		१ घर बगाएको, ३० रोपनी खेतीयोग्य जमीनमा क्षति, १० लाख बराबरको आर्थिक क्षति	वडा नं. ६
१८	२०७३	जुगई खोलाले २ मान्छे बगाएको	वडा नं. २
१९	२०७५	भेरी नदीले २ मान्छे बगाएको	वडा नं ६
२०	२०७८ श्रावण	सरस्वति प्रा.वि. को भवन बाढीले पुरेको	सिम्ता ७, डोबखोला

श्रोतः नेपाल डेसइन्भेन्टार डाटावेश, एनसेट २०७८ र सिम्ता गाउँपालिका

पहिरो

सिम्ता गाउँपालिकामा विगत वर्ष भन्दा पहिरोको क्षति बढी रहेको छ । विगतवर्षहरुमा वर्षाको समयमा कमजोरभु-बनोट रहेका वनजंगलकाछेउछाउहरुमा पहिरो जाने गर्दथ्योभने हाल अव्यवस्थित रुपले

सडकविस्तार/निर्माण गर्दा पहिरो जानेगरेको छ । साथै जलवायुमा आएकोपरिवर्तन र भविष्यमा आउने परिवर्तनलेयसको प्रकोप अझ बढ्ने देखिन्छ ।पानीका मात्रामा बढोत्तरी हुँदा रअव्यवस्थित रुपले सडक विस्तार/निर्माण गर्दा पहिरो र सुख्खा पहिरोको घटनाबढ्ने देखिन्छ ।

त्यसैगरी भू-क्षयको दृष्टिकोणले राकम,बजेडीचौर, खानीखोला पौवा, मुग्राहा तथाआग्रीगाउँका बस्तीहरु अति सम्वेदनशीलरहेका छन् । सिम्ता गाउँपालिकामा पहिरोले विगत वर्षहरुमा प्राय: सबै वडाहरुमा क्षति पुऱ्याएकोले यी प्रकोपहरुको गम्भिरता र पुनरावृतिलाई तालिका नं. ३ मा समावेश गरिएको छ ।

तालिका ३: विभिन्न समय अवधिमा पहिरोको कारण भएको क्षति, सिम्ता गाउँपालिका

क्र.स.	वर्ष (वि.स.)	पहिरोले विगतका वर्षहरुमा पुऱ्याएको क्षति नोक्सानी	स्थान/वडा नं.
१	२०४०	वनजंगंलको क्षति भएको	वडा नं. ९, मुग्रे
२	२०४२	३ वटा घर पुरिएको, ५० रोपनी जग्गा नष्ट, ५ लाख वरावरको क्षति	वडा नं. ८
३	२०५५	चुउरे खोला नजिकको घर भत्काएको र धनजनको क्षति	वडा नं. ६
४	२०६१	३ वटा घर पुरिएको, १५ रोपनी जग्गा क्षति	वडा नं. १, रचेना
५	२०६२	खनेपानी मुहान पुरिएको, १६ रोपनी जग्गा पुरिएको, २० घरधुरीको	वडा नं. ५
६	२०७०	गोठ तथा पशु पुरेको	वडा नं. ५
७	२०७१	खेतीयोग्य जमिन बगाएको	वडा नं. ८, पिलकाडा
८	२०७२	खनेपानीको पाइप र ९ रोपनी जग्गा बगाएको	वडा नं. २, रानीखोरी
		२ रोपनी खेतमा क्षति भएको	वडा नं. ९, खानीगाउको गितारा
		कुल बहादुर रानाको ७ रोपनी जग्गा पुरेको	वडा नं. ८, सीनगैरी
९	२०७३	१० घरधुरीको १० रोपनी जग्गा पुरेको	वडा नं. ४
१०	२०७५	भीम ब. खत्रीको ४ रोपनी जग्गा पुरेको	वडा नं. १, केउरेनी, डाडाखाली
११	२०७८ श्रावण	जनजागृती प्रा.वि.को गाह्रो ढलेको	सिम्ता ६, राकम
१२	प्रत्येक वर्ष	सुख्खा पहिरो	वडा नं.३, ठार बस्ति धुलपैरो
१२	२०७९	२ घर क्षति	वडा नं. १, रोगारय

श्रोत: नेपाल डेसइन्भेन्टार डाटावेश, एनसेट २०७८ र सिम्ता गाउँपालिका

आगलागी र वन डढेलो

आगलागीले साधारणतया बाढी तथा पहिरो भन्दा कम ज्यान लिएको देखिन्छ तर यसले बाढी तथा पहिरोको तुलनामा भौतिक क्षति बढी गरेको हुन्छ । आगलागी प्राय:जसो खरका छाना भएका घरहरुमाबढि देखिएको र हाल २६८७ वटा (५३ प्रतिशत) घरहरु खरका छाना भएकोले भविश्यमा पनिआगलागीको संभावना देखिन्छ । वन डढेलोले हरेक वर्ष वन, वन्यजन्तु, वनस्पति, वन पैदावार आदिकुराहरुमा ठूलो क्षति पुऱ्याइरहेको अवस्था छ । केही अध्ययनले यो जिल्लामा तापक्रममा १.८सेन्टिग्रेडसम्म बढ्ने प्रक्षेपण गरे अनुसार भविष्यमा यो समस्या झन जटिल हुने देखिन्छ । सिम्ता गाउँपालिकामा आगलागीले विगत वर्षहरुमा केहि वडाहरुमा क्षति (हानी, नोक्सानी पुऱ्याएकोले यो प्रकोपको गम्भिरता (कठोरता) र पुनरावृत्तिलाई तालिका नं. ४ मा समावेश गरिएकोछ।

तालिका ४: विभिन्न समय अवधिमा आगलागी र डढेलोको कारण भएको क्षति, सिम्ता गाउँपालिका

क्र.स.	वर्ष (वि.स.)	आगलागीले विगतका वर्षहरुमा पुऱ्याएको क्षति तथा नोक्सानी	स्थान/वडा नं.
१	२०५५	१ घर जलेको	वडा नं ७, पाखापानी
२	२०५७	मानविय क्षति	वडा नं ६, रावत टोल
३	२०५९	१ घर जलेको	वडा नं ७, तामाकाँडा
४	२०६३	वन्य जन्तु तथा वनस्पतीको नाश	वडा नं ७
५	२०६४	वन डढेलोमा परिएकको मृत्यु भएका	वडा नं २, नयाँटोल,लामिमेला
६	२०६५	८ घर जलेको, लक्ष्मी सामुदायिक वन नष्ट भएको	वडा ६, सींहटोल
७	२०६६	१ घर जलेको	वडा नं ७, थारि
		डल बहादुर वलीको घर र बाखागोठ आगलागी भइ ६ वटा बाखा मरेको	वडा नं १
८	२०६८	२ घर जलेको, २ लाख वरावरको क्षती	वडा नं ८
		११ घर जलेर पूर्ण रुपमा नष्ट भएको १५ लाख वरावरको क्षती	वडा न २, पिल्का
९	२०७३	२०७३ पशुपन्छि पूर्णरुपले जलेको	वडा नं ५,उपल्लो खानी
		खरको छाना भएको ८ वटा घरमा क्षती	वडा नं ९
		१ घर जलेको	वडा नं ७, नयाँगाउँ
१०	२०७५	७ वाखा जलेर मृत्यु भएको	वडा नं १, रचेना
		सुरेश दमाइको १ घर, २ गोरु, १ भैसी जलेर नष्ट भइ १.५ लाख वरावरको क्षती	वडा नं १, रचेना

श्रोतः नेपाल डेसइन्भेन्टार डाटावेश, एनसेट २०७८ र सिम्ता गाउँपालिका

चट्याङ्ग

सिम्ता गाउँपालिकामा चट्याङ्गले विगत वर्षहरुमा केहि वडाहरुमा क्षति प'ऱ्याएकोले यो प्रकोपकोगम्भिरता (कठोरता) र पुनरावृत्तिलाई तालिका नं. ५ मा समावेश गरिएको छ ।

तालिका ५: विभिन्न समय अवधिमा चट्याङ्गको कारण भएको क्षति, सिम्ता गाउँपालिका

क्र.सं.	वर्ष (वि.सं.)	चट्याङ्गले विगतका वर्षहरुमा पुऱ्याएको क्षति	वडा नं.
१	२०७१	१ वटा घरमा क्षती	वडा नं १
२	२०७२	२ वटा घरमा क्षती	वडा नं १
		१ किशोरी अमृता खत्री को मृत्यु भएको र २ घाईते	सिम्ता दह, वडा नं ९
३	२०७३	२ वटा घरमा क्षती, २ मान्छे मरेको	धिमाने टोल, मुग्रे, ९

श्रोतः नेपाल डेसइन्भेन्टार डाटावेश, एनसेट २०७८ र सिम्ता गाउँपालिका

हावाहुरी, असिना

विगत वर्षहरुलाई हेर्दा हावाहुरीको वहाव बढदै गएको छ । असिनाको पनि क्षति बढ्दो क्रममा रहेको हुँदा दुवै प्रकोपहरुको कारण तरकारी, फलफूल र भौतिक संरचना (जस्तै घर, विद्यालय) जोखिममाछन् । सिम्ता गाउँपालिकामा हावाहुरी, असिनाले विगत वर्षहरुमा हानी, नोक्सानी पुऱ्याई रहेकोले यीप्रकोपहरुको गम्भिरता र पुनरावृत्तिलाई तालिका नं. ६ मा समावेश गरीएको छ ।

तालिका ६: विभिन्न समय अवधिमा हावाहुरी तथा असिनाका कारण भएको क्षति, सिम्ता गाउँपालिका

क्र.सं.	वर्ष(वि.सं.)	हावाहुरीले विगतका वर्षहरुमा पुऱ्याएको क्षति	वडा नं.
१	२०४३	१ विद्यालयको छाना उडाएको	वडा नं ४
२	२०५३	१ स्कुल र ८ घरको छाना उडाएको	वडा नं ५
३	२०५४	६ वटा घरको छाना उडाएको, ३ लाख वरावरको क्षती	वडा नं ८
४	२०६२	११ वटा घरको छाना उडाएको, २ विद्यालय	वडा नं ५
५	२०७२	५० वटा घरको छाना उडाएको	वडा नं १
		ने .रा.प्रा.वि पोखराको विद्यालयको छाना फालेको	वडा नं ८
६	२०७४	ने.रा.मा. वि खेल्नेचौरको २ वटा भवनको छाना उडाएको	वडा नं ८
७	२०७४	ठिग्नी मा १ घरको छाना उडाएको	वडा नं. ६ ठिग्नी
८	२०७५	सामुदायिक सिकाइकेन्द्रको भवनको छाना उडाएको	वडा नं ८, डाडाँखाली
९	२०७८	पम्फा बि.क.को घरको छाना उडाएको	सिम्ता २ काफलकोट
१०	२०७९/०१/१६	श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको छाना उडाएको	सिम्ता ५, सिमा
११	२०७९/०१/१६	स्वास्थ्यचौकी भवनको छाना उडाएको	सिम्ता ३, आग्रीगाउँ
क्र.सं.	**वर्ष (वि.सं.)**	**असिनाले विगतका वर्षहरुमा पुऱ्याएको क्षति**	**वडा नं.**
१	२०५३	२०० रोपनीमा लगाएको गहुँ वालि नष्ट	टमटेना
२	२०६०	७० विघा जमिन नष्ट	वडा नं १, २, ३ र ४
३	२०६३	१०० रोपनीमा लगाएको गहुवालि नष्ट	साबिक घोरेटा
४	२०६७	गहुँ खेतीमा असर परेको	पुरै वडामा
५	२०७३	असिनाले खाद्यान्न बाली र फलफुल गरि १० लाख बराबरको क्षति प'ऱ्याएको	वडा नं १ देखी ६, डाडाँखाली

श्रोतः नेपाल डेसइन्भेन्टार डाटावेश, एनसेट २०७८ र सिम्ता गाउँपालिका

बन्यजन्तु

सिम्ता गाउँपालिकामा बन्यजन्तुले विगत वर्षहरुमा हानी, नोक्सानी पुऱ्याई रहेकोले यी प्रकोपहरुको गम्भिरता र पुनरावृत्तिलाई तालिका नं. ७ मा समावेश गरीएको छ।

तालिका७: विभिन्न समय अवधिमा बन्यजन्तुका कारण भएको क्षति, सिम्ता गाउँपालिका

क्र.सं.	वर्ष(वि.सं.)	बन्यजन्तुले विगतका वर्षहरुमा पुऱ्याएको क्षति	वडा नं.
१	२०४३	मकै, गहु, कोदो आदिमा असर परेको	वडा नं १, २, ३ का सबै बस्ती
२	प्रत्येक बर्ष निरन्तर	वादर, स्याल, वदेलले धान, मकै, गहुँ, फलफुल खाएर नष्ट गर्ने स्यालले मान्छे मारेको	वडा ९ को खहरे, कुचेतारा, आसनतारा, लामटाडा वडा ८,७,६, ३ को आग्रीगाँउ

श्रोतः नेपाल डेसइन्भेन्टार डाटावेश, एनसेट २०७८ र सिम्ता गाउँपालिका

सुख्खा, खडेरी

यस सिम्ता गाउँपालिकामा सुख्खा वा खडेरीका कारण कृषि क्षेत्रमा प्रत्यक्ष असर परिरहेको छ, साथै विगतका दिनहरुमा पानीका मुहानहरु सुक्दै गएका छन्। विभिन्न अध्ययनहरुले यो जिल्लामा वर्षामा बढोत्तरी हुनेआँकलन

गरे पनि वर्षाको समयमा हुने फेरवदली र वर्षाको मात्रामा र दिनमा आउने परिवर्तनले भविष्यमायो समस्यालाई जटिल बनाउने देखिन्छ । यस गाउँ पालिकामा खेतिको लागि मौसमी पानीको भर पर्ने३३०० घरधुरीहरु बढी जोखिममा छन् ।सिम्ता गाउँपालिकामा सुख्खा, खडेरीले विगत वर्षहरुमा हानी,नोक्सानी पुऱ्याईरहेकोले यीप्रकोपहरुको गम्भिरता र पुनरावृत्तिलाई तालिका नं. ८ मा समावेश गरीएको छ ।

तालिका ८: विभिन्न समय अवधिमा सुख्खा, खडेरीका कारण भएको क्षति, सिम्ता गाउँपालिका

क्र.सं.	वर्ष (वि.सं.)	सुख्खा, खडेरीले विगतका वर्षहरुमा पुऱ्याएको क्षति नोक्सानी	वडा नं.
१	२०४०	९५ घरधुरीको ९५० रोपनी बारीमा गहुँ उत्पादनमा कमी ९५ घरधुरीको ९५० रोपनी खेतमा धान उत्पादनमा ४० प्रतिशतले कमी	सबै वडा
		बजेडा, खान्मा टोलका १५० घरधुरीले प्रयोग गर्ने ३ मुहान सुकी खानेपानीको समस्या	बजेडा, खान्मा टोल
२	२०४३	जमिन सुख्खा भएको कारण खेती गर्न नपाएको, भोकमरी चलेको	वडा नं ५, बजेडीचौर
३	२०५०	खानेपानीको मुहान सुकी पानीको समस्या	वडा नं २, बजेडीचौर
४	२०७१	गहुँ खेती गर्न नमिलेको	पुरै वडामा, खानीखोला
५	२०७४	अन्नबालीको उत्पादनमा ४५ प्रतिशतले ह्रास आएको	वडा नं १, गान्द्रा औलगान्द्रा घोरेटा र सुन्तोला
		सिचाँई नहुँदा बालीनाली उत्पादनमा ४० प्रतिशतले ह्रास आएको	वडा नं २, नाहागाउको माथिल्लो भाग, काफलकोटको माथिल्लो भाग दुर्पालाको तिमिल्सेनी वडा नं ३ बाङ्गाडाला आग्रीगाउँ, ठार र झ्यामा, सालजरी, खारौल

श्रोतः नेपाल डेसइन्भेन्टार डाटावेश, एनसेट २०७८ र सिम्ता गाउँपालिका

भूकम्प

अनुमानित अवस्थाः सुर्खेत जिल्लालाई आधार मानेर हालका दिनहरुमाभूकम्प नआएता पनि भुकम्पिय जोखिमका दृष्टिकोणले सुर्खेत जिल्लाका सबै पालिकाहरु उत्तिकै जोखिममा रहेको र ग्रामिणक्षेत्र भन्दा शहरी क्षेत्र भूकम्पीय प्रभावका दृष्टिकोणले उच्च जोखिममा रहेका छन । सिम्ता गाउँपालिकामा भुकम्पले विगतको वर्षमा क्षति प'ऱ्याएकोले यस्लाई तालिका नं. ९ मा समावेशगरीएको छ ।

तालिका ९: विभिन्न समय अवधिमा भुकम्पका कारण भएको क्षति, सिम्ता गाउँपालिका

क्र.सं.	वर्ष(वि.सं.)	भुकम्पले विगत वर्षहरुमा पुऱ्याएको क्षति नोक्सानी	वडा नं
१	२०७२	२० घरधुरीका घरका भित्ता चर्केको	वडा नं ५, ६ र ७

श्रोतः नेपाल डेसइन्भेन्टार डाटावेश, एनसेट २०७८ र सिम्ता गाउँपालिका

महामारी

स्थानियको भनाईका साथै बैज्ञानिक तथ्यको आधारमा पनि बाढी, पहिरो र सुख्खा खडेरिका कारण निम्तिने महामारी को जोखिम बढ्ने सम्भावना देखिन्छ । यस गाउँपालिकामा खासगरी भेरी नदीवस्तीहरुको वीचवाट वगेर जाने हुँदा अधिकांश त्यस क्षेत्रका वासिन्दाहरुले भेरी नदीकै पानी दैनिकउपभोगमा ल्याउने गर्दछन । खास गरी

विगतमा जाजरकोट र बाँके जिल्लामा फैलिएको झाडापखालाले यस जिल्लामा समेत प्रभावित हुनु त्यसको ज्वलन्त उदाहरण हो । सिम्ता गाउँपालिकामा झाडापखालाका कारण हालसम्म २० जनाकोमृत्यु भइसकेको छ । बढ्दो शहरीकरणका कारणले डेंगु लगाएतका नयाँ रोगहरुले पनि यस ठाउँलाईप्रभावित पार्न सक्ने देखिन्छ।

त्यसै गरि वि.सं. २०७७जेठदेखि हाल सम्म कोभिड १९ संक्रमणको प्रकोपवाटसिम्ता गाउँपालिका पनि अछुतो रहन सकेको छैन । कोरोना भाइरसको प्रकोपवाट ९६ जना व्यक्तिहरु संक्रमीत भइ २ जनाको मृत्यूसमेत भइसकेको छ । जसले गर्दा यस गाउँपालिकामा पनि कोरोना भाइसरको संक्रमणको जोखिमको संभावना उच्च रहेको थियो । लकडाउनको कारणले गर्दा बालबालिकाहरुको पढाई अवरुद्ध भएको थियो भने महिला तथा वालहिंसाका घटनाहरुमा पनि बृद्धि भइ रहेको विभिन्न तथ्यांक तथा समाचारहरुमा आइरहेका थिए् । जसले गर्दा महिला तथा बालबालिकाहरुमा मनोसामाजिक समस्या उत्पन्न भइ सामाजिक सदाचार खलवलिएको अवस्था थियो । यसैगरी श्रम गरेर जिविका चलाउने परिवारहरुमा रोजगारी नहुंदा खाद्य समस्या उत्पन्न भए बालबालिकाहरु, गर्भवती र सुत्केरी महिलाहरुमा कुपोषणको समस्या सृजना भएको स्थानीयहरुले जानकारी दिएका थिए ।भविश्यमा समेत कोभिड १९ जस्ता महामारीको प्रकोप रोक्न र संक्रमितहरुको उपचार गर्न समयमा नै स्थानीय स्तरमा आवश्यक तयारी गर्नु पर्ने देखिन्छ ।

माथिको तथ्याङ्क बिश्लेषण गर्दा सिम्ता गाउँपालिकामा सबैभन्दा बढी बाढी (नदी कटान) र त्यसपछि पहिरोर आगलागीले नोक्सान पुऱ्याएको देखिन्छ । त्यस्तै हावाहुरी, चट्याङ्गबाट पनि मानवीय तथा भौतिकक्षति व्यहोर्नु परेको तथ्य रहेको छ जस्लाइ तलको तालिकामा संक्षेपमा उतारिएको छ ।

तालिका १०: विभिन्न प्रकोपहरुले पुऱ्याएको क्षति (संक्षेपमा)

प्रकोपको प्रकार	खेतियोग्य जमिन (रोपनी)	मानब		चौपाया (वटा)	घर/गोठ (वटा)	विधालय	घट्ट/सिचाई कुलो/भबन	आर्थिक कुल क्षति (रु,०००)	प्रभावित घरधुरी
		मृत्यु	घाइते						
बाढी (नदी कटान)	१०४३	१९		४७	१३१		१घट्ट, १ कुलो	१०३००	३५८
पहिरो	११३				६			५००	३०
आगलागी		१		१६	३५			१८५०	
हावाहुरी					७५	७	१ सा. भबन	३००	
असिना	३१० रो. को बाली							१०००	
चटचाङ		३	२		५				
भुकम्प					२०				२०

श्रोतः नेपाल डेसइन्भेन्टार डाटावेश, एनसेट २०७८ र सिम्ता गाउँपालिका

२.२ प्रकोप/विपद् प्राथमिकीकरण

सिम्ता गाउँपालिकामा प्रकोपका रुपमा बाढी (नदि कटान), पहिरो/सुख्खा पहिरो,सुख्खा/खडेरी, हावाहुरी/असिना, चटयाङ्ग, बन डढलोको प्रकोपहरु र गैर जलवायुजन्य प्रकोपका रुपमा भुकम्प र मानवीय क्रियाकलापका कारण सिर्जित पहिरो, आगलागी, वन्यजन्तुको आक्रमण मुख्य प्रकोपकारुपमा रहेका छन् । विगत देखि वर्तमान सम्मको क्षति र वारम्बारतालाई हेर्दा यस गाउँपालिकामा नदीकटान/बाढी प्रमुख प्रकोपका रुपमा रहेका छन् ।दुर्गम ठाँउ र

पूर्वतयारीको अभावका कारण कुनै पनि बेला जान सक्ने भूकम्पबाढी तथा पहिरोले धेरै ठुलो मात्रामा मानवीय क्षति हुने, भवनहरु भत्किन सक्ने र अन्य पूर्वाधारमा पनिनोक्सान हुन सक्ने देखिन्छ।अधिकांश भूभाग भिरालो र नदी तथा खोलानालाहरु बस्ती भएर बग्ने हुनाले साथै धेरै जसो घरधुरी गरीबीका चपेटामा रहेका हुनाले प्रकोपका जोखिम बढेको छ ।मानव बस्ती लगायत सडक, बाटोघाटोमा ढुङ्गा,चट्टान झर्ने प्रक्रिया व्यापक रुपमा रहेको देखिन्छ।विकास निर्माणको क्रममा मोटरबाटो निर्माणमा वातावरणीय साथ भूगोल (माटो)को अध्ययन नहुँदासडक विस्तार र निर्माणको कारण पहिरोको जोखिम बढदै गएको पाइन्छ ।

२.३ संकटासन्नता लेखाजोखा(Vulnerability Assessment)

भौतिकश्रोतसाधन तथा सामाजिक क्रियाकलापहरु जस्तै : भवन, सडक, यातायात, खानेपानी लगायत, मानवीय जनसंख्या, र आर्थिक गतिविधिहरू, प्राय सवै एकदमै संकंटासन्न अवस्थामा रहेको देखिन्छ । स–सानाविपद्जन्य घटनामा पनि मानवीय तथा भौतिक श्रोतसाधनहरुमा अत्याधिक मात्रामा क्षति हुने सम्भावना देखिन्छ । विशेष गरी, सिम्ता गॉउपालिकामा रहेका अधिकांश मानवीय बस्तीहरु अग्लो, भिरालो ठॉउमा अवस्थित रहेको छ, जुन ठाउमा वाढी तथा पहिरोको घटनाहरु घटिरहेका हुन्छन । यसैगरी ती बस्तीहरुमा भौतिक पूर्वाधारको साथै सार्वजनिक सुविधाहरू (जस्तै विद्यालय, स्वास्थ्य क्षेत्र, पार्क र खेल मैदान) को पहुँच न्यून मात्रामा रहेको छ, जसले उद्धार कार्य र आगलागी नियन्त्रणका गतिविधिहरू सञ्चालन गर्नमा समस्या पैदा गरिरहेको हुन्छ ।

भू-जोखिम सम्वेदनशील योजना बिनानैनिर्माण भैरहेकासंरचनाहरुले गर्दा ती बस्तीहरूलाई पहिरो तथा माटो बग्ने प्रक्रियाले असर गरिरहेको हुन्छ।सामान्यतयानिर्माण मापदण्डको पालना भैरहेको छैन। जसले ठूलो मात्रामा भौतिक तथा मानवीयसङ्कटासन्नता निम्त्याउछ।

२.४ क्षमता लेखाजोखा(Capacity Assessment)

प्रकोपतथासङ्कटासन्नताको स्तर उच्च भएतापनि गाउँपालिकातथा सामुदायिक दुवै तहमा पूर्वतयारी र क्षमता निर्माणमा एकदमै कम मात्रामा प्रगति भएको छ । आपत्कालीन प्रतिकार्यगर्न सक्ने क्षमतामा अभिबृद्धि, आपत्कालीन खोजकार्यका लागि आवाश्यक श्रोत साधनको भण्डारण(Pre-positioning of Emergency Rescue Stores), तथा प्रकोपको जोखिम न्यूनीकरण तथा सामना गर्नको लागि आवश्यक प्रतिकार्य संयन्त्र विकासकोसुरुवात भएको छ। त्यसैगरी,आपत्कालीन समयमा मानव जीवन बचाउनको लागि चाहिने आवश्यक ज्ञान र सीपहरू केहि समुदायमा एनसेट संस्थाको मेरो सुरक्षित गाउँ कार्यक्रमवाट सुरुवात भएतापनि सम्पूर्ण समुदायलाई प्रदान गर्न सकिएको छैन। यद्यपि कुनै कुनै समुदायमा केही मात्रामा आपत्कालीन प्रतिकार्य तथा प्राथमिक उपचारका सीपहरु प्रदान गरिएकोभएता पनि सङ्कटासन्नता स्तरीकरण गरी सबै समुदायमा त्यस्तो सीपहरुप्रदानगर्न सकेको छैन।विपद् प्रतिकार्य गर्नको लागि सिम्ता गाउँपालिकामा तल उल्लेखितस्तरको क्षमता रहेको देखिन्छ।

तालिका११: सिम्तागाउँपालिकामा रहेका सेवा प्रदायक संघ-संस्थाहरु

वडा नं.	सिम्तागाउँपालिकाको विभिन्न वडामा अवस्थित सेवा प्रदायक सरकारी/गैरसरकारी संघसंस्था							
	नेपाल प्रहरी	अस्पताल, स्वास्थ्य चौकी	कृषि रपशु सेवा केन्द्र	स्कूल र कलेज	बैङ्क तथा वित्तीय संस्था	नेपाल रेडक्रस सोसाइटी	सामुदायीकबन उपभोक्ता समिति	सरकारीगैरसरकारी/समुदायआधारित संगठन
१		२	१	६			५	१
२		२	१	८			६	१
३	१(६	२	१	९			४	१

	जना)							
४		१	१	४			४	१
५	१ (६)	१	१	६			३	१
६	१(२६ जना)	३	१	१०		१	४	१
७		२	१	८			५	१
८		१	१	४			३	१
९		१	१	१०			८	१

तलिका १२: सिम्ता गाउँपालिकाको उपलब्ध श्रोतसाधन र मानवीय जनशक्तिहरूको सूची

क्र.स.	विवरण	उपलब्धता	स्थिति	स्रोतसाधन
१	दमकल	०	नभएको	
२	डोजर / एक्सकाभेटर	१	सकृय	
३	एम्बुलेन्स	१	सुचारु	
४	शव वाहन	०	नभएको	
५	यातायात साधन - बस, ट्रक, जीप	३	सुचारु	
६	डुङ्गा	०	नभएको	
७	खोज तथा उद्धार उपकरणको तयारी	२सेट	भएको	पालिकामा ,
८	गोदाम - खाद्यभण्डार	०	नभएको	
९	कपडा	१	भएको	
१०	भान्साका भाडाकुँडा	०	नभएको	
११	स्वास्थ्य कार्यकर्ता - स्टाफ नर्स, अनमी	२७		
१२	आपत्कालीन सवारी चालक	४	कार्यरत	
१३	ईन्जिनियर र ओभरसियर	१३	कार्यरत	
१४	नेपाल सेना	०	नभएको	
१५	नेपाल प्रहरी	४	वादेपिपल आग्रीगाउँ, आली,	
१६	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका	९८	कार्यरत	
१७	खोज र उद्धार स्वयंसेवक	५०	तालिमप्राप्त	
१८	Washसुविधा - सुरक्षित पिउने	करिव६०प्रतिशत	भएको	

क्र.स.	विवरण	उपलब्धता	स्थिति	स्रोतसाधन
	पानी			
१९	स्वास्थ्य केन्द्रहरू	८स्वास्थ्यचौकी, ५स्वास्थ्यइकाई,१आयुर्वेद१आँखाउपचारकेन्द्र	संचालन	
२०	शिक्षा केन्द्रहरू	६७	संचालनमारहेका	
२१	सडक सञ्जाल	सबैवडा	कच्चीसडक	

तलिका १३: सिम्ता गाउँपालिकामा रहेका स्वास्थ्य सेवा केन्द्रहरुको सूची

क.स.	वडा नं.	स्वास्थ्य चौकीको नाम	सम्पर्क व्यक्तिको नाम	सम्पर्क नं.
१	१	स्वास्थ्य चौकी घोरेटा	ललित प्रकाश मल्ल	९८६८०९७२४६
२	२	स्वास्थ्य चौकी काफलकोट	लोकेन्द्र बहादुर शाही	९८४४८१६८२७
३	३	स्वास्थ्य चौकी आग्रीगाउँ	सृजना सापकोटा	९८६८६५५८४८
४	४	स्वास्थ्य चौकी बजेडीचौर	टिकाराम रावत	९८५११८८३७३
५	५	आधारभुत स्वास्थ्य सेवा केन्द्र आली	धन बहादुर महतरा	९८६८३८८६०६
६	६	स्वास्थ्य चौकी राकम	पुनम वि.सी	९८६८१८१४२७
७	७	स्वास्थ्य चौकी काप्रिचौर	सुनिता कमारी वि.सी	९८४८२०५९८३
८	८	स्वास्थ्य चौकी डाँडाखाली	डिल्ली सापकोटा	९८४८१६२०५२
९	९	स्वास्थ्य चौकी खानीखोला	सुवास ठाडा	९७४८१०५८५४

तलिका १४: सिम्ता गाउँपालिकामा रहेका विभिन्नकृषक समूहहरुको सूची

क.स.	समूहको नाम	ठेगाना	सदस्य संख्या			समूहको अध्यक्षको नाम	सम्पर्क नं.
			पुरुष	महिला	जम्मा		
१	ग्रामिण नमुना स्वस्थ्य कृषक समूह	सिम्ता २	०	३०	३०	लक्ष्मी कार्की	९८४४१४६७००
२	महाकाली कृषक आमा समूह	सिम्ता ३	०	२२	२२	सरिता मिजार	९८४९९८१२९४
३	पशुपती महिला कृषि समूह	सिम्ता २				कमला कार्की	९८४४००१२८५
४	भिमेश्वर तरकारी कृषक समूह	सिम्ता ४	६	२०	२६	यज्ञ व. श्रेष्ठ	९८४३१५३७१०
५	सिम्ता समाज सुधार कृषि तथा पशुपालन समूह	सिम्ता ३			३२	यमलाल योञ्जन	
६	लालीगुराँस महिला समूह	सिम्ता २		३२	३२	करुणा कार्की	९८६१०५६७४९
७	भिमेश्वरी महिला कृषक समूह	सिम्ता ७		२५	२५	होम कुमारी सुनुवार	९८६१३३३१४३
८	लालीगुराँस कृषि तथा पशुपालन समूह	सिम्ता ३	८	७	१५	अम्बिका पोखेरेल	९८४१५५९४४२
९	सर्वव्यापी महिला कृषक समूह	सिम्ता २		२०	२०	गँगादेवी काफ्ले	९७४१२११६५४
१०	पाचघरे मखमली महिला कृषक समूह	सिम्ता २		२८	२८	धनमाया कार्की	९८४५७६९२३२
११	सुनगाभा महिला कृषक समूह	सिम्ता २		२८	२८	शरदा घिमिरे	९८४११४४२०३

क.स.	समूहको नाम	ठेगाना	सदस्य संख्या			समूहको	सम्पर्क नं.
१२	पिपलवोट कृषि तथा पशु विकास	सिम्ता १		४८	४८	सुशिला के.सी.	
१३	कालिदेवी महिला कृषक समूह	सिम्ता २				शिव कुमार कार्की	९८६४००२७१७
१४	नमुना कृषि उत्पादक कृषक समूह	सिम्ता ३				FANSEP	
१५	रिठ्ठावोट पशुपंक्षी पालन तथा केषक समूह	सिम्ता ५				FANSEP	
१६	कृषि तथा पशुसुधार कृषक समूह	सिम्ता ३	२०	२०	४०	नरमान मोक्तान	९८६९३१७०९२
१७	नमुना कृषक समूह	सिम्ता २		२८	२८	सिता घिसिङ	९७४१२२४७३७
१८	वरवोट कृषक समूह	सिम्ता ४	३	८	११	अस्मिता खड्का	९८४४४२८७६०
१९	शिव श्री कृषि तथा पशुपंक्षी फर्म	सिम्ता ५				भिम वहादुर श्रेष्ठ	९८४४००९४०४
२०	फेवातल कृषक समूह	सिम्ता ४	१५	८	२३		९८४०२७२२७७
२१	भिमेश्वर कृषि उत्पादक कृषक समूह	सिम्ता ४	८	८	१६	भोज कुमार श्रेष्ठ	९८६४३९४७४५
२२	तिनकन्या देवि सामुहिक कृषक समूह	सिम्ता ४				मोहन वहादुर पोखरेल	९८४४२३६३२५
२३	योगी गाँउ कृषि उत्पादक कृषक समूह	सिम्ता ४	६	१३	१९	भगवती बस्नेत	९८४९७५७८९२
२४	कोट गाँउ कृषि उत्पादक कृषक समूह	सिम्ता ४	७	८	१५	जीत वहादुर खड्का	९८४१८५८०१८
२५	पशुपति कृषि उत्पादक कृषक समूह	सिम्ता ६	१०	१२	२२	तिलक व. आपगाई	९८४४१९६७२८
२६	पिपलवोट बाखा उत्पादन प्रवर्दन कृषक समूह	सिम्ता ६	१३	५	१८	अजुन प्रसाद शर्मा	९८१९६८०१२६
२७	असारे कृषि उत्पादक कृषक समूह	सिम्ता १	११	९	२०	संजय कार्की	९८४४२३९९००
२८	कल्लेरी कृषि उत्पादन कृषक समूह	सिम्ता ५	१३	५	१८	मेघनाथ न्यौपाने	९८४४४६७०९५
२९	गफ्ले कृषि उत्पादक कृषक समूह	सिम्ता ६	१०	११	२१	शान्ता महत	९८६३१८२०७६
३०	रोजिटा कृषि उत्पादक कृषक समूह	सिम्ता ६	४	१३	१७	भिम प्रसाद फूयाल	९८६४५३७७४६
३१	मनकामना कृषि उत्पादन कृषक समूह	सिम्ता ६	५	१५	२०	यम कुमार आपगाई	९८०८६१५३४५
३२	नेपन्टार कृषि उत्पादक कृषक समूह	सिम्ता ६	९	१३	२२	धन कुमारी नेपाली	९८१४८२२०९२
३३	एमले बरी कृषि उत्पादक कृषक समूह	सिम्ता १	११	१२	२३	होम व. के.सी.	९८४१५८०४७३

क.स.	समूहको नाम	ठेगाना	सदस्य संख्या			समूहको	सम्पर्क नं.
३४	शहरे कृषि विउ विजन उत्पादन समूह	सिम्ता ५	७	४	११	रुद्र प्रसाद चौलागाइ	९८६४२३३६६०
३५	हिले कृषि उत्पादक कृषक समूह	सिम्ता १	७	१५	२२	निर्मला कार्की	९८४०८७३०८१
३६	भगेरी कृषि उत्पादक कृषक समूह	सिम्ता ५	४	१६	२०	होम कुमार खड्का	९८४४४२७६७८
३७	चापावोट कृषि उत्पादक कृषक समूह	सिम्ता ४	१०	९	१९	भोज व. खड्का	९८४३८९२९४०
३८	सेतिदेवि कृषि उत्पादक कृषक समूह	सिम्ता ४	८	१७	२५	शिव व. खड्का	९८६३९९४९१९
३९	तिनकुने कृषि उत्पादक कृषक समूह	सिम्ता ५	७	१०	१७	विष्णु ध्वज सुवेदी	९८४३३८६६१५
४०	फूयाल थुम्का कृषि उत्पादक कृषक समूह	सिम्ता ५	५	१२	१७	रत्न व. वि.क.	९८४३२८९३०८
४१	खिम्तीडाडा कृषि उत्पादक कृषक समूह	सिम्ता ५	९	८	१७	हरि गोपाल सुवेदी	९८४४२१४६०८
४२	कालिदह कृषि उत्पादक कृषक समूह	सिम्ता १	९	१२	२१	लालमाया तमाङ	९८६१५९४४०४
४३	रुप्से रहेले कृषि उत्पादक कृषक समूह	सिम्ता ३	९	८	१७	दुर्गा प्रसाद काफ्ले	९८४९६०३९९३
४४	भिमसेन कृषि उत्पादक कृषक समूह	सिम्ता ६	१०	१६	२६	इन्द्र नारायण श्रेष्ठ	९८६१०५९७१५
४५	सुनौलो कृषि उत्पादक कृषक समूह	सिम्ता ६	१०	१०	२०	विन्दा फुयाल	९८४०७५७०२८
४६	हरियालि कृषि उत्पादक कृषक समूह	सिम्ता ६	१०	८	१८	तुलसी प्रसाद फुयाल	९८६४५९६२७९
४७	कालापानी कृषि उत्पादक कृषक समूह	सिम्ता ३	१६	११	२७	हरिहर काफ्ले	९८४९७००२७
४८	गोगन डाँडा कृषि उत्पादक कृषक समूह	सिम्ता ३	६	१०	१६	धुर्व वं मिजार	९८६०१४७४१८
४९	शहरेटार कृषि उत्पादक कृषक समूह	सिम्ता ५			२१	नारायण ध्वज गिरी	९८४४०१२८७९
५०	श्री जगदम्बीका महिला कृषक समुह	सिम्ता ४	०	३२	३२	कमला कार्की	९८६०५६१४६०
५१	श्री सितपाईला फैजवार गाउँ कृषक समुह	सिम्ता ३	०	०		रिधीमाया भजेल	९८०९६९३७७४
५२	श्री जामुने महिला कृषक समु	सिम्ता ३	०	०		सान्ती	९८४४५००६८
५३	श्री प्रगतिशिल महिला कृषक समुह	सिम्ता ७	०	३१	३१	सुनिता सुनुवार	९८६१३२९७९२
५४	श्री लालि गुराउँस महिला कृषक	सिम्ता ४	०	०		पवित्रा पोखरेल	

क.स.	समूहको नाम	ठेगाना	सदस्य संख्या			समूहको	सम्पर्क नं.
	समुह						
५५	श्री ब्राहुण्डी प्रगतिशिल कृषक समुह	सिम्ता ४	०	०		कृष्ण प्रसाद पोखरेल	९८४४१९५६५०
५६	श्री मुलपानि कृषक समुह	सिम्ता ३	०	०	४५	अंशुवर्मा पोखरेल	९८४४५५५८४३
५७	श्री अरखौले कृषि उत्पादक समुह	सिम्ता ५	३	१२	१५	डबल रोका	९८४४२२८२१२
५८	श्री माझिगाउँ कृषि उत्पादक समुह	सिम्ता १	५	१३	१८	अनिता माझि	९८६११७३८४९
५९	शिदेश्वर कृषिक उत्पादक समुह	सिम्ता ५	७	१४	२१	हरि प्रशाद चौलागाई	९८६४००१२१९
६०	श्री मनकामना कृषि उत्पादक समुह	सिम्ता ५	१२	७	१९	कृष्ण बहादुर चौलागाई	९८४४१९९६८५
६१	श्री जनजोति सचेतना कृषक समुह	सिम्ता ३	२	२८	३०	सोभिता पोखरेल	९८६९८६२८८१
६२	श्री गोर्वधनटार कृषि उत्पादक समुह	सिम्ता ५	१६	११	२७	मिन बहादुर के सि	९८४४२३६९६८
६३	श्री विकास कृषक समुह	सिम्ता १	०	०		सुजिला के सि	९८४९४१७७९२
६४	श्री नमुना गैरी गाउँ कृषक उत्पादक समुह	सिम्ता ३	११	१०	२१	दल बहादुर तामाङ	९८४०९४७४५२
६५	श्री तिनपाते कृषि उत्पादक समुह	सिम्ता ६	१५	७	२२	मैन बहादुर प्रधान	९८६६४१५६८९
६६	श्री केनताल कृषि उत्पादक समुह	सिम्ता ४	११	९	२०	कुवेर प्रसाद पाखरेल	९८४०२७१२७
६७	श्री सुनारुपा कृषि उत्पादक समुह	सिम्ता ४	९	१८	२७	नवराज खडका	९८४०७५७३१९
६८	श्री नुनथला कृषि उत्पादक समुह	सिम्ता ३	१३	७	२०	लक्ष्मी कार्की	९८४१०७९९१०
६९	श्री भगेरि सहरे कृषि उत्पादक समुह	सिम्ता ५	१७	४	२१	तेज बहादुर खडका	९८४४०९६८१३
७०	श्री छौडे कृषि उत्पादक समुह	सिम्ता ३	०	१८	१८	ईन्द्रा महत	९८४४३०६०६६
७१	श्री योगि टोल कृषि उत्पादक समुह	सिम्ता ४	१४	१२	२६	डोलमान योगि	९८४३३५२५९३
७२	श्री डाँडाँ गाउँ कृषि उत्पादक समुह	सिम्ता ४	०	०		ईशवर खडका	९८४९९०९४८७
७३	श्री पशुपति कृषि उत्पादक समुह	सिम्ता ३	१२	११	२३	बिष्णु प्रसाद पोखरेल	९८४७३१२६६७
७४	श्री चापावोट मालु कृषि उत्पादक समुह	सिम्ता ४	१०	१३	२३	चित्र बहादूर बस्नेत	९८१७८२०७६६
७५	श्री सतिदेवि कृषि फर्म	सिम्ता १	०	०		ओलक बहादुर कार्की	९८४४१४६७००

तलिका १५: सिम्ता गाउँपालिकामा उपलब्ध खोज तथा उद्धार सामाग्रीहरूको सूची

वडा नं.	विवरण	मात्रा	उपलब्धता (स्थान)	कैफियत
१				नभएको
२				नभएको
३				नभएको
४	घन	२ वटा		
	बन्चरो	२ वटा		
	सावेल	१ वटा		
	कोदाली	१ वटा		
	हतौडा	१ वटा		
५	घन	१ वटा		
	बेल्चा	३ वटा		
	गैटी	१ वटा		
	हतौडी	१ वटा		
६	स्टेचर	२ वटा	ठिग्नी सामुदायिक सिकाई केन्द्र	
	हेल्मेट	१२ वटा		
	बेल्चा	४ वटा		
	कर्नी	४ वटा		
	फोल्डिङ भ्याङ	१ वटा		
	चस्मा	१२ वटा		
	सिट्टी	१२ वटा		
	लेदर पञ्जा	१२ वटा		
	सेफ्टी बुट	१२ वटा		
	डोरी	५० मिटर		
	बलाङ्केट	२ वटा		
	स्टिल स्केल १८ ईन्च	२ वटा		
	टर्च लाईट	२ वटा		
	सेफ्टी भेष्ट	१२ वटा		
	ह्याक्सो	२ वटा		
	त्रिपाल (18*36)	२ वटा		
	बोल्ट कटर	२ वटा		
	ह्याम्मर टुलकिट	२ सेट		
	हातेआरो	२ वटा		
	क्रो बार	२ वटा		

वडा नं.	विवरण	मात्रा	उपलब्धता (स्थान)	कैफियत
	प्रे बार/गल	२ वटा		
	पिक	२ वटा		
	क्रिप (4*4*12)	२० वटा		
	क्रिप (2*4*12)	१६ वटा		
	सिम्स	१० वटा		
	स्टिल ट्युब (३ ईन्च मोटाई, २ फिट र ४ फिट लम्बाई)	१५ वटा		
	बाल्टिन सानो	१० वटा		
	अग्नी समनयन्त्र	२ वटा		
	६ ईन्च ईलास्टिक ब्याण्डेज	१२ वटा		
	३ ईन्च ईलास्टिक ब्याण्डेज	१२ वटा		
	रोल गज ब्याण्डेज	१२ वटा		
	गज पिस	३० वटा		
	त्रिकोण पट्टी	३० वटा		
	ट्रमा कैंचि	४ वटा		
	स्पिल्न्ट सेट	१ सेट		
	प्राथमिक उपचार बक्स	१ सेट		
	रुमाल ठुलो	४ वटा		
	टिन स्निप (Tin Snip)	२ वटा		
	सिन्स टेप (Scence tape)	१ रोल	ठिग्नी	
७	घन	४ वटा		
	बेल्चा	२३ वटा		
	गैटी	१२ वटा		
	बन्चरो	२		
८				नभएको
९	बाल्टी	२		
	बन्चरो	१		
	गैटी	२२		
	कोदालो	११		
	घन	६		
पलिका	बेल्चा	२३ वटा		
	गैटी	१७ वटा		

वडा नं.	विवरण	मात्रा	उपलब्धता (स्थान)	कैफियत
	स्ट्रेचर	९ वटा		
	लाईफ ज्याकेट	१० वटा		
	फरुवा	७ वटा		
	लिभर, सब्वल	६ वटा		
	घन	१० वटा		
	डोरी	२०० मि.		
	त्रिपाल	२५मि.		

खण्ड ३: विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

३.१ विपद्पूर्वतयारी तथा प्रतिकार्य

आपत्कालीन अवस्थामापूर्वतयारी प्रतिकार्य गर्नको लागि प्रत्येक व्यक्ति, संघसंस्था र स्वास्थ्यकर्मीहरूको संयुक्त प्रयास महत्वपूर्ण हुन्छ। अर्को अर्थमा भन्दा विपद् पूर्वतयारी तथा प्रतिकार्य विपद्व्यवस्थापन चक्रको एउटा महत्वपूर्ण अवस्थाहो जसले सरकारी/गैर-सरकारी संघसंस्था देखि लिएर हरेक मानवीय सहयोगी निकाय तथा श्रोतसाधनहरूलाई परिचालनमा सहयोग गर्न नेतृत्वदायी भूमिकम प्रदानगरिरहेको हुन्छ । प्रतिकार्यको दौरानमा प्रदान गरिने प्रत्येक सेवा र सद्भावले प्रभावित समुदायहरूको स्वास्थ्य तथा क्षति रोकथाममा ठूलो प्रभाव पार्न सक्दछ। यसबाहेक, आपत्कालीन अवस्थामा गरिने प्रतिकार्यले प्रकोपपछिको पुनर्स्थापना र भविष्यमा हुन सक्ने विपद्को क्षतिलाई कम गर्न उत्तिकै महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले आपत्कालीन प्रतिकार्यलाई विपद् व्यवस्थापनको एक महत्वपूर्ण भागको रूपमा हेर्नु पर्छ।

आपत्कालीन प्रतिकार्य जहिले पनि एक चक्रीय प्रक्रियामाहुने गर्दछ । यस अन्तर्गत क्षतिको बारम्बार मूल्याङ्कन गर्ने देखि लिए योजना निर्माण कार्य, कार्यान्वयन र पूनरावलोकन समाहित भैरहेको हुन्छ । यसका साथै आवश्यकता अनुरुप क्षमताको विकास पनि सँगसँगै भैरहेको हुन्छ ।विपद्को अवस्थामा आपत्कालीन प्रतिकार्य प्रारम्भिक मूल्याङ्कनबाट सुरू भएर मानवीय तथा भौतिक स्रोतसाधनहरूको परिचालन गर्ने कार्य हुने गर्दछ । तसर्थ उचित पूर्वतयारी भएमा आपत्कालीन प्रतिकार्य प्रभावकारी तवरले गर्न सकिन्छ ।

३.२विपद् पूर्वतयारी तथा प्रतिकार्य गतिविधि सञ्चालन गर्नका लागि विद्यमान कानूनी व्यवस्था

विपद् पूर्वतयारी र प्रतिकार्य सञ्चालन गर्नका लागि नेपालमा विभिन्न किसिमका कानुनी प्रावधानहरु विकास भएको छ । वि.स. २०३९ सालको दैवी प्रकोप राहत तथा उद्धार ऐन(Natural Calamity Relief Act (NCRA 1982)

विपद् पूर्वतयारी तथा प्रतिकार्य गर्नको लागु गरिएको सबैभन्दा पुरानो कानुनी र संस्थागत व्यवस्था मानिन्छ । यस ऐनको मुख्य उद्देश्य भनेको "भूकम्प, आगलागी, आँधीबेहरी, बाढी, पहिरो, अत्याधिक वर्षा, खडेरी, अनिकालबाट मानवीय क्षति कम गर्नको लागि राहत प्रदान गर्नु हो।"स्थानीय स्वायत्तशासन ऐन"(LSGA 1999) विकेन्द्रीकरण रुपमा आपत्कालीन रुपमा पूर्वतयारी तथा प्रतिकार्य गर्नको लागि लागु गरिएको अर्को कानूनी कागजात थियो। यस ऐनले स्थानीय निकायहरू जस्तै गाउँपालिका र गाउँपालिकालाई स्थानीय स्तरमा आपत्कालीन राहत तथा उद्धारकार्य सहज गर्न तथा सामाजिक-आर्थिक विकासगर्नका लागि आवश्यक पर्न सक्ने कानुनी, नीति र वित्तीय क्षमताको थप व्यवस्थापन गर्न मद्धत गरेको छ ।

विपद् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीति (National Strategy for Disaster Risk Management 2009) ले नेपालमाविपद्जोखिम व्यवस्थापन र आपत्कालीन योजना तथा व्यवस्थापन गर्नको लागिअझ विस्तृत रुपमा बर्णन गरेको छ ।NSDRMले विशेषगरी नेपालमा विपद्व्यवस्थापनको लागि न्यूनीकरण र पूर्वतयारीमा व्यापक रुपमा जोड दिएको छ ।विपद् प्रतिकार्यको लागि राष्ट्रिय संरचना (National Disaster Response Framework 2013) ले विपद् जोखिम व्यवस्थापनका लागि नेपालमा रहेका कानुनी जटिलता, नीतिगत संरचना र परिचालनका खाकालाई थप प्रष्टीकरण गरी अनुमोदन गरेको थियो । NDRFविशेष गरी आपत्कालीन अवस्थामाराष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूको बीचमा समन्वय गर्नको लागि एक संयन्त्रको विकास गर्न सहयोग गरेको थियो। यसै गरी, २०१३ मा नेपाल सरकारले खोज र उद्धार सम्बन्धी एक राष्ट्रिय रणनीतिक कार्य योजना पनि जारी गरेको थियो।

माथि उल्लेखित कानुनी र नीतिगत संरचना बाहेक, विपद् पूर्वतयारी र प्रतिकार्य गतिविधिहरू सञ्चालन गर्न अन्य विकास सम्बन्धी नियमर दिशानिर्देशहरू पनि लागु गरिएको छ, जस्तै नेपाल भवनसंहिता १९९४, पर्यावरण संरक्षण ऐन, राष्ट्रिय कृषि नीति योजना (२००४), राष्ट्रिय बसोबास नीति (१९९६), राष्ट्रिय शहरी नीति (२००६), राष्ट्रिय जल योजना र जल संसाधन नीति, राष्ट्रिय जल संसाधन रणनीति (२००२), र जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २००६ (ADRC, २०१४)आदि। यसबाहेक, राष्ट्रिय स्तरको क्षेत्रीय विकास योजना र नीतिहरू जस्तैःराष्ट्रिय कृषि नीति (२००४)(१८), राष्ट्रिय शहरी नीति (२००६), (१९), राष्ट्रिय भूमि प्रयोग नीति (२०१२)(२०), इत्यादिले पनिविपद् व्यावस्थापनमा मुद्दालाई केही न केही हद सम्म सहयोग गरिरहेका छन्।

३.३सिम्ता गाउँपालिकामा कार्यरत मानवीय सहायतामा संलग्न संघसंस्थाहरुको पहिचान

सिम्ता गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी निकाय, नेपाल रेडक्रस सोसाइटी, सामुदायिक वन उपभोक्ता समूह, समाज सेवा केन्द्र, महिला सशक्तिकरण फोरम, नेपाल पत्रकार महासंघ लगायत विभिन्न संघसंस्थाहरु कार्यरत छन्। यस बाहेक विभिन्न प्रकारका निर्माण संघहरू, औषधि व्यवसायहरू, निजी अस्पतालहरू, यातायात व्यवसाय समितिहरू र समुदायमा आधारित गैर-सरकारी संगठनहरू पनि रहेका छन्। यस्ता निकाय तथा संघसंस्थाहरुले आपत्कालीन अवस्थामा आ-आफनै तरीकाले सहयोग पुऱ्याउन सक्दछन् । तसर्थ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र गराउनका लागि स्थानीय संघसंस्थाहरुलाई विभिन्न विषयगत क्षेत्रहरूको आधारमाविभाजन गर्न सकिन्छ। सिम्ता गाउँपालिकामा कार्यरत विभिन्न संघसंस्थाहरुको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका१६: सिम्तागाउँपालिकामा कार्यरत मानवीय सहायतामासंलग्न संघसंस्थाहरु

क्र. सं.	नाम	विषयगत क्षेत्र	सर्म्पक व्यक्ति	सम्पर्क नम्बर
१	UNDP	पूर्वाधार	डिल खड्का	९८४५०२७२००
२	USAID	स्वास्थ्य तथा सरसफाई	बम बहादुर खड्का	
३	NCCSP	जलवायू परिवर्तन	विनोद शाही	९८४१७७४७९६
४	UNICEF	WASH	बादल ओली	९८२५५२८६२४
५	UNICEF	Climate ChangeandEnergy	विजय चन्द	९८६८९०६०८१
६	SNV Nepal	उर्जा/Energy	विप्लभ काफ्ले	
७	NSET - मेरो सुरक्षित गाँउ	विपद् उत्थानशिल समुदाय निर्माण	रञ्जु ढुङ्गाना	९८४१४०४६००
८	SSBH	स्वास्थ्य	मुना खत्री	९८६८१५५५४७
९	अपाङ्ग सशक्तिकरण केन्द्र, सुर्खेत	अपाङ्गता समावेशी शिक्षा	यादव भुषाल	९८५७०६१४७१
१०	SAC Nepal	पोषण	नन्दराम गौतम	९८४८१६३३७८
११	CMC Nepal	मानसिक स्वास्थ्य	अशोक सिंह	९८४८२६८८६५
१२	NRCS	सामाजिक परिचालन तथा शिप विकाश	यम राज गिरी	९८१०९९१७७९, ९७४५५००५१५
१३	ASIA Foundation	नीतिगत व्यवस्था (DataFor Development)	अनुप नेपाली	९८४८४४१४५५
१४	InternationalIdea	योजना तर्जुमा	पुजा पन्त	९८४३०४६१८५
१५	Kids Nepal	क्षयरोग	अज्ञात उपाध्याय	९८६४९१६३६५
१६	क्रिडाक नेपाल	सशक्तिकरण तथा जनचेतना	पिङ्की गिरी	९८४८०६८४३५

१७	INF Nepal	अपाँगताका क्षेत्रमा	दिल बहादुर चौधरी	९८५८०५५५२६
१८	Sundar Nepal	पशपँछी विकास	ओम थापा	९८८४२०२९१८
१९	HELVETAS NEPAL	खानेपानी तथा सरसफाई	माधव आचार्य	९८६८०३००५१
२०	स्थानीय शासन प्रक्रियामा युवा संलग्नता प्रवर्धन परियोजना	युवा नेतृत्व	डण्डी प्र उपाध्याय	९८५६०६५२२२
२१	समृद्धि समाज विकास केन्द्र	झोलुँगे पुल	सहबीर सुनार	९८४८०२९५५२

३.४ स्थानीयआपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्रको स्थापना(Local Emergency Operation Center)

आपत्कालीन प्रतिकार्यका गतिविधिहरू सहज तथा प्रभावकारी ढङ्गले वा व्यवस्थित रूपमा सञ्चालन गर्नका लागिगाउँपालिका स्तरमा एक आपत्कालीन सञ्चालन केन्द्रको स्थापना गर्न अति आवश्यक हुन्छ। आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्र (Emergency Operation Center) एक नेतृत्व प्रदायिक सेवा र सुविधायुक्त केन्द्र हो जुन केन्द्रलेआपत्कालीनसमयमा रणनीतिक तवरले श्रोत साधनको व्यस्थापन र परिचालन गर्न जिम्मेवार रहन्छ । आपत्कालीन सञ्चालन केन्द्र मार्फत विभिन्न संघ संस्थाका प्रतिनिधीहरू भेला हुने, विपद्को जोखिम, न्यूनीकरणका उपाय तथा पूर्वतयारी र प्रतिकार्यको बारेमा छलफल गर्ने तथा योजना बनाउन सक्दछन । स्थानीय आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्रले जिल्ला प्रदेश तथा राष्ट्रिय आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्रलाई पनि सहकार्य प्रदान गर्न सक्दछ । यसैगरी आपत्कालीन सञ्चालन केन्द्र केन्द्रीकृत अनुगमन, नियन्त्रण, र आपत्कालीन घटनाको एकद्वार प्रणालीमा प्रतिकार्यका गतिविधि द्रुतरुपमा संचालन गर्नेनिकायका रुपमा कार्य गर्दछ । आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्र गाउँपालिकाको मातहतमा गाउँपालिका कार्यालयमा वा कार्यालय बाहिर राख्न सकिन्छ ।

सिम्ता गाउँपालिकामा भुकम्प प्रविधि राट्रिय समाज (एनसेट) नेपालले गाउँपालिका भवनभित्र छलफल तथा योजना बनाउन आवश्यक सञ्चार तथा सुविधायुक्त स्थानीय आपत्कालीनप्रतिकार्य सञ्चालन केन्द्र (Local Emergency Operation Center) स्थापना गरेको छ ।

३.४.१. सूचनासंकलन, विश्लेषण र समन्वय

स्थानीय स्तरमा भएका विपद्का घटना सम्वन्धि सूचना संकलन गर्नु, विश्लेषण गर्नु, र अन्तर संस्थाहरु वीचप्रतिकार्यको लागि समन्वय गर्ने कार्यमाआपत्कालीन प्रतिकार्य केन्द्रको मुख्य भूमिका हुनु पर्दछ। प्रतिकार्य केन्द्रका टोली सदस्यहरूले विभिन्न माध्यमहरु जस्तैसामाजिक मिडिया, परम्परागत मिडिया, र पीडित बयान आदिको आधारमा घटना लगत्तै भएको क्षति विवरण, घटना पछिको प्रतिकार्यका गतिविधि लगबुकको रुपमा व्यवस्थापन गर्न सक्दछन्। सामान्यतया, प्रतिकार्य केन्द्रका सदस्यहरूले तथ्याङ्क सूचीकृत गर्छन् र त्यसलाई स्थानीय वा राष्ट्रिय स्तर सम्म जानकारी उपलब्ध गराउने कार्य गर्छन्।

३.४.२. आवश्यकता अनुसार श्रोत साधनको व्यवस्थापन र वितरण

आपत्कालीन प्रतिकार्य केन्द्रले स्थानीय आवाश्यकता अनुसार स्रोत साधनहरूको व्यवस्थापन र वितरण गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपदर्छ । यसका साथै मानवीय सहायतामा संलग्न संघसंस्थाहरुलाई समन्वय गर्ने वा अनुरोध गरेर अपुग श्रोत साधनको पनि व्यवस्थापन गर्नुपर्दछ । घटना प्रतिकार्यमा संलग्न टोली सदस्यहरुले स्थानीय प्रतिकार्य सञ्चालन केन्द्रलाई एउटा हबको रुपमा प्रयोग गर्न सक्दछन ।

३.४.३. समन्वयतथा वर्तमान र भविष्यका आवश्यकताहरूको निर्धारण

स्थानीय आपत्कालीन प्रतिकार्य केन्द्रले बहुआयमिक संघसंस्थाहरुको नेतृत्वदायी भुमिका निर्वाह गर्दै समन्वय गर्न सक्छ । आपत्कालीन प्रतिकार्यका टोली सदस्यहरु घटनाको अवस्था अनुसार श्रोत साधनको परिचालन, घटनाको व्यवस्थापन गर्ने महत्वपूर्ण कार्यमा सहभागी हुनु पर्दछ । यसका साथैराष्ट्रिय घटना व्यवस्थापन प्रणालीको दिशानिर्देशन अनुरुप एक सुसंगत, व्यापक प्रकोप प्रतिकार्य निर्माण गर्नमा भूमिका खेल्न सक्दछ ।

३.४.४. नीति निर्देशन प्रदान गर्ने

आपत्कालीन घटना प्रतिकार्य सञ्चालन केन्द्रका टोली सदस्यहरुले घटनाको प्राथमिकता अनुसार रणनीतिक योजना तय गर्ने, आवश्यकता अनुसार निति नियम बनाउने तथा मार्गदर्शन प्रदान गर्ने गर्दछ। टोलीका सदस्यहरूले कानुनी सल्लाहको आधारमा काम गर्छन् । यस्का साथै अधिकार प्राप्त अधिकारीले निषेधाज्ञाजस्ता सुरक्षात्मक उपायहरू अपनाउने अधिकार राख्छन, र संञ्चार माध्यमहरु मार्फत सरोकारवालाहरुलाइ जानकारी सार्वजनिक गर्ने अधिकार रहन्छ। सामान्यतया, EOCका कर्मचारीहरू संघ, प्रदेश र स्थानीय तहमा अवस्थित सबैसरकारी एजेन्सीहरूसँग समन्वय सहकार्य तथा सम्पर्कमा रहेर कार्य सम्पादन गर्दछन्।

३.५ स्थानीय सरकार तथा स्थानीयविपद् व्यवस्थापन समितिसंग समन्वय

स्थानीय प्रकोप जोखिम व्यवस्थापन योजना (LDRMP २०६८) को दिशानिर्देश अनुसार नेपालको हरेक स्थानीय तह तथा वडाहरुमा स्थानीय विपद् जोखिम व्यवस्थापन समिति गठन गरी विपद् जोखिम न्यूनिकरण तथा प्रतिकार्यका गतिविधि संचालन गर्ने व्यवस्था रहेको छ । यसका साथैसरोकारवाला विभिन्न गैरसरकारी संस्था र सामुदायिक संगठनहरूले समुदाय स्तरको विपद् जोखिम व्यवस्थापन गर्न, आवश्यक रुपमा पूर्वतयारी तथा प्रतिकार्य गर्नको लागि मद्दत गर्दछन्। तसर्थ स्थानीयआपत्कालीन प्रतिकार्य केन्द्रले आफना क्षेत्रहरूमा सञ्चालन हुने आपत्कालीन प्रतिकार्यहरुका लागिस्थानीय तह तथा अन्य स्थानीय विपद् व्यवस्थापन समिति, सामुदायिक संघ संस्थाहरु सँग समन्वय गर्दै जानु पर्दछ।

३.६ केन्द्र/जिल्लातहमा रहेकाआपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्र(N/DEOC)संग समन्वय

विपद् जोखिम व्यवस्थापनमा आईपर्ने जटिलता तथा उपलब्ध स्रोत र क्षमताको अभावलाई परिपुर्ति गर्न सवै आपत्कालीन प्रतिकार्य केन्द्रले ठाडो (केन्द्र तथा जिल्लास्तरमा रहेका आपत्कालीन प्रतिकार्य केन्द्र) तथा तेर्सो (वरिपरिको अन्य स्थानीय आपत्कालीन प्रतिकार्य केन्द्र) दुवै तरीकाले समन्वय गर्दै पूर्वतयारी र प्रतिकार्य गतिविधिहरूसञ्चालन गर्नु पर्दछ ।

३.७ क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवीय सहायतामा संलग्न संघ संस्थाहरूसँग समन्वय

आपत्कालीन प्रतिकार्य केन्द्रलेआवश्यक सहायता पर्याप्त रुपमा प्राप्त गर्नको लागि विभिन्न क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवीय सहायतामा संलग्न संघ संस्थाहरूसँग समन्वयगर्न सक्दछ। यसैगरी, नेपालमा केवल एक अन्तर्राष्ट्रिय विमानस्थल राजधानीकाठमाडौंमारहेको छ ।कहिलेकाँही देशका अन्य प्रमुख शहरहरूमा पनि अन्तर्राष्ट्रिय विमानस्थलहरूसँग समन्वय गर्ने ठूलो जिम्मेवारी आई पर्न सक्छ। यस्तो समन्वयका लागि पनि स्थानीय स्तरमा रहेकाविपद्व्यवस्थापन समितिसँग समन्वय र निर्देशनमा आपत्कालीन प्रतिकार्य केन्द्रले नै गर्न सक्दछ।

३.८ गाउँपालिकास्तरीय विभिन्न विषयगत समिति र उपसमितिहरूको गठन

मानवीय सहायतालाई व्यवस्थित रुपमा संचालन गर्न तथा आपत्कालीन अवस्थामा प्रभावकारी तरिकाले प्रतिकार्य गर्नगाउँपालिकास्तरीय विभिन्न विषयगत समिति र उपसमितिहरूको गठन गर्न आवश्यक हुन्छ । यस गाउँपालिकाकोविपद् व्यवस्थापन समितिले आयोजना गरेको बैठकमा उपस्थित सदस्यहरूले विभिन्न चरणमा छलफल गरेर जिल्लामा कार्यरत संस्थाहरुलाई विभिन्न विषयगत क्षेत्रमा विभाजन गरीसहयोगी निकाय रसंघ संस्थाहरुकोसमेत पहिचान गरि समन्वयमा ल्याएको छ।

विभिन्न विषयगत समिति र उपसमितिहरुको गठन, जिम्मेवार व्यक्तिहरूको सम्पर्क विवरण र ती समितिहरुको उत्तरदायित्वहरूको विवरण पनि तलको तालिकामा दिइएको छ ।

तालिका१७: विषयगत समिति र उपसमितिहरुको उत्तरदायित्व र सम्पर्क व्यक्तिको विवरण

क्र.स.	विषयगत समिति र उपसमितिहरु	अगुवा विभाग तथा कार्यालय	मुख्य दायित्व	सहयोगी सस्थाहरु
१	समन्वय, खोज समग्र तथा उद्धार रसूचना व्यवस्थापन	गाउँपालिका अध्यक्ष रविषयगत समिति संयोजक, प्रशासन, योजना र अनुगमन शाखा सिम्ता गाउँपालिका	- सम्बन्धित क्षेत्र र सरोकारवालाहरु सँग समन्वय, सूचना सङ्कलन, विश्लेषण गरी विभिन्न माध्यमहरुको प्रयोग गरी प्रवाह गर्ने र आपत्कालीन प्रतिकार्यको लागि समन्वय गर्ने - सरकारी तथा गैरसरकारी संघसंस्थाहरु लगायत, सबै विषयगत समितीहरूसँग समन्वय, - विपद् भैसकेपछिको अवस्थाको जानकारी सङ्कलन गर्ने र आवश्यक जानकारी सरोकारवालाहरू मार्फत आम समुदायमा फैलाउने । - सूचना प्रवाहको वैकल्पिक माध्यमहरू पहिचान गरेर जानकारीको प्रवाह सुनिश्चित गर्ने, - प्रतिकार्यको आवश्यकता अनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय स्थापना गर्ने । - विपद् प्रभावितलाई भेदभाव नगरी उद्धार गर्ने र सुरक्षित स्थानमा पुऱ्याउने, - सबैभन्दा कमजोर र संकटासन्न अवस्थामा रहेका समूह जस्तै बच्चाहरू, वृद्धहरू, गर्भवती सुत्केरी महिलाहरू र अशक्त मानिसहरूलाई प्राथमिकतामा राखेर खोज तथा उद्धार कार्य गर्ने । - तत्काल प्रभावित व्यक्तिहरूको ज्यान बचाउन, घाइतेहरूको प्राथमिक उपचार र तत्काल अस्पतालमा भर्नाको व्यवस्था गर्ने,	जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, राष्ट्रिय अनुसन्धान, राजनीतिक दलहरु, विषयगत उपसमितिहरु, नेपाल रेडक्रस सोसाइटी आदि

क्र.स.	विषयगत समिति र उपसमितिहरु	अगुवा विभाग तथा कार्यालय	मुख्य दायित्व	सहयोगी सस्थाहरु
			- अस्थायी बसोवासका लागि सहयोग प्रदान गर्ने । - नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरेर वार्षिक रुपमा कृत्रिम घटना अभ्यास गर्ने	
२	खाद्य सुरक्षा र कृषि	आर्थिक विकास समिति संयोजक, कृषि तथा पशु शाखा प्रमुख	- विपद्वाट विस्थापितहरूलाई आवश्यक खाद्यान्न सामग्रीहरू प्रदान गर्ने । - सबैभन्दा कमजोर र संकटासन्न अवस्थामा रहेका समूह जस्तै बच्चा, वृद्धहरू, गर्भवती सुत्केरी महिला र अशक्त मानिसहरूलाई पौष्टिक खाना प्रदान गर्ने । - विपद् प्रभावित परिवारलाई कृषि र पशुपालनमा आधारित परिवारका लागि पशुजनको संरक्षणगर्न सहयोग गर्ने ।	जिल्ला पशु सेवा विज्ञ केन्द्र, नेपाल खाद्य संस्थान, कृषि क्षेत्रमा काम गर्ने सरकारी तथा विभिन्न गैरसरकारी संस्थाहरु
३	आपत्कालीन आश्रय तथा गैर खाद्य सामाग्री क्षेत्र	वातावरण तथा विपद् समिति संयोजक, प्रशासन, आर्थिक विकास शाखा प्रमुख	- विस्थापितहरूको लागि अस्थायी रुपमा सुरक्षित आश्रयस्थलको व्यवस्था गर्ने, - विपद्बाट विस्थापित हुनसक्ने जनताका लागि अस्थायी आवासको व्यवस्था गर्ने जुन न्यूनतम मानवीय मापदण्डको साथ सामाजिक र सांस्कृतिक रूपमा स्वीकार्य हुनु पर्दछ । - विस्थापितहरूको लागि गैर भेदभावपूर्ण सुरक्षित आवासमा पहुँच स्थापना गर्ने, - विस्थापित व्यक्तिको दैनिक जीवनका लागि चाहिने आवश्यकतामा पहुँच पुऱ्याउने ।	नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, ने.रे.सो. उ.बा.संघ, WFP, गै.स.स, नेपाल, सहकारी संघ, यातायात व्यवसायी
४	खानेपानी, सरसफाई र स्वच्छता	पूर्वाधार विकास समिति संयोजक, प्राविधिक शाखा तथा योजना शाखा प्रमुख	- प्रकोप प्रभावित र विस्थापित समुदायलाई स्वच्छ पिउने पानी उपलब्ध गराउने र पानीले सार्ने रोगहरूबाट हुने महामारीजन्य खतराबाट उनिहरूलाई जोगाउने । - मापदण्ड अनुसार सुरक्षित अस्थाइ चर्पी व्यवस्थापन गर्ने, - महिला स्वास्थ्य तथा सरसफाइका लागि चाहिने सरसफाई सामग्रीहरुको उचित प्रवन्ध गर्ने । - प्रकोपवाट विस्थापीत समुदायको अस्थाइ वसोवास स्थलमा सावुनपानीले हातधुने स्थानको तथा नुहाउने सुविधाहरूउचित व्यवस्थापन गर्ने ।	खा.पा.स.स. कार्यालय, यूनिसेफ, गैसस महासंघ, रेडक्रस तथा सम्वद्ध सहयोगी निकायहरु

क्र.स.	विषयगत समिति र उपसमितिहरु	अगुवा विभाग तथा कार्यालय	मुख्य दायित्व	सहयोगी सस्थाहरु
			- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सामग्रीहरु उपलब्ध गराउने ।	
५	स्वास्थ्य, शिक्षा र पोषण (खाद्यान्न)	सामाजिक विकास समिति संयोजक, स्वास्थ्य, शिक्षा शाखा प्रमुख	- घाइतेहरूलाई तत्काल उपचार र स्वास्थ्य सेवा प्रदान गर्ने, विशेष गरी आपतकालको अवस्थामा समूहहरूको स्वास्थ्य र पोषण आवश्यकताहरू पूरा गर्ने । - झाडापखाला, हैजा र पानीजन्य एवं कीटजन्य सरुवारोगहरूको रोकथाम तथा उपचार सुनिश्चित गर्ने, - रोग फैलिएमा प्रभावकारी रूपमा नियन्त्रण गर्ने हरसम्भव प्रयास गर्ने तथा विभिन्न निकायको सहयोग लिने, - आधारभूत स्वास्थ्य सेवामा प्रभावित तथा विस्थापितको पहुँच सुनिश्चित गर्न स्वास्थ्य शिविर सञ्चालन, मानवस्रोत परिचालनजस्ता उपाय अपनाउने, - कुपोषणबाट प्रभावित विस्थापित महिला, बालबालिका तथा जेष्ठ नागरिक र बिरामीलाई पुरक खानाको व्यवस्था गरी उनीहरूको स्वस्थ जीवनको प्रत्याभूति गर्ने । - विपद् प्रभावित र विस्थापित विद्यार्थीहरूको आपत्कालीन स्थितिमा नियमित अध्ययनका लागिआपत्कालीन शिक्षा प्रदान गर्ने प्रबन्ध मिलाउने। - सुरक्षित सिक्ने वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोवैज्ञानिक असरको सामना गर्ने कार्यमा विद्यार्थीहरू र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुऱ्याउने ।	जनस्वास्थ्य सेवा कार्यालय, शिक्षा समन्वय इकाइ, स्वास्थ्य तथा पोषण क्षेत्रमा कार्यरत अ/गैसस तथा युनिसेफ, रेडक्रस
६	संरक्षण तथा सुरक्षा क्षेत्र, शिघ्र पुर्नलाभ	सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समिति संयोजक, रोजगार सेवा केन्द्र, म.वा.वि. शाखा	- महिला तथा बालबालिका लगायत जोखिममा परेका समूहलाई हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु - विपद्मा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई राहत सहयोग उपलब्ध गराउनु तथा राहत, पुनर्स्थापना र पुननिर्माणमा सबैको समानुपातिक पहुँच	जिल्ला प्रशासन कार्यालय, भवन पूर्वाधार विकास कार्यालय, राजनैतिक दल, रेडक्रस, उ.वा.संघ, पूर्वाधार विकास

क्र.स.	विषयगत समिति र उपसमितिहरु	अगुवा विभाग तथा कार्यालय	मुख्य दायित्व	सहयोगी सस्थाहरु
			कायम गराउनु, - सुत्केरी, आमाको दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाजस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई विशेष स्थानमा पुर्नस्थापित गर्नु - विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानवअधिकारको उपभोग गर्न सक्षम बनाउनु, - जोखिममा रहेका समुहहरुको संरक्षण सुनिश्चितताका लागि आपत्कालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने । - आपत्कालीन अबस्था को कारण उत्पन्न परिस्थिती (हिंसा, उत्पीडन, शोषण, दुर्व्यबहार तथा बिभेद र जोखिमहरु)लाई सम्बोधन गरी विपद्बाट प्रभावितहरुको संरक्षण गर्ने र त्यस्तादुर्व्यहारबाट प्रभावित हरुका लागि सेवाका प्रक्रिया लाई प्रभाबकारी रुपमा संचालन गर्ने गराउने । - विपद् प्रभावित समुदायसम्म तत्काल राहत प्रतिकार्यका सहयोगहरूको सहज पँहुचको लागि यथासक्य चाँडो भौतिक पूर्वाधारहरूको पुनर्स्थापना/पुनर्निर्माण गरी सुरक्षित पहूंचको सुनिश्चितता गर्नुका साथै सार्वजनिक सेवालाई सुचारु गर्ने	क्षेत्रमा कार्यरत अ/गैससहरु

३.९ विषयगत समिति र उपसमितिहरुको अगुवा व्यक्ति र सम्पर्क विवरणहरू

विभिन्न विषयगत समिति र उपसमितिहरुको चयन गरिएको शाखा र जिम्मेवार व्यक्तिहरूको सम्पर्क विवरण तलको तालिकामा दिइएको छ ।

तालिका १८: गाउँपालिकास्तरीय विषयगत समिति र उपसमितिहरुको सम्पर्क विवरणहरू

१. समन्वय, खोज तथा उद्धार र सूचना व्यवस्थापन

क्रसं	नाम	भूमिका	संस्था	पद	फोन नम्वर
१	ऐन बहादुर चन्द	संयोजक	गाउँपालिका	अध्यक्ष	९८४८२९५५८
२	गोमा शर्मा रेग्मी	सह-संयोजक	गाउँपालिका	उपाध्यक्ष	९८६८१०२६४३
३	ओम प्रकाश देवकोटा	सदस्य	गाउँपालिका	प्रमुख प्रशासकीय अधिकृत	९८५८०७७५००
४	राम बहादुर नेपाली कामी	सदस्य	गाउँपालिका	सामाजिक विकास समितिका संयोजक	९८२२४३३५२५
५	खगेन्द्र सिंह ठकुरी	सदस्य	गाउँपालिका	पूर्वाधार विकास समितिका संयोजक	९८४८०५११२८
६	कविराज योगी	सदस्य	गाउँपालिका	वातावरण तथा विपद्व्यवस्थापन समितिका संयोजक	९८६८३७४१५०
७	प्रमिला खत्रि बि.सी.	सदस्य	गाउँपालिका	सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक	९८६४७०९६५६
८	मोहन कुमार चन्द	सदस्य	गाउँपालिका	आर्थिक विकास समितिका संयोजक	९८६८०३८००४
९	किरण गौतम	सदस्य	गाउँपालिका	सूचना प्रविधि अधिकृत	९८४४७५७५७५
१०	स्वरुप शर्मा	सदस्य	नेपाल प्रहरी	प्रमुख इलाका प्रहरी कायांलय	९८५८०८२९१९
११	यमराज गिरी	सदस्य	ने.रे.सो.	सभापति (स्थानीय उप शाखा)	९८१०९९१७७९, ९७४५५००५१५
१२	लक्ष्मि प्रसाद रेग्मी	सदस्य	उ.बा.संघ	अध्यक्ष	९८६६७७३६७४
१३	शैलेन्द्र देव गिरी	सदस्य सचिव	गाउँपालिका	विपद् सम्पर्क व्यक्ति	९८४३३५०८८४

२. खाद्य सुरक्षा तथा कृषि क्षेत्र

क्रसं	नाम	भूमिका	संस्था	पद	फोन नम्वर
१	मेहन कुमार चन्द	संयोजक	गाउँपालिका	आर्थिक विकास समितिका संयोजक	९८६८०३८००४
२	संग्राम चन्द	सदस्य	गाउँपालिका	कृषि शाखा प्रमुख	९८४८११२७४०
३	दिल बहादुर पुन	सदस्य	गाउँपालिका	पशुपंक्षी शाखा प्रमुख	९८२९५४९७९४

३. आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र

क्रसं	नाम	भूमिका	संस्था	पद	फोन नम्वर
१	कविराज योगी	संयोजक	गाउँपालिका	वातावरण तथा विपद्व्यवस्थापन समितिका संयोजक	९८६८३७४१५०
२	टोप बहादुर राना	सदस्य	गाउँपालिका	जिन्सी शाखा प्रमुख	९८५८०२७७५१
३	यामलाल पौडेल	सदस्य	गाउँपालिका	आर्थिक प्रशासन शाखा प्रमुख	९८४८१०६२३१

४. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

क्रसं	नाम	भूमिका	संस्था	पद	फोन नम्वर
१	खगेन्द्र सिंह ठकुरी	संयोजक	गाउँपालिका	पूर्वाधार विकास समितिका संयोजक	९८४८०५११२८
२	शैलेन्द्र देव गिरी	सदस्य	गाउँपालिका	प्रमुख योजना इकाई प्रमुख	९८४३३५०८८४
३	मदन कुमार चन्द	सदस्य	गाउँपालिका	पूर्वाधार विकास शाखा	९८५८०७७५०२

५. स्वास्थ्य, शिक्षा तथा पोषण क्षेत्र

क्रसं	नाम	भूमिका	संस्था	पद	फोन नम्वर
१	राम बहादुर नेपाली कामी	संयोजक	गाउँपालिका	सामाजिक विकास समितिका संयोजक	९८२२४३३५२५
२	विरेन्द्र पुन	सदस्य	गाउँपालिका	स्वास्थ्य शाखा प्रमुख	९८६८२५५९१६
३	बुद्धि बहादुर गौतम	सदस्य	गाउँपालिका	शिक्षा शाखा प्रमुख	९८६८९११७२३

६. संरक्षण तथा सुरक्षा क्षेत्र, शीघ्र पुनर्लाभ क्षेत्र

क्रसं	नाम	भूमिका	संस्था	प्द	फोन नम्वर
१	प्रमिला खत्रि बि.सी.	संयोजक	गाउँपालिका	सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक	९८६४७०९६५६
२	प्रकाश कुमार चन्द	सदस्य	गाउँपालिका	प्रशासन इकाई प्रमुख	९८५८०४८३६७
३	सुनिता पौडेल	सदस्य	गाउँपालिका	महिला तथा बालबालिका विकास इकाई प्रमुख	९८६७३१क२८४४

३.१० विषयगत समिति र उपसमितिहरुसँग उपलब्ध संसाधन र क्षमता

विभिन्न संघसंस्थाहरुलाई कार्य क्षेत्र अनुसार जिम्मेवारीहरू वहन गर्नुपर्ने भएकोलेआपत्कालीन अवस्थालाई सहज तरिकाले व्यवस्थापन गर्नका लागि पर्याप्त मात्रामा मानवीय र अन्य स्रोतहरू उपलब्ध हुन जरुरी छ। प्रत्येक विषयगत समिति तथा उपसमितिहरु आवाश्यक श्रोतसाधनको व्यवस्थाआफैले जोहो गर्नुपर्दछ । सिम्ता गाउँपालिकामा कार्यरत विभिन्न विषयगत समिति र उप-समितिहरू सँग उपलब्ध मुख्य क्षमता र स्रोतहरूको संक्षिप्त विवरण तालिकामा दिइएको छ ।

तालिका१९: विभिन्न विषयगत समिति र उपसमितिहरुसँग रहेका संसाधान र क्षमता

विभिन्न समितिहरू/उपसमितिहरू	प्रमुख व्यक्ति	विषयगत क्षेत्र	क्षमता	उपलब्ध स्रोतहरू

विभिन्न समितिहरू/उपसमितिहरू	प्रमुख व्यक्ति	विषयगत क्षेत्र	क्षमता	उपलब्ध स्रोतहरू
समन्वय, खोज तथा उद्धार र सूचना व्यवस्थापन	ऐन बहादुर चन्द			दक्ष जनशक्ति, खोज तथा उद्धार सामग्री
खाद्य सुरक्षा र कृषि	मेहन कुमार चन्द			दक्ष जनशक्ति
आपत्कालीन आश्रय तथा गैर खाद्य सामाग्री क्षेत्र	कविराज योगी			खुल्ला स्थानहरु
खानेपानी, सरसफाई र स्वच्छता	खगेन्द्र सिंह ठकुरी			
स्वास्थ्य, शिक्षा र पोषण (खाद्यान्न)	राम बहादुर नेपाली कामी			
संरक्षण तथा सुरक्षा क्षेत्र, शिघ्र पुर्नलाभ	प्रमिला खत्रि बि.सी.			

खण्ड ४: विपद् परिदृश्य, पूर्वतयारी र प्रतिकार्य योजना

४.१ सिम्तागाउँपालिकाको सम्भावित विपद् परिदृश्य

कुनै पनि विपद्को घटनामासामाजिक, सॉस्कृतिक तथा भौतिक प्रणालीको सुरक्षासुनिश्चित गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले महत्वपूर्ण भूमिका खेल्छ । तसर्थ कुनै पनि विपद्को योजनाहरू विकास गर्न र तयार भैसकेका योजनालाईप्रभावकारी रुपमा लागु गर्न ती विपद्हरुको परिदृश्यहरूलाई होशियारीपूर्वक विकास र मूल्याङ्कन गर्न आवश्यक छ। यस योजना निर्माणको लागिविभिन्न विपद्को लागि विभिन्न प्रकारको कम्प्यूटर सफटवेयरको प्रयोग गरी बहुप्रकोपीय जोखिमको आधारमा विपद् परिदृश्यहरु प्रस्तुत गरिएको छ। साथै विपद् परिदृश्यको लागिस्थलगत क्षेत्र अवलोकन र स्थानीय जन प्रतिनिधीहरु सॅगछलफल पनि गरिएको छ।

यस खण्डमासिम्ता गाउँपालिकामा हुन सक्ने विभिन्न विपद्बाट हुने सम्भावित परिदृश्यको साथसाथै आवश्यक पूर्वतयारी र प्रतिकार्य योजना, सर्तहरू, प्रस्तावित गतिविधिहरू, कार्यान्वयन विधिहरूप्रस्तुत गरिएको छ। यस पूर्वतयारी तथा प्रतिकार्य योजनाले आपत्कालीन परिस्थिति आईपरेमा व्यवस्थापनको लागि गरिने प्रस्तावित कार्यहरूलाई पनि नियमित गर्न र मूल्याङ्कन गर्न मद्दत गर्दछ। यसका साथै प्रत्येक विषयगत समितिर उपसमितीले आफुसॅग भएको श्रोत र साधनलाई व्यवस्थित गर्नको लागि तयार गरिएको विपद् पूर्वतयारी र प्रतिकार्य योजनाहरू आवधिक रूपमा अद्यावधिक गर्दै लग्नु पर्दछ ।

तालिका२० : विपद् पूर्वतयारी तथा प्रतिक्रिया योजनाको विकासका लागि तयार गरिएको विपद् परिदृश्यहरू

क्र.स.	प्रकोप/विपद्	विपद् परिदृश्य
१	भूकम्प	सन २०७२ को गोरखा भूकम्पको जस्तै अर्को भूकम्प हुन गएमा (७.८ म्याग्निच्युड) • भवनमा हुन सक्ने क्षति मध्यम - १४१३, विस्तृत - ५२३ र पूर्ण - २२१ • मानवीय क्षति मृत्यु - करीव २३ व्यक्ति, चोटपटक - मध्यम (२२४), गम्भीर (८२) • प्रभावित हुन सक्ने जनसंख्याकरीव ५०% • भौतिक संरचनामा क्षतिः १२% भन्दा बढि WASH सुविधा र अस्थायी बन्दोबस्तः २२% भन्दा बढी बिग्रिने साथै हजारौंमानिस विस्थापित भएर सडक तथा सार्वजनिक र व्यक्तिगत ठाँउमा अस्थायी रुपमा वस्न सक्ने हुनालेमहामारीको समस्या निम्त्याउन सक्ने देखिन्छ ।
२	पहिरो	डाँडाखाली,काप्रीचौर, चुनपानी, आग्रीगाँउ, सिमलगाँउ, र पिल्का सॅग सॅगै सिम्ता गाउँपालिकाको कुनै पनि ठाउँमा पहिरो गएमा • जोखिममा रहेका भवन : करिव २२४५ (डाँडाखाली, चुनपानी, आग्रीगाँउ, सिमलगाउ, र पिल्का) • उच्च जोखिममा रहेका मानिस :करीव ३१% • प्रभावित जनसंख्या : लगभग ७९% प्रत्यक्ष रुपमा प्रभावित हुन सक्ने ।
३	बाढी	भारी वर्षाभैहालेमा भवनमा हुन सक्ने क्षति : रोकाया, गोजीखोला, जुगैखोला, पानीखोला, पिल्का, थिङनी र राकम बजारमा रहेका करिव ४४ घर खेतियोग्य जमिनको क्षति : २.६२ % भन्दा बढी

		प्रभावित जनसंख्या : रोकाया, गोजीखोला, जुगैखोला, पानीखोला, पिल्का, थिङनी र राकम बजारका करीव २०० व्यक्ति अत्यधिक मात्रामा प्रभावित हुन सक्ने
४	आगलागी	विशेष गरी बाक्लो र पुरानो बस्ती (डाँडाखाली, आग्रीगाँउ, सिमलगाउ, र पिल्का) मा आगलागी हुन सक्ने र अन्य वनजङ्गल वरपरका ठाउँमा डढेलो हुन सक्ने । आगलागीको जोखिममा रहेका भवन : करीव २४०३ भवन उच्च जोखिममा उच्च जोखिममा रहेका मानिस : करीव १२६६० प्रभावित हुन सक्ने : विस्थापितहरुसार्वजनिक स्थानमा अस्थायी रुपमा बस्न सक्ने र अस्थायी क्याम्पहरुमा महामारी निम्तिन सक्ने ।
५	महामारी	कुनै बस्तीमा वा सिम्ता गाउँपालिकाको विभिन्न स्थानहरूमा महामारी (उदाहरण कोलेरा, हैजा) हुन गएमा ● विभिन्न बस्तीबाट लगभग ८०० व्यक्ति प्रत्यक्ष रूपमा प्रभावित

माथि उल्लेखित विभिन्न परिदृश्य अनुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरु तयार गरिएको छ। ती योजनाहरूले विशेषगरी खाका प्रस्तुत गर्न खोजेको छ । आगामी दिनमा विषयगत समितिहरु विषय क्षेत्रको लागि विपद् पूर्वतयारी र प्रतिकार्य योजना सम्पन्न गर्दै लग्ने अपेक्षा गरिएको छ ।

४.२ विपद् पूर्वतयारी र प्रतिकार्य योजना - भूकम्प

क.आपत्कालीन परिदृश्य - भूकम्प

भूकम्पको कम्पन केही समय मात्रै महसुस गर्न सकिन्छ । भूकम्पको कुनै पनि पूर्वानुमान गर्न सकिदैन। साना साना भूकम्पको कम्पन महसुस गर्न सकिदैन तर ठूलो मात्रामा छ र घना बस्ती र धेरै जनसंख्या भएको समुदायको नजिक छ भने ठुलो मात्रामा क्षति पुऱ्याउन सक्छ। भवनहरूमा अधिकांश मात्रामा बिग्रन वा भत्किन सक्छन। घरमा रहेका गैर-संरचनात्मक वस्तुहरु जस्तै सिसा फुट्ने, दराजहरुत्था अन्यहल्का सामानहरु झर्ने पनि हुन सक्छन । तसर्थ ठुला ठुला भूईंचालो अलि कम मात्रामा हुने गर्दछ भने साना साना भूईंचालोको कम्पनव्याप्त मात्रामा महसुस गर्न सकिन्छ। धेरै जसो विद्यालय र अस्पताल भवनहरू केही मात्रामा सुरक्षित उपायहरु अवलम्वन गरी बनाइएका हुन्छन्, तर त्यसमा रहेका गैर संरचनात्मक वस्तुमा ठुलो मात्रामा क्षति हुन सक्छ । उपकरण र असुरक्षित रुपमा राखिएका सर-सामग्रीमा गम्भीर मात्रामा क्षति हुन सक्छ ।फलस्वरूप, भूकम्पकोकम्पनसंगैघर तथा अन्य सार्वजनीक संरचनामा पनिक्षति हुन सक्छ।

बाटोघाटो तथा सडकहरुमा चिरा पर्न सक्ने, भत्किन सक्ने वा पहिरोहरु झर्न सक्ने हुनाले यातायात सञ्चालन गर्न कठिनाई पर्न सक्दछ । भूकम्पको कम्पनले पानीको मूहान तथा सेवा आपूर्तिमा समस्या आईपर्न सक्छ ।पाइपलाईन तथा भण्डारण ट्याङ्कीमा टुटफुट हुन सक्छ। विद्युत प्रशारण लाइनतथाआपत्कालीन सेवा केन्द्रहरु स्कुल, अस्पताल पूर्ण रुपमा सञ्चालन नहुन सक्छन ।

ख. आपत्कालीन पूर्वतयारी - भूकम्प

भूकम्पको वेला हुन सक्ने प्रमुख खतरा भनेको भवनहरु भत्किन सक्ने, घरभित्र राखिएका गैरसंरचनात्मक वस्तुहरु खस्न सक्ने, विद्युतका पोलहरु ढल्न सक्ने, ठाउँ ठाउँमा आगलागी हुन सक्ने भएकाले भूकम्पको बखत र भूकम्पपछिको अवस्थाको पूर्वतयारी गर्न आवश्यक पर्दछ । भुकम्पले समुदायमा हुन सक्ने जोखिमहरूकोपहिचान, पूर्व तयारी तथा प्रतिकार्य योजना मार्फत जोखिमहरु न्यूनीकरणगर्न सकिन्छ । भूकम्पको असर कम गर्न घर परिवार तथा समुदायले पहिले नै तयारी गर्न सक्दछ । विशेष गरि निम्नानुसारका तयारीहरु गर्दा भूकम्पवाट हुन सक्ने क्षति कम गर्न सकिन्छ ।

ग) आपत्कालीन प्रतिकार्य योजना - भूकम्प

भूकम्प पछि, स्थानीय व्यक्ति र अन्य सरोकारवालाहरु विभिन्न तवरले आपत्कालीन प्रतिकार्य तथा पूर्नलाभ प्राप्त गर्ने कार्यहरुमा संलग्न हुन सक्छन् । सामान्यतया विभिन्न विषयगत समिति तथा उपसमितिले तयार गरेको दिशानिर्देश अनुसार आपत्कालीन प्रतिकार्यमा संलग्न हुन सक्छन ।

तालिका २१: आपत्कालीन प्रतिकार्य योजना: भूकम्प

विनाशकारी भूकम्प पछि(कहिले देखि शुरु गर्ने ?) - १	आपत्कालीन प्रतिकार्य(प्रमुख प्रतिकार्यका गतिविधिहरू) -२	आपत्कालीन प्रतिकार्यका प्रक्रियाहरु - ३		नेतृत्व गर्ने समिति/ उप-समिति (कसले गर्ने?)	सहयोगी संघ-संस्थाहरू (को सँग मिलेर गर्ने?) - ५
		के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख		
सम्भव भएसम्म तुरुन्त '०'	• भूकम्पको बारेमा सही जानकारी प्रदान गर्नु • विभिन्न संचार माध्यमकासाधन हरू प्रयोग गरेर, भूकम्पको केन्द्रबिन्दुको साथै गर्नहुने र नहुने कियाकलापको बारेमा जानकारी प्रदान गर्नु	• भूकम्प पछि मानसिक रुपमा हतास हुने भएकोले जनमानसमा त्यस्तै खालको दुर्घटना हुने सम्भावना बढी हुन्छ । • DMG, MOHA, र NEOC बाट लिइएको वास्तविकसूचना वा तथ्यकोमात्रजानकारी प्रदान गर्नु ।	समन्वय तथा खोज र उद्धार	गाउँपालिका स्तरीय आपत्कालीन प्रतिकार्य संचालन केन्द्र	विषयगत उपसमितिहरु, नेपाल रेडक्रस सोसाइटी NSET तथा अन्य सहयोगी निकायहरु
भूकम्प पछि तुरुन्त '१'	• गाउँपालिकामा अवस्थित आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्रको बैठक आयोजना गर्ने	• गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिका सबै सदस्यहरूलाई आपत्कालीन बैठकको लागि आह्वान गर्ने • जिल्लामा रहेका खोज तथा उद्धार टोली सँग समन्वय गर्ने • जति सक्दो चाँडो, स्थानीय रूपमा	समन्वय, खोज तथा उद्धार	गाउँपालिका स्तरीय आपत्कालीन प्रतिकार्य संचालन केन्द्र	जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरु, राजनीतिक दलहरु, विषयगत उपसमितिहरु, नेपाल रेडक्रस सोसाइटी तथा अन्य सहयोगी संस्थाहरु

विनाशकारी भूकम्प पछि(कहिले देखि शुरु गर्ने ?) - १	आपत्कालीन प्रतिकार्य(प्रमुख प्रतिकार्यका गतिविधिहरू) -२	आपत्कालीन प्रतिकार्यका प्रक्रियाहरु - ३		नेतृत्व गर्ने समिति/ उप-समिति (कसले गर्ने?)	सहयोगी संघ-संस्थाहरू (को सँग मिलेर गर्ने?) - ५
		के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख		
		उपलब्ध रहेका खोज उद्धार टोलीको परिचालन गर्ने			
एक घण्टा पछि '२'	आफनो वरपर कतै आगालागी भएको छ, पहिचान गर्ने । आगलागी भएको छ भने अग्नि नियन्त्रकलाई सम्पर्क गर्नुहोस्	• सकेसम्म नजिकको अग्नि नियन्त्रक टोलीलाई सम्पर्क गर्ने • यदि अग्नि नियन्त्रक उपलब्ध छैन भने, स्थानीय रूपमा उपलब्ध सामग्री र प्रशिक्षित जनशक्ति जस्तै बालुवा, माटो र हरियो पात जस्ता सामग्री प्रयोग गर्नुहोस् ।	समन्वय, खोज तथा उद्धार	गाउँपालिका स्तरीय आपत्कालीन प्रतिकार्य संचालन केन्द्र	गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति/उप-समिति र अन्य सरोकारवालाहरु
पहिलो दिन '१'	• विभिन्न समिति/उप-समितिहरुको आपत्कालीन बैठक • क्षतिको प्रारम्भिक आँकलन तथा सूचना संकलन गर्ने	• विभिन्न समिति/उप-समितिका नेतृत्वहरूबीच समन्वय • गाउँपालिका तथा जिल्लामा अवस्थित सुरक्षा बल र अन्य सरोकारवालाहरुको परिचालन	समन्वय, खोज तथा उद्धार	गाउँपालिका स्तरीय आपत्कालीन प्रतिकार्य संचालन केन्द्र	गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति/उप-समिति र अन्य सरोकारवालाहरु
पहिलो दिन '२'	क्षतिको प्रारम्भिक आकलन स्थानीय आपत्कालीन प्रतिकार्य केन्द्रलाई उपलब्ध गराउने ।	गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति र आपत्कालीन प्रतिकार्य केन्द्र बीच समन्वय गरी बैठक आयोजना गर्ने	समन्वय, खोज तथा उद्धार	आपत्कालीन आश्रय तथा गैह्र खाद्य सामाग्री क्षेत्र	गाउँपालिका प्रकोप जोखिम व्यवस्थापन समिति र अन्य सरोकारवालाहरु
पहिलो दिन	स्थानीय स्तरको	स्थानीय रूपमा	समन्वय, खोज तथा	आपत्कालीन आश्रय	नेपाल रेडक्रस

विनाशकारी भूकम्प पछि(कहिले देखि शुरु गर्ने ?) - १	आपत्कालीन प्रतिकार्य(प्रमुख प्रतिकार्यका गतिविधिहरू) -२	आपत्कालीन प्रतिकार्यका प्रक्रियाहरु - ३		नेतृत्व गर्ने समिति/ उप-समिति (कसले गर्ने?)	सहयोगी संघ-संस्थाहरू (को सँग मिलेर गर्ने?) - ५
		के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख		
'३' निरन्तर जारी	खोज तथा उद्धार कार्य लाई तिब्रताका साथ संचालन गर्ने ।	उपलब्ध प्रशिक्षित जनशक्ति र संसाधनरूको परिचालन	उद्धार	तथा गैह्र खाद्य सामाग्री क्षेत्र	स्वयंसेवक, सुरक्षा बल
पहिलो दिन '४'	आपत्कालीन उपचार गर्ने	समूदाय स्तरमा रहेका प्राथमिक उपचारप्राप्त (BEMR, MFR)जनशक्ति र स्वास्थ्य चौकीका अन्य कर्मचारीहरूको स्वस्फुर्त परिचालन गर्ने	स्वास्थ्य शिक्षा तथा पोषण	RRT,प्राथमिक उपचारकतथा स्वयमसेवकसमूह	नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवक, सुरक्षा बल, स्थानीय स्वास्थ्य चौकी र अन्यअन्तराष्ट्रिय/राष्ट्रिय गैर-सरकारी संस्थाहरु
पहिलो दिन '५'	जिल्ला तथा राष्ट्रियस्तरमा रहेका खोज तथा उद्धार संग सम्वद्ध निकाय संगको समन्वय, सहकार्य तथा मार्गदर्शन अवलम्वन गर्ने	गाउँपालिकास्तरमा रहेका विपद् जोखिम व्यवस्थापन समिति मार्फत NEOC सँग MFR र CSSRटोली परिचालनको लागि अनुरोध गर्ने ।	समन्वय, खोज तथा उद्धार	गाउँपालिका स्तरीय आपत्कालीन प्रतिकार्य संचालन केन्द्र	सुरक्षा बल, नेपाल रेडक्रस स्वयंसेवक, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल र अन्य वरिपरिका गाउँपालिकामा रहेका स्वयंसेवकहरु
दोश्रो दिन '१'	पुल, स्वास्थ्य चौकी, बिजुली, पानी आपूर्ति प्रणाली र टेलिफोन जस्ता अति आवाश्यक भौतिक पूर्वाधारहरूको विस्तृत क्षति मूल्याङ्कन	सुरक्षा निकाय तथा विभिन्न समिति/ उप-समिति मातहत रहेका विशेषज्ञहरुलाई सम्बन्धित क्षेत्र अनुसार परिचालन गर्ने	योजना अनुगमन, भौतिक पूर्वाधार तथा खानेपानी सरसफाइ शाखाहरु,	पूर्वाधार विकास, अनुगमन मूल्याङ्कन तथा खानेपानी सरसफाइ स्वच्छता समिति	स्वास्थ्य चौकी, राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैर सरकारी संगठन, सडक विभाग, विद्युत प्राधिकरण, खानेपानी सरसफाइ कार्यालय आदि
	खाना, लत्ता कपडा, अस्थायी बसोबासर अन्य उपभोग्य वस्तुहरूको व्यवस्थापन	खाद्य र गैर-खाद्य वस्तुहरूको भण्डारण र वितरण वितरण	आपत्कालीन आश्रयतथा गैर खाद्य सामग्री क्षेत्र	वातावरण तथा विपद् व्यवस्थापन समिति	गाउँपालिकामा रहेका विभिन्न विभागहरु, वडा कार्यालयहरू, गैर-सरकारी संस्थाहरू, स्वयंसेवकहरू

विनाशकारी भूकम्प पछि(कहिले देखि शुरु गर्ने ?) - १	आपत्कालीन प्रतिकार्य(प्रमुख प्रतिकार्यका गतिविधिहरू) -२	आपत्कालीन प्रतिकार्यका प्रक्रियाहरु - ३		नेतृत्व गर्ने समिति/ उप-समिति (कसले गर्ने?)	सहयोगी संघ-संस्थाहरू (को सँग मिलेर गर्ने?) - ५
		के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख		
दोश्रो दिन '२'	घरहरुमा क्षति भएका वा संकटमा परेका मानिसहरूलाई आपत्कालीन आश्रयस्थलहरूको व्यवस्था गर्ने ।	स्थानीय गोदामहरू, आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने (पालहरू, प्लास्टिक वितरण र नजिकका स्कूलहरू, सामुदायिक भवनहरू र खेलकुद भवनहरू जस्ता सुरक्षित भएमा जस्ता घरहरूमा अस्थायी आवासको प्रबन्ध गर्नुहोस्।	आपत्कालीन आश्रय तथा गैर खाद्य सामग्री क्षेत्र	सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समिति	सडक विभाग, भवन विभाग, समुदाय आधारित संगठनहरु र अन्य गैर-सरकारी संगठनहरु, खानेपानी आपूर्ति विभाग
दोश्रो दिन '३'	मृत शरीर व्यवस्थापन	नेपाल सरकार, गृह मन्त्रालयको नियम र विनियमन अनुसार	सामाजिक विकास समिति	समन्वय, खोज अद्धार र सूचना व्यवस्थापन	गाउँपालिका सरकार, सुरक्षा बल र अन्य प्रशिक्षित खोज र उद्धारकर्ताहरू
	फोहोर व्यवस्थापन	नेपाल सरकार फोहोर व्यवस्थापन रणनीतिक योजना २०१४ को अनुसार	खानेपानी सरसफाइ तथा स्वच्छता	पूर्वाधार विकास समिति	नेपाल सरकारको सुरक्षा बल, सरकारी तथा गैर सरकारी सस्थाहरुबाट तालिम प्राप्त जनशक्ति
दोश्रो दिन '४'	महिला र बालवालिकाहरुको संरक्षण गर्ने	बालबालिकाहरू, महिलाहरू, बृद्धबृद्धाहरू, अशक्तहरू जो मानसिक रुपमा कमजोर हुन्छन ती सबैलाई आत्मसम्मानका साथ बाँच्नको लागि प्रेरित गर्ने बिभिन्न अमानवीय गतिविधिहरू र हिंसा हुन नदिने	महिला तथा बालबालिका संरक्षण	संरक्षण,सुरक्षा तथा सिघ्र पुनर्लाभ क्षेत्र	सामाजिक विकास मन्त्रालय, UN–OCHAरअन्य सहयोगी संस्थाहरु मनोचिकित्सक

४.३ विपद् पूर्वतयारी र प्रतिकार्य योजना - पहिरो

क. आपत्कालीन परिदृश्य - पहिरो

गुरुत्वाकर्षण शक्तिवाट प्रेरित भू-चलायमानकासबै प्रकारका घटनाहरूजस्तै ढुङ्गा खस्ने, माटो बग्ने, गेग्रान बहाव, हिम पहिरोको साथै अत्याधिक बर्षात र भूकम्पीय हलचलको कारणले भिरालो सतहमा अवस्थित रहेका भौतिक तथा सांस्कृतिक संरचनाहरु तल तिर सर्ने, झर्ने सवै प्रकिया पहिरोमा सामेल हुन्छन ।विभिन्न प्रकारका पहिरोहरु मध्ये विशेषगरी गेग्रान बहावलाई अत्याधिक शक्तिशाली पहिरो मानिन्छ । यस बहावमा ढुङ्गा माटो सँगै रुख विरुवा, घर, गाडी, बाटोघाटो सवै बगेर धेरै टाढा सम्म जान सक्दछ । धेरैजसो गेग्रान बहाव अत्याधिक चिस्यान तथा भिरालो धरातलबाट शुरु भई तिव्र गतिमा वगेर सम्म परेको सतह सम्म पुग्ने गर्दछ ।

पहिरोको कारण व्यापक मात्रामाक्षति हुनसक्छ । मानवीय जीवन गुमाउनु पर्ने, घाइते हुनसक्ने, भौतिक पूर्वाधारहरु विनाश हुनसक्ने, खेतवारी तथा जग्गा जमिनमा क्षति पुऱ्याउने लगायत प्राकृतिक स्रोतहरूमा समेत क्षति हुनसक्छ। पहिरोको सँगै आएकोढुङ्गा माटो जस्ता पदार्थले खोला तथा नदीहरूको बहावलाई पनि रोकेर बाढीको जोखिम बढाउन सक्छ। त्यसैगरी ठूला भूकम्पको कारण सुरु भएको गहिरो पहिरोले हजारौं किलोमिटर सम्म जमिन नष्ट गर्न र हजारौं मानिसलाई प्रभावित गर्न सक्छ। यस बाहेक पहिरोले खेती किसानीको जीविकामा पनि विनाशकारी प्रभाव पार्न सक्छ, जमिनको पहुँचमा रोकावट ल्याउन सक्दछ, बीज र खाद्यान्नको भण्डार नष्ट गर्न सक्छ।

ख. आपत्कालीन पूर्वतयारी -पहिरो

सम्भावित वर्षातको पूर्वानुमान, प्रारम्भिक चेतावनी र मानव जनसंख्या स्थानान्तरण गर्ने प्रक्रियाले पहिरोको कारण हुने सम्भावित क्षतिलाई धेरै मात्रामा कम गर्न सक्छ। त्यसैगरी मौसम पूर्वानुमान र वर्षातको जानकारी समयमा गराउनले पनि समुदायमाआपत्कालीन प्रतिकार्य गर्न सक्ने क्षमतामा केही हदसम्म सुधार गर्न सक्छ । यसका साथैभारी वर्षाको अग्रिम अनुमान, जोखिम र सम्भावित सुरक्षाका उपायहरुको बारेमा सुचना दिन आवाश्यक देखिन्छ । स्थानीय समुदाय आफनो वरिपरि भएको पहिरोको जोखिम वारे जागरूक हुने, साथ साथै आपत्कालीन पूर्वतयारी र प्रतिकार्यको बारेमा पनि शिक्षित हुनुपर्छ। सामुदायिक जागरूकताले सुरक्षित र स्वस्थ समुदायहरूको विकासलाई प्रवर्द्धन गर्न पनि ठूलो भूमिका खेल्न सक्छ, जहाँ भू-उपयोग र सुरक्षित भवन निर्माण प्रक्रियालाई नियमन गर्न सहयोग पुऱ्याउछ।

प्रारम्भिक चेतावनी प्रणालीको अभाव, मानव जनसंख्या स्थानान्तरण र आपत्कालीनआश्रयस्थलको अभावमामानवीय तथा भौतिक क्षतिको डर उच्च हुनसक्छ। पहिरो सुरु भैसकेपनि गरिने आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरूमा ढिलाई हुन सक्छ। आपत्कालीन प्रतिकार्यका गतिविधिहरु पहिरो सुरु हुनु अघि नै शुरू गर्न सकिन्छ - जब भारी वर्षात वा जमिनको सतहमा अस्थिरता देखिन्छ - मानव समुदायलाई जानकारी गराई उच्च जोखिम क्षेत्रबाट स्थानान्तरण गर्नु पर्दछ।

ग.आपत्कालीन प्रतिकार्य योजना - पहिरो

खोज तथा उद्धार गरेर जोखिममा रहेका घरपरिवार रघाइते तथा चोटपटक लागेका व्यक्तिहरूलाई प्राथमिक उपचार प्रदान गर्नु पहिरोको लागि मुख्य प्रतिकार्य हुन सक्छ । त्यसैगरी पहिरोबाट प्रभावित जनसंख्याको लागि आपत्कालीन आश्रयस्थलको व्यवस्था गर्नु, क्षति भएका भौतिक पूर्वाधारहरु जस्तै खाद्य सुरक्षा, बिजुली बत्ती, खानेपानी, ढल निकास, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच पुऱ्याउनु पनि प्राथमिकतामा पर्दछ । यस वाहेक पहिरो पछि विस्थापित भएका घरपरिवारलाई व्यवस्थापन गर्न, आश्रयस्थलमा बसी रहेका घरपरिवारलाई आवश्यक सुविधा प्रदान गर्नु र त्यसको नियमित अनुगमन गर्नु पनि उत्तिकै आवश्यक पर्दछ । यसबाहेक पहिरो पछि मानवीय जीविकोपार्जनका उपायहरुलाई सहज बनाउदै लैजाने र क्षति भएका प्राकृतिक स्रोतहरूलाईछिटो भन्दा छिटो पुनः स्थापित गर्न आवश्यक हुन्छ ।

पहिरोले गर्दा मानवीय जीवन तथा भौतिक पूर्वाधारहरु तहसनहस हुन सक्ने भएकालेआपत्कालीन अवस्थामा प्रतिकार्यको लागि तलको तालिकामा केही दिशानिर्देशहरू दिइएको छन्, जुन विभिन्न विषयगत क्षेत्र समिति वा सरोकारवालाहरुलाई उपयोगी हुन सक्छ ।

तालिका २२: आपत्कालीन प्रतिकार्य योजना: पहिरो

विनाशकारी पहिरो पछि (कहिले देखि शुरु गर्ने?) - १	आपत्कालीन प्रतिकार्य (प्रमुख प्रतिकार्यका गतिविधिहरू) -२	आपत्कालीन प्रतिकार्यका प्रक्रियाहरु - ३		नेतृत्व गर्ने समिति/ उप-समिति (कसले गर्ने?)	सहयोगी संघ-संस्थाहरू (को सँग मिलेर गर्ने?) - ५
		के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्नेविषयगत क्षेत्र - ३ ख		
तुरुन्त	समुदाय स्तरवाटै खोज तथा उद्धार	तालिम प्राप्त खोज तथा उद्धार टोली परिचालन	समन्वय, खोज तथा उद्धार	MEOC	नेपाल रेडक्रस सोसाइटी, सुरक्षा बल
तुरुन्त	पहिरोको जोखिम रहेको बस्तीमा सूचना दिने, तुरुन्त खोजी तथा उद्धार टोलीको परिचालन गरिने, र यसै सूचनालाई जिल्लास्थित आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्रलाई जानकारी गराउने	तालिम प्राप्त खोज तथा उद्धार टोली परिचालन	समन्वय, खोज तथा उद्धार	MEOC	स्थानीय समुदाय, गाउँपालिका, सुरक्षा बल र स्वास्थ्य चौकी
घटना भएकै दिन	पहिरो बाट विस्थापित व्यक्ति तथा घरपरिवारहरूको लागि आपत्कालीन आश्रयस्थलको स्थापना	तालिम प्राप्त खोज तथा उद्धार टोली परिचालन	आपत्कालीन आश्रयस्थल व्यवस्थापन	आपत्कालीन आश्रय तथा गैह्र खाद्य सामाग्री	पलिकास्तरीय विपद् व्यवस्थापन समिति, सुरक्षा बल
पहिरो पछि तुरून्तै '१'	स्थानीय रुपमा उपलब्ध भएको आपत्कालीन उपचारमा संलग्न टोलीको परिचालन	तालिम प्राप्त खोज तथा उद्धार टोली परिचालन	आपत्कालीन स्वास्थ्य तथा उपचार	RRT/तालिम प्राप्त स्वयमंसेवक	नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य चौकी
घटना भएको १ घण्टा पछि	पहिरो क्षेत्रबाट घाइते तथा पीडितको निकासी	स्थानीय तहको समन्वयमा सहयोगी संघ संस्थाहरु मिलेर	खोज तथा उद्धारगाउँपालिका, सुरक्षा बल र स्थानीय समुदाय	MEOC	सुरक्षा बल र स्थानीय समुदाय
	सम्भावित पहिरोको विस्तार क्षेत्रबाट मानव र भौतिक सम्पत्तीको सुरक्षित उद्धार	तालिम प्राप्त खोज तथा उद्धार टोली परिचालन	समन्वय, खोज तथा उद्धार	MEOC	सुरक्षा बल र स्वास्थ्य चौकी

विनाशकारी पहिरो पछि (कहिले देखि शुरु गर्ने?) - १	आपत्कालीन प्रतिकार्य (प्रमुख प्रतिकार्यका गतिविधिहरू) -२	आपत्कालीन प्रतिकार्यका प्रक्रियाहरु - ३		नेतृत्व गर्ने समिति/ उप-समिति (कसले गर्ने?)	सहयोगी संघ-संस्थाहरू (को सँग मिलेर गर्ने?) - ५
		के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्नेविषयगत क्षेत्र - ३ ख		
१ दिन पछि '१'	पहिरोबाट भएको क्षतिको बिस्तृत रुपमा मूल्याङ्कन	अनुगमन टोली परिचालन	अनुगमन तथा मूल्याङ्कन समिति	पूर्वाधार विकास समिति	सुरक्षा बल, स्वास्थ्य चौकी र ने.रे.सो.
पहिरो भएको ३-५ दिन भित्र	बहुक्षेत्रीय क्षति लेखाजोखा टोलीको गठन गरी विभिन्न क्षेत्रमा भएको क्षतिको लेखाजोखा	अनुगमन टोली परिचालन	अनुगमन तथा मूल्याङ्कन समिति	पूर्वाधार विकास समिति	सुरक्षा बल, स्वास्थ्य चौकी र ने.रे.सो.
सोही दिन	पहिरोवाट विस्थापित भएका जनमानसलाई सुरक्षा प्रदान गर्ने	सुरक्षा निकाय संगको समन्वय	समन्वय, खोज तथा उद्धार	संरक्षण, सुरक्षा तथा सिघ्र पुर्नलाभ	जिल्ला प्रशासन, सुरक्षा बल, म.वा. वि.शाखा र ने.रे.सो.
सोही दिन	थप खोज तथा उद्धारकर्ता तथा आवाश्यक श्रोत साधनको माग गर्ने	जिल्ला तथा केन्द्रमा रहेका आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्र सँग समन्वय गर्ने	समन्वय, खोज तथा उद्धार	आपत्कालीन आश्रयस्थल व्यवस्थापन	जिल्ला प्रशासन कार्यालय, सुरक्षा बल
सम्भव भए सोही दिन	पहिरोबाट प्रभावित परिवारहरूको सुरक्षित उद्धार तथाअस्थायी रुपमा आश्रय शिविरको व्यवस्थापन गर्ने	सरोकारवाला व्यक्ति,संघ संस्थाहरुको समन्वय र सहयोगमा	आपत्कालीन आश्रयस्थल गैर खाद्य सामग्री व्यवस्थापन	वातावरण तथा विपद्व्यवस्थापन समिति	जिल्ला प्रशासन कार्यालय, सुरक्षा बल, नेरेसो, WFP सम्वन्धित गैससहरु
सोही दिन सुरू गर्ने	खाद्य र गैर खाद्य वस्तुहरूको व्यवस्थापन	सरोकारवाला व्यक्ति,संघ संस्थाहरुको समन्वय र सहयोगमा	आपत्कालीन आश्रयस्थल खाद्य तथागैर खाद्य सामग्री व्यवस्थापन	वातावरण तथा विपद्व्यवस्थापन समिति	जिल्ला प्रशासन कार्यालय, सुरक्षा बल, नेरेसो, WFP सम्वन्धित गैससहरु
सम्भव भए सोही दिन	अस्थायी आश्रयमा खानेपानी र सरसफाइको व्यवस्थापन	सरोकारवाला निकायको सहयोगमा	खानेपानी सरसफाईतथा स्वच्छता	वातावरण तथा विपद्व्यवस्थापन समिति	खा.पा.स.स., यूनिसेफ, रेडक्रस, अन्य सहयोगीहरु

४.४ विपद् पूर्वतयारी र प्रतिकार्य योजना - बाढी

क.आपत्कालीन परिदृश्य - बाढी

बाढी - मनसुनको समयमा बारम्बार दोहोरिरहने प्रमुख विपद् हो । नेपालमा धेरैजसो समथर तथा तराईका भूभागमा बाढीलेअसर गरिरहेको हुन्छ । बाढीको कारणले गर्दा पनि ठुलो मात्रामा मानवीय मृत्यू तथा घाइते हुने,

घर तथा भवनमा क्षति हुने, जीवनयापनका तौरतरिका तहसनहस हुन सक्ने, पानीका श्रोतहरु दूषित हुने, ढल निकास सेवा तथा ठोस फोहोर सङ्कलन कार्य अवरोध हुन सक्छन । त्यसैगरी सडक यातायातमा क्षति हुने, पूलहरु भत्किन सक्ने बिजुली बत्ती कटान हुन सक्ने जस्ता परिदृश्यहरु पनि देखिने गर्दछन ।

ख.आपत्कालीन पूर्वतयारी -बाढी

मौसमविज्ञान पूर्वानुमानको आधारमा दिइएको प्रारम्भिक चेतावनीहरूले मात्रै बाढीबाट हुने मृत्यु दरमा५०% ले कमी ल्याउन सक्छ। त्यस्तै समुदायको आपत्कालीन प्रतिकार्य योजनाले बाढीबाट भएको क्षति तथा मृत्यूदर, आश्रयस्थल, सरसफाइ, स्वास्थ्य हेरचाह, पीडित जनसङ्ख्या, साथै दीर्घकालीन रोगको विषाक्तता, विषाक्त जोखिम, मानसिक रोग, पारिवारिक हिंसा, र स्वास्थ्य सेवाहरूको ह्रास मुख्य आदि मुद्दाहरूलाई सम्बोधन गर्न सहयोग पुग्दछ। ड्रिल तथा सिमुलेशनलेआकस्मिक अवस्थामा जीवन रक्षाको लागिआवाश्यक चिकित्सा प्रणालीको सचेत गराउछ । सार्वजनिक जागरूकता वा संचार घर, स्कूल, काम गर्ने ठाउँमा, र स्वास्थ्य सुविधाहरूमा पूर्वतयारीको तत्परतालाई प्रोत्साहित गर्न सक्छ । सूचना प्रणालीको व्यवस्था गर्न, सुरक्षित मार्गहरु पहिचान गर्न तथा समुदायस्तरमा प्रतिकार्य योजनाहरूको बारेमा जागरूकता पनि बढाउन सक्छ। सशक्त सार्वजनिक स्वास्थ्य निगरानी प्रणालीको विकासले द्रुत आवश्यकताको मूल्याङ्कन र बाढीसँग सम्बन्धित विकृति र मृत्युदरको निगरानीको लागि तयारी गर्न मद्दत गर्दछ। यस बाहेक पावर जेनेरेटर र पानी पम्पहरू बाढी आपतकालमा सामान्यतया उपयोगी उपकरणहरूको उदाहरण हुन्। यी उपकरणहरूले सार्वजनिक स्वास्थ्य विभागहरू, अस्पतालहरू, नसिङ होमहरू, स्कूलहरू, र बाहिरी रोगी क्लिनिकहरू सहित, महत्वपूर्ण स्वास्थ्य र चिकित्सा पूर्वाधार कायम राख्न मद्दत गर्दछ।

ग.आपत्कालीन प्रतिकार्य योजना - बाढी

कुनै पनि बाढीको घटनापछि, स्थानीयसमुदाय, सरोकारवालाहरु आ–आफनो क्षेत्रहरु विभिन्न तरीकाले प्रतिकार्यमा संलग्न भैरहेका हुन्छन् । तलको तालिका विभिन्न विषयगत समितिलाई प्रतिकार्य गर्न सजिलो हुने हेतुले केही दिशानिर्देशहरू उल्लेख गरिएका छन ।

तालिका २३: आपत्कालीन प्रतिकार्य योजना: बाढी

विनाशकारी बाढी पछि (कहिले देखि शुरु गर्ने?) - १	आपत्कालीन प्रतिकार्य (प्रमुख प्रतिकार्यका गतिविधिहरू) -२	आपत्कालीन प्रतिकार्यका प्रक्रियाहरु - ३		नेतृत्व गर्ने समिति/ उप-समिति (कसले गर्ने?)	सहयोगी संघ-संस्थाहरू (को सँग मिलेर गर्ने?) - ५
		के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख		
तुरुन्त	घटनाको वास्तविक स्थिति को वारेमा सङ्कलन र विश्लेषण	समुदाय र सुरक्षा बलको सहयोगमा	समन्वय, खोज तथा उद्धार	गाउँपालिका विपद् व्यवस्थापन समिति	सुरक्षा बलहरू, जिल्ला स्तरीय सरकारी कार्यालय/गैर सरकारी कार्यालय
सम्भव भएसम्म	समुदाय स्तरवाटै खोज तथा उद्धारकार्य	समुदायमा रहेका तालिमप्राप्त जनशक्ति	समन्वय, खोज तथा उद्धार	गाउँपालिका विपद्व्यवस्थापन समिति	जिल्ला प्रशासन, सुरक्षा बलहरू, नेपाल रेडक्रस सोसाइटी तथा अन्य सहयोगि निकायहरु
२४ घण्टा भित्र '१'	प्रारम्भिक द्रुत मूल्याङ्कन टीमको परिचालन र मानवीय सहयोगको लागि अपील	तालिम प्राप्त जनशक्ति परिचालन तथा संचार माध्यमहरु	समन्वय, खोज तथा उद्धार	गाउँपालिका विपद् व्यवस्थापन समिति	सुरक्षा बलहरू, नेपाल रेडक्रस सोसाइटी र सुचना/सञ्चार
२४ घण्टा भित्र '२'	आपत्कालीन आश्रयस्थल तथा शिविरको व्यवस्थापन र विस्थापित मानिसहरूको आवश्यकतानुसार श्रोत साधनको व्यवस्थापन	तालिम प्राप्त जनशक्ति परिचालन तथा समन्वय	खाद्य सुरक्षा र कृषि	गाउँपालिका विपद् व्यवस्थापन समिति	नेपाल रेडक्रस सोसाइटी, विषयगत समिति/ उप-समिति र खोज तथा उद्धार टोलीहरू
पहिलो दिनबाट सुरू गरेर	विस्थापित व्यक्तिको बारेमा जानकारी सङ्कलन गर्ने, पहिचान गरिएका खुला स्थानहरूमा आपत्कालीन आश्रयस्थल तथा शिविरको स्थापना गर्ने ।	तालिम प्राप्त जनशक्ति परिचालन तथा समन्वय	समन्वय, खोज तथा उद्धार	आपत्कालीन आश्रयस्थल व्यवस्थापन	गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समिति र सुरक्षा बल,नेपाल रेडक्रस सोसाइटी
निरन्तर	सबै विस्थापित समुदायहरूको लागि खाद्यान्नमा पहुँच पुर्‍याउने	सहयोगि निकायहरु संगको समन्वय	खाद्य सुरक्षा र कृषि	खाद्य सुरक्षाका लागि नेपाल संस्थानहरू	विश्व खाद्य कार्यक्रम, नेपाल रेडक्रस सोसाइटी
निरन्तर	वालवालिका,स्तपान गराउने महिला र वृद्धबृद्धाहरूलाई पौष्टिक खाना वितरण गर्ने	आवश्यक पर्ने खाद्य सामग्रीको जोहो गर्ने तथा पीडितहरुको तथ्याङ्कका आधारमा वितरण गर्ने	खाद्य सुरक्ष तथा कृषि	गाउँपालिका महिला र बालबालिका शाखा	स्वास्थ्य तथा पोषण क्षेत्रमा कार्यरत संघ संस्था, विश्व खाद्य कार्यक्रम, गाउँपालिका विपद् व्यवस्थापन समिति

विनाशकारी बाढी पछि (कहिले देखि शुरु गर्ने?) - १	आपत्कालीन प्रतिकार्य (प्रमुख प्रतिकार्यका गतिविधिहरू) -२	आपत्कालीन प्रतिकार्यका प्रक्रियाहरु - ३		नेतृत्व गर्ने समिति/ उप-समिति (कसले गर्ने?)	सहयोगी संघ-संस्थाहरू (को सँग मिलेर गर्ने?) - ५
		के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख		
३-५ दिन भित्र	बहुक्षेत्रीय क्षति लेखाजोखा टोलीको गठन गरी विभिन्न क्षेत्रमा भएको क्षतिको लेखाजोखा	अनुगमन टोली परिचालन	अनुगमन तथा मूल्याङ्कन समिति	पूर्वाधार विकास समिति	सुरक्षा बल, स्वयम्सेवक दल र ने.रे.सो.

४.५ विपद् पूर्वतयारी र प्रतिकार्य योजना - आगलागी

क. आपत्कालीन परिदृश्य - आगलागी

आगो भनेको अक्सिजन, तापक्रम र इन्धनको समिश्रणबाट निस्कने एक किसिमको रासायनिक प्रक्रिया हो। केवल दुई मिनेटमा आगो प्राणघातक हुन सक्छ, भने पाँच मिनेट भित्र एउटा भवन खरानी बन्न सक्छ । ३० सेकेन्ड भन्दा पनि कम समयमाएउटा सानो झिल्का आगलागीमा परिणत हुन सक्छ। आगलागीबाट निष्कासितकालो धुँवाले केही मिनेटमाघर भर्न सक्छ । त्यसैगरी आगोको ज्वाला अत्याधिक तातो हुन्छ। त्यसबाट पनि अधिक खतरा हुन सक्छ । आगलागी भएको बेला कोठाको भुईको तापक्रम १०० डिग्री हुन जान्छ भने मानवीय आँखाको लागि त्यो तापक्रम६०० डिग्रीसम्म पुग्न सक्छ। यस प्रकारकोउग्र-तातो हावाले मानवीय श्वास प्रश्वासमा असर गर्न सक्छ, छालामा लगाइएका कपडाहरू परिलन सक्छ।

मूख्यगरी आगलागीले मानिसहरूलाई घाइते तथा चोट पुऱ्याउँछ, ज्यान गुमाउँछ, भौतिक सम्पत्ति तथा अन्य संरचनाहरुमाक्षति पुऱ्याउँछ। त्यस बाहेक तल उल्लेखित निम्न असर गर्दछ ।

- दिर्घकालिन श्वासप्रस्वासका रोग तथा दमको विस्तार
- विस्थापित जनसंख्याको लागि आवाश्यक सुरक्षित आश्रय, पानी र खाना, सुरक्षा, सरसफाई, र स्वास्थ्य सेवामासहयोग पुऱ्याउछ।
- विश्वव्यापी र राष्ट्रहरू वरिपरिको पर्यावरणीय प्रणालीहरूलाई असर गर्छ
- वन जैवीक विविधता

ख. आपत्कालीन पूर्वतयारी - आगलागी

आगलागी भएको अवस्थामा आगोकोश्रोत तथा धुवाँद्वारबन्द गरिएको छ कि छैन चेकजाँच गरेर बन्द गर्ने र प्रत्येक कोठाबाट बाहिर निस्कने तरिकाहरू पत्ता लगाउनु पहिलो प्राथमिकतामा पर्दछ। भाग्ने योजनाहरूले तपाईंलाई तपाईंको घरबाट छिटो बाहिर जान मद्दत गर्दछ । प्रत्येक वर्ष दुई पटक, तपाइँको घरमा आगलागीबाट बच्ने योजनाको अभ्यास गर्नुहोस् । यो योजना बनाउँदा

- निश्चित गर्नुहोस् कि झ्यालहरू अडिएको छैन, स्क्रीनहरू चाँडै बाहिर निकाल्न सकिन्छ र सुरक्षा बारहरू राम्रोसँग खोल्न सकिन्छ।
- अन्धकारमा वा तपाईंको आँखा बन्द गरेर घरबाट बाहिर निस्किरहेको महसुस गर्ने अभ्यास गर्नुहोस्।
- बच्चाहरूलाई आगलागी भएको बेला निस्किने उपाय सिकाउनुहोस्

ग. आपत्कालीन प्रतिकार्य योजना - आगलागी

आगलागी पछि तुरुन्तै, स्वास्थ्य, मेडिकल आवश्यकताहरू, र उपलब्ध संसाधनहरू बीचको अन्तरहरू पहिचान गर्न प्रभावित समुदायको द्रुत आवश्यकताहरूको मूल्याङ्कन आवश्यक छ। विशेष गरी छरिएर बसोबास गर्ने ठाउँमा आगलागी वा डढेलोको मामिलामा क्षति धेरै कमहुन्छ। सुरक्षित र स्वस्थ जीवन स्थिति सुनिश्चित गर्न, गाउँपालिकाआपत्कालीन अपरेसन केन्द्र आश्रय र पुनर्वास निर्णयमा संलग्न हुन्छ। MEOC ले स्वास्थ्य सेवा वितरण, खानाको निरीक्षण, वायु सुरक्षा र पानीको गुणस्तर, र जन-देखभाल आश्रयस्थलमा फोहोर मैला व्यवस्थापन र सरसफाइको आँकलनमा पनि भूमिका खेल्न सक्छ। यदि डढेलोले खतरनाक पदार्थहरू उत्पादन गर्दछ भने, सार्वजनिक स्वास्थ्यलाई पनि प्रकोप जोखिम विश्लेषण गर्न वा व्यावसायिक स्वास्थ्य र प्रतिक्रियाकर्ताहरूको सुरक्षा बढाउन भनिन्छ। साथै, आगोसँग सम्बन्धित सार्वजनिक जानकारी अभियानहरूले परिवार आधारित तयारीलाई प्रोत्साहित गर्न, कमजोर जनसंख्यालाई सूचित गर्न, र निकास पूर्वतयारीलाई बढावा दिन सक्छ।

तालिका २४: आपत्कालीन प्रतिकार्य योजना: आगलागी

विनाशकारी आगलागी पछि (कहिले देखि शुरु गर्ने?) - १	आपत्कालीन प्रतिकार्य (प्रमुख प्रतिकार्यका गतिविधिहरू) -२	आपत्कालीन प्रतिकार्यका प्रक्रियाहरु - ३		नेतृत्व गर्ने समिति/ उप-समिति (कसले गर्ने?)	सहयोगी संघ-संस्थाहरू (को सँग मिलेर गर्ने?) - ५
		के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख		
तत्काल '०'	सामुदायिक स्तरबाटै आगलागी नियन्त्रणका लागि विभिन्न सचेतनामूलक गतिविधिहरू सञ्चालन गर्ने	आगलागी पछिको सूचना संकलन तथा व्यवस्थापनको लागि ठोस योजना स्थापना गर्ने, जानकारी प्राप्त गर्ने, प्रतिकार्यमा संलग्न विभिन्न टोलीहरु जस्तै सुरक्षा बल र समुदाय स्तरका खोज उद्धारकर्मी उचित जानकारी गराई आपत्कालीन प्रतिकार्यका गतिविधीलाई प्रभावकारी बनाउने	विपद्व्यवस्थापन समिति	LOEC	विपद्व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैससहरु
एक घण्टाभित्र	घाइते तथा मृत शरीरको व्यवस्थापन	सुरक्षा बल (नेपाल सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल) तथा खोज र उद्धार टोलीलाई सक्रिय सहभागि गराउने	समन्वय खोज उद्धार तथा सूचना व्यवस्थापन	LOEC	विपद्व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैससहरु
तत्काल सम्भव भएसम्म	घाइतेको उपचार	स्वास्थ्यकर्मी तथा तालिम प्राप्त स्वयम सेवकहरु परिचालन गरि उपचार कार्य यथासक्य चाँडो संचालन गर्नेए	आपत्कालीन स्वास्थ्य र उपचार	स्वास्थ्य शिक्षा तथा पोषण, RRT	विपद्व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैससहरु
घटना भएकै दिनबाट सुरू	प्रभावित व्यक्तिहरूको लागि आपत्कालीन आश्रयस्थलको स्थापना	सरोकारवाला व्यक्ति,संघ संस्थाहरुको समन्वय र सहयोगमा स्वयम्सेवक, सुरक्षाकर्मीहरु परिचालन गरि अस्थाइ आश्रयस्थलको निर्माण गर्ने	आपत्कालीन आश्रयस्थल खाद्य तथागैर खाद्य सामग्री व्यवस्थापन	वातावरण तथा विपद्व्यवस्थापन समिति	जिल्ला प्रशासन कार्यालय, सुरक्षा बल, नेरेसो, Unicef,WFP सम्वन्धित गैससहरु
घटना भएकै दिनबाट सुरू	खाद्यान्न तथा अन्य राहत वितरण	सरोकारवाला व्यक्ति,संघ संस्थाहरुको समन्वय र सहयोगमा स्वयम्सेवक, सुरक्षाकर्मीहरु परिचालन गरि पिडितहरुलाइ खाद्यान्न तथा अन्य राहत वितरण गर्ने	खाद्य सुरक्षा तथा कृषि क्षेत्र	गाउपालिका स्तरीय विपद्व्यवस्थापन समिति	खाद्य संस्थान,WFP रेडक्रस, अन्य सहयोगीहरु संस्थाहरु

विनाशकारी आगलागी पछि (कहिले देखि शुरु गर्ने?) - १	आपत्कालीन प्रतिकार्य (प्रमुख प्रतिकार्यका गतिविधिहरू) -२	आपत्कालीन प्रतिकार्यका प्रक्रियाहरु - ३		नेतृत्व गर्ने समिति/ उप-समिति (कसले गर्ने?)	सहयोगी संघ-संस्थाहरू (को सँग मिलेर गर्ने?) - ५
		के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख		
सम्भव भए घटना भएकै दिनबाट सुरू	वालवालिका, स्तपान गराउने महिला र वृद्धबृद्धाहरूलाई पौष्टिक खाना वितरण गर्ने	आवश्यक पर्ने खाद्य सामग्रीको जोहो गर्ने तथा पीडितहरुको तथ्याङ्कका आधारमा वितरण गर्ने	खाद्य सुरक्ष तथा कृषि	गाउँपालिका महिला र बालबालिका शाखा	स्वास्थ्य तथा पोषण क्षेत्रमा कार्यरत संघ संस्था, विश्व खाद्य कार्यक्रम, गाउँपालिका विपद् व्यवस्थापन समिति
सम्भव भए उही दिनबाट	अस्थायी आश्रयमा खानेपानी र सरसफाइको व्यवस्थापन	सरोकारवाला निकायको सहयोगमा	खानेपानी सरसफाई तथा स्वच्छता	वातावरण तथा विपद्व्यवस्थापन समिति	खा.पा.स.स., यूनिसेफ, रेडक्रस, अन्य सहयोगीहरु

४.६ विपद्पूर्वतयारी र प्रतिकार्य योजना - महामारी

क. आपत्कालीन परिदृश्य - महामारी

महामारी - छोटो अवधिमा तिव्र रुपमा फैलिदैधेरैजनसंख्यालाई असर पार्न सक्ने एक किसिमको रोगनै महामारी हो। उदाहरणको लागि, सन्२०१९चीनको वुहान बाट शुरु भएकोऋइख्क्ष्मज्ञढलाई लिन सकिन्छ । कोभिड१९ ले एक हप्ता भित्र लाखौं मानिसहरुलाईअसर गरेको थियो । कोभिड१९को सक्रमणको अत्यधिक विस्तारले विश्व जगतलाई नै ठप्प बनाईदियो । सामान्यतया, मानव शरीरको रोग प्रतिरोधक क्षमतालाई असर गर्ने नयाँ-नयाँ भाइरसको उत्पत्ति सँगै विभिन्न महामारीहरु विश्वले झेल्दै आइरहेको छ । बातावरणीय असन्तुलन, जैविक परिस्थितीमा आएको परिवर्तनका साथै संक्रामक रोगको महामारी विभिन्न कारणहरूलेसिर्जित हुनेगर्दछ । विकासक्रमको सुरुवात संगै विभिन्न विनाशकारी भाइरल रोगहरुको विस्तारले मानवजीवन क्षण भरमै तहस नहस हुन सक्दछ ।

कुनै पनि महामारी एक ठाउँमा मात्रै सीमित हुदैन ।कुनै समूदाय वा एक ठाँउवाट शुरु भएको महामारी अन्य स्थान, देशहरू वा महादेशहरूमा फैलियो भने यसले ठूलो जनसंख्यालाइअसर गर्दछ। महामारीको घोषणा हुनु पूर्वत्यस प्रकारको घटनाको उद्गमस्थल, फैलावट दर, मानवीय क्षतिको वारेमा राम्रो जानकारी हुन आवश्यक छ । तर पनिकेही यस्ता घटनाहरु हुन्छन, जुन महामारीको जस्तै असर गरेता पनि त्यसको फैलावट दर एकदमै कम हुन्छ, जस्तैरुघाखोकी । महामारीले मानव स्वास्थ्यमा मात्रै नभई आर्थिक र भौतिक श्रोतसाधनको पनि ठुलो मात्रामा असर गर्न सक्छ ।

महामारीजन्य आपत्कालीन अवस्थामा निम्न प्रकारका घटनाहरूसमावेश हुन सक्छः श्वासप्रश्वास जन्य रोग, हैजा, निमोनिया, विफर, दम, आदि जुन परिवेशमा सुरक्षित आश्रय, पानी र खाना, सुरक्षा, सरसफाइ, र स्वास्थ्य सेवाको व्यवस्था गर्न जरुरी पर्दछ।

ख.आपत्कालीन पूर्वतयारी -महामारी

सामान्य व्यक्तिको स्वास्थ्यमाजब एक अनौंठो प्रकारको बिरामी देखा पर्दछ वा असामान्य लक्षण देखा पर्दछ, त्यस परिस्थितिमा महामारी जन्य प्रकोप, वातावरणीय जटिलता, वा जैविकप्रकोपको घटना हुन सक्छ। महामारीको अवस्थामा सार्वजनिक सेवा सुविधाहरूको अस्थायी बन्द तथा चलायमान गतिविधिहरूलाई कही समयको लागि रोक्न जरुरी हुन्छ । संक्रमण फैलिदै गएको अवस्थामाराष्ट्रिय स्तरवाट वा प्रादेशिक सरकार, वा स्थानीय सार्वजनिक स्वास्थ्य अधिकारीहरूको सिफारिसमा मानवीय गतिविधिहरु महामारी फैलिएको क्षेत्रमा बन्द गर्ने निर्णय हुनुपर्दछ। त्यसैगरी श्वासप्रश्वासको माध्यमवाट सर्ने रोगको रोकथामको लागि सिफारिस गर्न जरुरी देखिन्छ । दैनिक प्रयोगको लागि व्यक्तिगत सुरक्षा उपायहरू (जस्तै, बिरामी व्यक्तिको स्वैच्छिक घर अलग, श्वासप्रशिक्षण, र हात सरसफाई) र वातावरणीय सतह (धेरै छुने सतहहरु र वस्तुहरु को सफाई) सफाई आदि उपायहरूको वारेमा जानकारी दिनु पर्दछ। थप व्यक्तिगत र सामुदायिक उपायहरू पनि सिफारिस गर्न सकिन्छ। महामारीको लागि आरक्षित व्यक्तिगत सुरक्षात्मक उपायहरूमा बिरामी हुँदा घरका सदस्यहरूको स्वैच्छिक घर अलग र मास्कको प्रयोग समावेश छ। सामुदायिक स्तरमा भीडभाड हुने कार्यलय तथा बिद्यालयहरु अस्थायी रूपमा बन्द गर्ने, साथै अन्य सामाजिक दूरीका उपायहरू अवलम्वन गर्ने कार्य गर्न सकिन्छ । उदाहरणका लागि, कार्यस्थलको उपायहरु प्रतिस्थापन वा परिमार्जन गर्ने,सामूहिक जमघटहरूस्थगित वा रद्द गर्ने आदि कियाकलाप गर्न सकिन्छ ।

ग.आपत्कालीन प्रतिकार्य योजना -महामारी

महामारीको अवस्थामा स्थानीय जनता, सार्वजनिक स्वास्थ्य विशेषज्ञहरू र नीति निर्माताहरू सहित संलग्न व्यक्तिहरूको लागि धेरै प्रकारमा नैतिक मुद्दाहरू खडा गर्दछ। तलको तालिकामा आपत्कालीन प्रतिकार्यको लागि सामान्य दिशानिर्देशनहरू दिइएका छन् । तर पनि केही प्रतिकार्यका गतिविधिहरु सञ्चालन गर्न तालिम प्राप्त व्यक्ति, अनुभवी तथा प्रतिकार्य कर्तालाई आवश्यक पर्ने उपकरण हुन पर्दछ ।

महामारी पछि (कहिले देखि शुरु गर्ने?) - १	आपत्कालीन प्रतिकार्य (प्रमुख प्रतिकार्यका गतिविधिहरू) -२	आपत्कालीन प्रतिकार्यका प्रक्रियाहरु - ३		नेतृत्व गर्ने समिति/ उप-समिति (कसले गर्ने?)	सहयोगी संघ-संस्थाहरू (को सँग मिलेर गर्ने?) - ५
		के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख		
सूचना पाउने बित्तिकै	विषयगत शाखाको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने	RRT टीम परिचालनका लागि कार्ययोजना सहित औषधि तथा अन्य सामग्रीहरु तयारी अवस्थामा राख्ने	स्वास्थ्य शाखा	स्वास्थ्य शिक्षा तथा पोषण क्षेत्र	जनस्वास्थ्य सेवा कार्यालय, स्थानीय स्वास्थ्य संस्थाहरु, म.स्वा.स्वयं.से.हरु, नेपाल रेडक्रस सोसाइटी र अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था
घटना घटेको ३ घण्टा भित्र	प्रकोप प्रभावित क्षेत्रमा Rapid Response Team -RRT)को परिचालन गर्ने ।	पालिका स्तरीयRRT वसी प्रकोप प्रभावित क्षेत्रमा आवश्यक तयारीका साथ परिचालन गर्ने	स्वास्थ्य शाखा	स्वास्थ्य, शिक्षा र पोषण क्षेत्र	स्थानीय स्वास्थ्य संस्थाहरु, म.स्वा.स्वयं.से.हरु, नेपाल रेडक्रस सोसाइटी र अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था
तत्काल	घाइतेहरुको उद्धार गर्न खोज उद्धार पूर्वसूचना र समन्वय विषयगत क्षेत्रसँग समन्वय गर्ने	पालिका स्तरमा गठन गरिएकाRRT लाई विभिन्न समूहमा विभाजन गरि परिचालन गर्ने	खोज तथा उद्धार कार्यदल	स्वास्थ्य, शिक्षा र पोषण क्षेत्र	जनप्रतिनिधिहरु, स्थानीय स्वास्थ्य संस्थाहरु, म.स्वा.स्वयं.से.हरु, नेपाल रेडक्रस सोसाइटी र अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था
तत्काल	खोज उद्धारसँगै प्राथमिक उपचार गर्ने र गम्भिर अवस्थाका घाइतेहरुलाई अस्पताल पठाउने	स्वयम् सेवकहरु, सुरक्षाकर्मी तथा समाजसेवीको सहयोगमा एम्वुलेन्स परिचालन गरि घाइतेको प्राथमिक उपचार सहित प्रेषण गर्ने	खोज तथा उद्धार कार्यदल	पालिका स्तरीय विपद् व्यवस्थापन समिति	जनप्रतिनिधिहरु, स्वास्थयकर्मीहरु, नेपाल रेडक्रस सोसाइटी र अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था तथा एम्वुलेन्स परिचालन समिति
तत्काल	विपद् ग्रस्त क्षेत्रमा प्राथमिक **उपचार** डेस्क स्थापना र सञ्चालन गर्ने	सम्बन्धीत क्षेत्रमा दक्ष स्वास्थ्य कार्यकर्ता खटाई उपचारात्मक सेवा उपलब्ध गराउने	स्वास्थ्य शाखा	स्वास्थ्य शिक्षा तथा पोषण शाखा	जनप्रतिनिधिहरु, स्वास्थयकर्मीहरु, नेपाल रेडक्रस सोसाइटी र अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था

(कहिले देखि शुरु गर्ने?) - १	प्रतिकार्यका गतिविधिहरू) -२	के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख	समिति (कसले गर्ने?)	(को संग मिलेर गर्ने?) - ५
	व्यवस्थापन र वितरण गर्ने	शिविरमा शुद्ध खानेपानी, शौचालय, सरसफाईको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई क्षेत्रसँग समन्वय गरि उपलब्ध गराउने		स्वच्छता क्षेत्र	यूनिसेफ, रेडक्रस, सम्वद्ध सहयोगी गैससहरु
तत्काल	प्रभावितहरुको अवस्था अनुसारस्वास्थ्यतथा सरसफाइ र पोषणयुक्त खाद्य सामग्रीको प्रबन्ध गर्ने	गर्भवती, सुत्केरी, वालवालिका लगायत प्रभावीत सवैका लागि पोषणयुक्त खानाको व्यवस्था गर्न खाद्य र संरक्षण क्षेत्र लगायत अन्य गैससँग समन्वय गरि उपलब्ध गराउने	खाद्यसुरक्षा तथा कृषि शाखा	स्वास्थ्य, शिक्षा तथा पोषण विषयगत क्षेत्र	कृषि विकास तथा पशुसेवा शाखा, खाद्यान्न संस्थान, WFP, , रेडक्रस, सम्वद्ध सहयोगी गैससहरु
तत्काल निरन्तर	संकटासन्न समूहको सूचि तयार गरी आवश्यक खाद्यान्न वितरणका लागि सहजीकरण गर्ने	प्रभावित क्षेत्रमा अति जोखिमपूर्ण समुहको पहिचान गर्ने र पहिचान गरिएका अति जोखिम पूर्ण समुहलाई आवश्यक खाद्यान्न वितरण	खाद्यसुरक्षा तथा कृषि शाखा	स्वास्थ्य, शिक्षा तथा पोषण विषयगत क्षेत्र	कृषि विकास तथा पशुसेवा शाखा, खाद्यान्न संस्थान, WFP, , रेडक्रस, सम्वद्ध सहयोगी गैससहरु
अवस्था र आवश्यकता अनुसार	क्षतिको विवरण संकलन गर्ने	स्थलगत निरिक्षण गरि प्रारम्भिकद्रुत लेखाजोखा गर्ने र प्राप्त सूचनालाई विश्लेषण गरि प्रतिवेदन तयार गर्ने,	अनुगमन, खोज, उद्धार तथा समन्वय क्षेत्र	MEOC	नेपाल प्रहरी, प्राविधिक शाखा, राजनैतिक दलका प्रतिनिधि, संचारकर्मी, रेडक्रस तथा अन्य सरोकारवाला निकायहरु
घटना घटेको दिनदेखि नियमित	खानेपानी शुद्धिकरणका विधिहरुको साथै फोहोर मैला व्यवस्थापन	प्रभावितहरुको वसोवास हुने स्थानमा खानेपानी शुद्धिकरणका विधिहरुको तथा फोहोर मैला व्यवस्थापन वारे	स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र,	स्वास्थ्य, शिक्षा तथा पोषण क्षेत्र	सानेपानी सरसफाई डिभिजन, जनस्वास्थ्य सेवा कार्यालय, युनिसेफ, रेडक्रस, लगायत सम्वद्ध सरोकारवाला संघ

(कहिले देखि शुरु गर्ने?) - १	प्रतिकार्यका गतिविधिहरू) -२	के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख	समिति (कसले गर्ने?)	(को संग मिलेर गर्ने?) - ५
घटना घटेको दिनदेखि नियमित	नियमित औषधि उपचारका साथसाथै गर्भवती, सुत्केरी जाँच र परिवार नियोजन सेवा प्रवाहलाई निरन्तरता दिने	प्रभावित क्षेत्रमा आवश्यकता अनुसार उपचारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवा, गर्भवती/प्रसुती सेवा, परिवार नियोजन,यौनरोग तथा एच.आई.भि.एड्स का वारेमा जनचेतना कार्यक्रम संचालन तथा अस्थायी साधन वितरण	स्वास्थ्य शाखा तथा स्थानीय स्वास्थ्य संस्थाहरु	स्वास्थ्य, शिक्षा तथा पोषण क्षेत्र	स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वास्थ्य स्वयंसेविका
घटना घटेको दिनदेखि नियमित	मनोसामाजिक परामर्श सेवा सञ्चालनलाई आवश्यकता अनुसार निरन्तरता दिने	संरक्षण क्षेत्रसँग समन्वय गरी मनोसामाजिक परामर्शदाता परिचालन गरि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने	म.वा.वि.शाखा,	संरक्षण, सुरक्षा तथा सिघ्र पुर्नलाभ	CMC नेपाल, नेपाल रेडक्रस सोसाइटी, सम्वद्ध अन्य गैससहरु, मनोसामाजिक चिकित्सक तथा परामर्शदाताहरु
आवश्यकता अनुसार	अस्थायी स्वास्थ्य शिविर तथा सरसफाइ अभियान सञ्चालन गर्ने	सम्बन्धीत क्षेत्रमा स्वास्थ्य कार्यकर्ता खटाई घुम्ति स्वास्थ्य सेवा उपलब्ध गराउने ।	स्वास्थ्य शाखा	स्वास्थ्य, शिक्षा तथा पोषण क्षेत्र	स्वास्थ्य संस्था, नेपाल रेडक्रस सोसाइटी, महिला स्वास्थ्य स्वयंसेविका, सम्वद्ध अन्य गैससहरु,
आवश्यकता अनुसार	सरुवा रोग को लागी खोप कार्यक्रम शुरू गर्ने	आवश्यकता अनुसार सरुवा रोग विरुद्धकोखोप अभियान संचालन गर्ने	स्वास्थ्य शाखा	स्वास्थ्य, शिक्षा र पोषण क्षेत्र	जनस्वास्थ्य सेवा कार्यालय, Unicef, WHOतथा अन्य अन्तर्राष्ट्रिय/राष्ट्रियगैर सरकारी संस्था
आवश्यकता अनुसार	औषधी(बफर स्टक) र स्ट्रेचर्सको भण्डारणको व्यवस्था	बफर स्टकको नियमित मौज्दात अद्यावधिक गर्ने	स्वास्थ्य शाखा	स्वास्थ्य, शिक्षा र पोषण क्षेत्र	गाउँपालिका स्टोर शाखा, MEOC, जनस्वास्थ्य सेवा कार्यालय, स्वास्थ्य संस्था
आवश्यकता	अति आवश्यक	विपद व्यवस्थापन	स्वास्थ्य शाखा	स्वास्थ्य, शिक्षा	गाउँपालिका विपद

(कहिले देखि शुरु गर्ने?) - १	प्रतिकार्यका गतिविधिहरू) -२	के/कसरी गर्ने? - ३ क	नेतृत्व गर्ने विषयगत क्षेत्र - ३ ख	समिति (कसले गर्ने?)	(को संग मिलेर गर्ने?) - ५
		छलफल र मूल्याङ्कन			कार्यालय
आवश्यकता अनुसार	दीर्घकालीन पुनर्स्थापनामा काम गर्दै जाने। आपत्कालीन स्वास्थ्य सेवाहरू संचालनमा ल्याउन पहल गर्ने र अन्य नियमित स्वास्थ्य सेवाहरूको माध्यमबाट गरिएको प्रतिरक्षा कार्यहरू लगातार संचालन गर्ने	विभिन्न विषयगत समिती/क्षेत्र को बैठक वसी दीर्घकालीन पुनर्स्थापनाको लागि योजना बनाउने	स्वास्थ्य, शिक्षा र पोषण क्षेत्र	विपद् व्यवस्थापनका सवै विषयगत क्षेत्र	गाउँपालिका विपद् व्यवस्थापन समिति, जनस्वास्थ्य सेवा कार्यालय
आवश्यकता अनुसार	महामारीको हिसाबले जोखिम क्षेत्रहरू पहिचान गर्दै, सम्वेदनशील स्थान घोषणा गरी र क्षतिको मूल्याङ्कन गर्न टोलीहरू खडा गर्ने	आवश्यकता अनुसार सम्भावीत महामारीको सम्वेदनशील स्थान पहिचान तथा मूल्याङ्कन गर्ने	स्वास्थ्य, शिक्षा र पोषण क्षेत्र	गाउँविपद् व्यवस्थापन समिति	जनस्वास्थ्य सेवा कार्यालय, WHO, गाउँ कार्यपालिका, प्रदेश तथा संघीय सरकार
आवश्यकता अनुसार	स्वास्थ्य पूर्वाधारको विकासको लागि स्वास्थ्य विशेषज्ञसँग परामर्श गर्ने	आपत्कालीन स्वास्थ्य सेवा प्रवाह गर्न पूर्वाधार विकासका लागि विज्ञहरु संग परामर्श	स्वास्थ्य, शिक्षा र पोषण क्षेत्र	गाउँ विपद् व्यवस्थापन समिति	जनस्वास्थ्य सेवा कार्यालय, WHO, गाउँ कार्यपालिका, प्रदेश तथा संघीय सरकार
आवश्यकता अनुसार	आपत्कालीन कार्यसञ्चालन सकिएको घोषणा गर्ने	पूर्ण रुपमा महामारी नियन्त्रण पश्चात् उक्त स्थानलाइ आपत्कालीन कार्यसञ्चालन सकिएको घोषणा गर्ने	स्वास्थ्य, शिक्षा र पोषण क्षेत्र	गाउँ विपद् व्यवस्थापन समिति	जनस्वास्थ्य सेवा कार्यालय, Unicef,WHO, गाउँ कार्यपालिका, प्रदेश तथा संघीय सरकार

४.७ कोभिड-१९ महामारी(Corona Virus- COVID-19)

क) पृष्ठभूमी

चीनको वुहानबाट फैलिएको कोरोना भाइरसको माहामारी आज विश्वभरी नै फैलिएको छ र लाखौँको संख्यामा मानिसहरुको मृत्यु भएको छ, भने संक्रमीत हुनेहरुको संख्या पनि लाखौँमा बृद्धि भै रहेको छ । विश्व स्वास्थ्य संगठनको तथ्याङ्क अनुसार अहिलेसम्म (मितिः२०७९/०१/२५) विश्वमा ५१,७०,३०,०८४ जना कोरोना भाइरसवाट संक्रमीत भै सकेका छन भने् ६२,७५,८९२ जना व्यक्तिहरुको कोरोना भाइरसको संक्रमणवाट मृत्यु भएको छ । नेपाल पनि यो कोरोना भाइरसको माहामारीबाट अछुतो हुन सकेको छैन । नेपालमा अहिले सम्म (मितिः २०७९/०१/२५) ९,७८,९२५ कोरोना संक्रमितहरुको संख्या पुगेको छ भने ११९५२ जनाले कोरोना भाइसरका कारण ज्यान गुमाउनु भएको छ । आजको मितिमा कोरोनावाट सकृयसंक्रमीत नेपालमा २०५ जना रहेका छन भने सवै भन्दा धेरै १९,५४,१८२ जना सकृय केस रहेका छन् । अत्यन्तै द्रुत गतिमा फैलिइरहेको कोभिड-१९ का कारण नेपाली समुदाय नै आक्रान्त बनेको र यसको फैलावट कम गर्नका लागि नेपाल सरकारद्वारा जारी बन्दाबन्दीका कारण समुदायको जनजीवन समेत प्रभावित बनेको छ । कोभिड १९ सँगै जारी बन्दाबन्दीका कारण समुदायका मानिसहरु रोग र जिविकोपार्जनको दोहोरो चपेटामा जनजिवन बिताइरहेका छन् । त्यसैगरि कर्णाली प्रदेशमा हाल सम्म जम्मा कोरोना संक्रमीत संख्या ३८७९७ जना रहेकोमा ३९१ जनाको मृत्यू भैसकेको छ भने ९ जना सकृय संक्रमीत रहेका छन् । त्यसैगरि सुर्खेत जिल्लामा हाल सम्म जम्मा कोरोना संक्रमीत संख्या २०,२१४ जना रहेकोमा २२९ जनाको मृत्यू भैसकेको छ । यसै गरि यस गाउँपालिकामा हालसम्म जम्मा कोरोना संक्रमीत संख्या ९६ जना रहेकोमा २ जनाको मृत्यू भैसकेको छ ।यसरी हेर्दा यस गाउँपालिकामा भारतवाट फर्केका नागरिकहरुमा वढी कोरोना संक्रमण भएको पाइएको छ । विशेष गरि यहाँका अधिकांस युवा जमात कामको शिलसिलामा भारत जाने र वर्षमा एकपटक घर फर्किने गरेका छन सोही क्रममा विगतमा कोरोना भाइरस संक्रमीत भइ अधिकांस नागरिकहरु घर फर्केका थिए । हाल भारतमा कोरोना संक्रमणको लहर अभिबृद्धि भइरहेको तथा स्थानीय चुनाव तथा मेला पर्व मनाउन विस्तारै भारत गएका नागरिकहरु घर फर्कीने सम्भावना अत्यधिक रहेकोले समयमै कोभिड १९ को स्रक्रमण बढ्न नदिन आवश्यक पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पार्नु पर्ने टडकारो अवस्था रहेको छ । यसै सन्दर्भमा यस गाउँपालिकाले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी सचेत रहने।स्थानीय तहका तुलनामा वीरेन्द्रनगर नगरपालिका कोभिड१९ फैलावटको उच्च जोखिममा समेत देखिन्छ । रोग नियन्त्रण गर्नका लागि सामाजिक दुरी कायम गर्ने, साबुनपानीले मिचिमिचि हात धुने, स्यानिटाइजरको प्रयोग सम्बन्धमा जनचेतना फैलाउन आवश्यक छ । वीरन्द्रनगर नगरपालिकाले समयमा नै यस संक्रमणको दर रोक्न र संक्रमितहरुको उपचार गर्न समयमा नै कदम चाल्न आवश्यक रहेको छ । यही क्रममा यस वीरेन्द्रनगर नगरपालिकामा पनि विदेशबाट फर्कनेहरुको संख्या दिनानुदिन बढिरहेको छ भने संक्रमितको संख्या १४३ रहेको अवस्था छ । जसले गर्दा यस नगरपालिकामा पनि कोरोना भाइसरको संक्रमणको जोखिमको संभावना उच्च रहेको छ । लकडाउनको कारणले गर्दा बालबालिकाहरुको पढाई आवद्ध भएको छ भने महिला तथा वालहिंसाका घटनाहरुमा पनि बृद्धि भइ रहेको विभिन्न तथ्यांक तथा समाचारहरुमा आइरहेका छन् । जसले गर्दा महिला तथा बालबालिकाहरुमा मनोसामाजिक समस्या उत्पन्न हुन सक्ने देखिन्छ । यसैगरी श्रम गरेर जिविका चलाउने परिवारहरुमा रोजगारी नहुंदा खाद्य समस्या उत्पन्न हुने र बालबालिकाहरु, गर्भवती र सुत्केरी महिलाहरुमा कुपोषणको समस्या सृजना हुने अवस्था रहेको छ ।

ख) सामान्य उद्देश्यः

कोभिड १९ संक्रमणको नियन्त्रण तथा कोभिड-१९ का कारण हुने मृत्युदर कम गर्नु ।

ग) विशिष्ट उद्देश्य

- कोरोना भाइरसको नयां संक्रमण दरलाई रोकथाम गर्ने

- संक्रमितहरुको समयमा नै उपचार गरी मृत्यु हुनबाट जोगाउने
- खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धन गरी संक्रमणको दर न्यूनीकरण गर्न सहयोग पुरयाउने
- बालबालिकाहरुको पठनपाठनलाई अनलाइन तथा अन्य माध्यमबाट सुचारु गर्ने
- महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरुमा हुन सक्ने हिंसा, शोषण र दुरुपयोगलाई कम गर्ने
- प्रभावित परिवारहरुको जिविकोपार्जनमा सहयोग पुरयाउने

घ) भावी परिदृश्य

कोरोना भाइरसको कारण यस सिम्तागाउँपालिकामा ९६ जना मानिसहरु संक्रमित भै उपचार गरिरहेको, गाउँपालिकाका बाहय स्थान तथा देशबाट आउने नागरिकहरुको संख्या अत्यधिक भएको, लकडाउनका कारण विद्यालय वन्द भएकोले बालबालिकाको पठनपाठन अवरुद्ध भएको, मजदुर र किसानहरुमा जिविकोपार्जनमा असहज परिस्थिति निर्माण भएको र मानिसहरुमा मनोसामाजिक समस्या र बालबालिका, महिलाहरुमा हिंसाको घटना बढिरहेको छ। भावी दिनमा यो असहज अवस्था अझ बढेर जाने संभावना उत्तिकै देखिएको छ।

खण्ड ५: योजना कार्यान्वयन र समीक्षाका लागि रणनीति

५.१ योजनाको सक्रियता

यो योजना दुईवटा अवस्थामा सक्रिय गर्न सकिन्छ;

(१)विपद् हुनु अगाडिनै पूर्वतयारी गर्न आवश्यक देखिएमा, र

(२)विपद् भैसकेपछिको आपत्कालीन अवस्थामा प्रतिकार्य गर्नलाई

गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिको नेतृत्व रआपत्कालीन प्रतिकार्य संञ्चालन केन्द्रको मातहतमा मानवीय सहायतामा संलग्न सबै संघसंस्थाहरूले नियमित रूपले कार्य सञ्चालन गर्न सक्दछन्।

५.२ योजनाको कार्यान्वयन

विपद्पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि निम्न लिखित रणनीतिहरू अवलम्बन गर्नै पर्दछ।

- गाउँपालिका तहमा रहेका मानवीय सहायतामा संलग्न सरोकारवालाहरु सबैसँग समन्वय/साझेदारी।
- गाउँपालिकातहमा रहेका सवै शाखा तथा विषय क्षेत्रका समितिहरुमा DPRP योजना छलफल गरि विपद्व्यवस्थापन समितिको राय सुझाव सहित गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत गर्ने ।
- विपद् प्रतिकार्यका गतिविधिहरु, उपलब्ध गाउँपालिकास्तरीय स्रोत साधनहरू तथा सूचनाहरुनियमित रूपमा अद्यावधिक गर्दै लाग्ने।
- आपत्कालीन प्रतिकार्यका प्रत्येक गतिविधिहरू गाउँपालिकाकोविपद् व्यवस्थापन समिति र स्थानीयआपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्र (LEOC) द्वारा नियमित रुपमा अनुगमन र मूल्यांकन गर्दै जाने।
- गाउँपालिकाको विपद् व्यवस्थापन समिति र गाउँपालिकाका विषयगत समितिहरूको भूमिका र उत्तरदायित्व स्पष्टसँग परिभाषित र अद्यावधिक गर्दै लैजाने ।
- विपद्को समयमा, गाउँपालिकाविपद्व्यवस्थापन संग सम्वन्धित विषयगत समितिहरुले सूचना संकलन गरि तथ्याङ्कअद्यावधिक गर्दै जाने र LEOCले दीर्घकालीन सूचना केन्द्रहरूको रूपमा कार्य गर्ने छ।
- जिल्ला/राष्ट्रिय आपत्कालीनकार्यसञ्चालन केन्द्र सँग समन्वय गर्दैगाउँपालिका स्तरीय विपद्व्यवस्थापनसमितिलेविपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाकार्यान्वयन गर्नुपर्दछ ।
- स्रोत र क्षमता बृद्धि गर्न गाउँपालिकाका विषयगत समितिहरुलेविपद्पूर्वतयारी तथा प्रतिकार्य योजना बमोजिम अन्य निकायहरूसँगको साझेदारीमा विविध कृयाकलापहरू सञ्चालन गर्नु पर्दछ ।
- स्थानीय ज्ञान र सीप रसामग्रीहरुको प्रयोग गरिविपद् पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धि विविध क्रियाकलापहरु संचालन गर्नु पर्दछ ।

५.३ योजनाको नियमित समीक्षा र अद्यावधिक गर्दै लैजाने

बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित रूपमासमीक्षा गरी अद्यावधिक गर्दै लैजानु पर्दछ । प्रत्येक विषयगत क्षेत्र, समिति तथा उपसमितिको भूमिका र जिम्मेवारी र कार्य गतिविधिहरूको रूपरेखा तालिकामा राखिएको छ। प्रत्येक विषयगत क्षेत्र, समिति तथा उपसमितिलेसंस्थाप्रमुखको नेतृत्वमा विषयगत क्षेत्रको योजना

बनाएर प्रत्येक वर्ष समीक्षा र अद्यावधिक गरिदै लैजानु पर्दछ । यस क्रममागाउँपालिका स्तरीय संघ संस्था तथा विपद् व्यवस्थापनमा संलग्न सरोकारवालाहरूले प्राविधिक रुपमा सहयोग प्रदान गर्न सक्दछन्।

आवधिक परिमार्जन तालिका

यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाईगाउँपालिकाले आवधिक रूपमा परिमार्जन गर्दै लगिने छ। साथै परिमार्जन गरिएका हरेक विवरणहरू देहायको तालिकामा सूचीकृत गरिनेछ ।

मिति	परिमार्जित खण्ड	पाना	परिमार्जन गरिएको मूख्य अंश सहित संघसंस्था तथा विषय क्षेत्र
२०७९/०५/३०	सीमितता	१०	नीतिगत व्यवस्थाहरु थप गरिएको
२०७९/०५/३०	प्रकोपको आँकलन	१५, १६	२०७९ सालको पहिरो तथा हावाहुरीको विवरण थप गरिएको
२०७९/०५/३०	सम्ता गाउँपालिकामा कार्यरत मानवीय सहायतामा संलग्न संघसंस्थाहरु	२९	२०७९ सालमा सिम्ता गाउँपालिकामा थप भएका कार्यरत मानवी संघसंस्थाहरु थप गरिएको
२०७९/०५/३०	विषयगत समिति तथा उपसमितिहरुको विवरण अद्यावधि गरिएको	३५, ३६, ३७, ३८	विभिन्न विषयगत समिति तथा उपसमितिहरुको विवरण अद्यावधि गरिएको ।
२०७९/०५/३०	सिम्ता गाउँपालिकाका जनप्रतिनिधिहरुको सम्पर्क विवरण	६६, ६७	सिम्ता गाउँपालिकाका जनप्रतिनिधिहरुको सम्पर्क विवरण अद्यावधि
२०७९/०५/३०	गाउँपालिका क्षेत्रभित्र पहिचान गरिएका खुल्ला क्षेत्रहरु	६८	गाउँपालिका क्षेत्रभित्र पहिचान गरिएका खुल्ला क्षेत्रहरु थप गरिएको

खण्ड: ६ प्रतिवेदन तथा अभिलेखन

६.१ प्रतिवेदन तथा सञ्चार

विपद प्रतिकार्यको प्रतिवेदन तथा संचार, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (प्रथम संशोधन, २०७६) मा उल्लेख भएको अनुसूचि अनुसार गरिनेछ । प्रतिकार्यका लागि गठित बिषयगत अगुवाहरुले विपद् सम्बन्धि प्रतिवेदन गाउँ विपद् व्यवस्थापन समितिलाई बुझाउनु पर्नेछ । यस्तो प्रतिवेदन विपद्को अवधिमा सकेसम्म दैनिक रुपमा तयार गर्नु पर्दछ । साथै विपद्को वारेमा स्थलगत अनुगमन टोलीले तयार गरेको प्रतिवेदन गाउँ विपद व्यवस्थापन समितिको बैठकमा प्रस्तुत गर्नेछ । प्रतिवेदनको जानकारी सबै विषयगत क्षेत्रका अगुवाहरु तथा अन्य सरोकारवालाहरुलाई उपलब्ध गराईनेछ । आ आफ्नो विषयगत क्षेत्रकोलागि संस्थागत रुपले अभिलेख तयार गरेको भए पनि आपत्कालीन समयमा गाउँपालिका स्तरीय विपद् व्यावस्थापन समितिको प्रत्यक्ष निर्देशनमा एकद्धार पद्धति मार्फत समुदायमा राहत उपलब्ध गराउने र घटना विवरण तयार गर्ने र त्यसलाई जिल्ला, प्रदेश तथा केन्द्रिय तहमा प्रवाह गरिनेछ ।

६.२ संस्थागत व्यवस्था

नेपालमा पहिलो पटक विपद् व्यवस्थापनको लागि कानूनी दस्तावेजको रुपमा दैवी प्रकोप (उद्धार) ऐन, २०३९ जारी भएको थियो भने हाल नेपाल सरकारले विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) तथा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७५ जारी गरेको छ र सो ऐन तथा नियमावलीमा समेत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यन्वयनलाई प्राथमिकता दिइएको छ । यसका साथै नेपाल सरकारले जारी गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गनिर्देशिका, २०६७ (प्रथम संशोधन, २०७६)ले यस योजना तर्जुमा गर्नको लागि स्पष्ट रुपमा मार्गदर्शन गरेको छ ।

६.३ अभिलेखीकरण

सिम्ता गाउँपालिकाविपद् व्यवस्थापन समितिले यो योजना वनाउदाभूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल -(NSET), र स्वास्थ्यका लागि सक्षम प्रणाली (SSBH) को सहकार्यमा विभिन्न सरोकारवालाहरुसंग अन्तरक्रिया गरी सिम्ता गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ को दस्तावेज तयार पारिएको छ । आगामी दिनहरुमा यस योजनालाई अद्यावधिक गर्दैअद्यावधिकरणलाई पनि नियमित रुपमा अभिलेखिकरण गरिदै लगिनेछ ।

६.४ अनुमोदन प्रक्रिया

मिति २०७८ बैशाख ८. गते सिम्ता गाउँपालिकाकोविपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अनुमोदनको लागि कार्यपालिका बैठकमा पेश गरी सो बैठकमा सहभागी कार्यपालिका पदाधिकारी/सदस्यहरू, विपद् व्यवस्थापन समितिका पदाधिकारी/सदस्यहरू लगायत सरोकारवाला निकायहरूबाट प्राप्त सल्लाह सुझावहरूलाई योजनामा समावेश गरी सिम्ता गाउँपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना स्वीकृत गरिएको छ ।

खण्ड ७: अनूसुची

अनुसूची-१:विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा कार्यदलको काम कर्तब्य र अधिकार

(क) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने कार्य सम्बन्धित अधिकारीबाट स्वीकृत गराई कार्यान्वयन गर्ने,कार्यदलले योजना तर्जुमा गर्न चाहिने आवश्यक जनशक्ति, बजेट तथा प्राविधिक स्रोत साधनको अनुमान गरी आवश्यक व्यवस्था गर्न सम्बन्धित शाखा मार्फत स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्छ।विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्दा स्थानीय तहका विषयगत समितिहरू, सम्बन्धित शाखा, कार्यालयहरू र अन्य सरोकारवालाहरूसँग योजनाको औचित्यबारे जानकारी गराई योजना तर्जुमाको विधि र योजना तर्जुमा साथै कार्यान्वयन गर्न सरोकारवालाहरूको भूमिकाको बारेमा छलफल गर्नुपर्नेछ।

(ख) योजना तयार गर्न चाहिने आधारभूत तथ्याङ्क सङ्कलन र विश्लेषणका लागि जनशक्ति परिचालन गर्ने,

(ग) सम्बन्धित विषय-क्षेत्रसँग परामर्श गरी विपद् न्यूनीकरणका लागि लक्ष्य र सूचकहरू निर्धारण गर्ने,

(घ) योजना तर्जुमा गर्न सरोकारवालाहरूसँग आवश्यक छलफल, परामर्श र सहकार्य गर्ने,

(ङ) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार गरी सरोकारवालाबाट सुझाव सङ्कलन गर्ने,

(च) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

७.१ बैठकका छलफलहरु

.....

आज मिति २०७९ साल वैशाख ८ गतेका दिन सिम्ता गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री कविन्द्र कुमार के.बी. ज्यू को अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्य ज्यूहरूको उपस्थितीमा कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथी छलफल गरी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिती

श्री कविन्द्र कुमार के. बी. - अध्यक्ष सिम्ता गाउँपालिका
श्री चन्द्रकला आहारी - उपाध्यक्ष " - "
श्री नारदि बिं काम्री - सदस्य - कार्यपालिका
श्री हरि बहादुर सिंह - " - "
श्री रहकुवे कुछा - " - "
श्री भीम बहादुर रावत - " - "
श्री मोहन कुमार वि. बी. - " - "
श्री राजेन्द्र सिंह ठकुरी - " - "
श्री राजेन्द्र कुमार हमाल - " - "
श्री चुडु बहादुर मल्ल - " - "
श्री ~~[illegible]~~ लोकबिराज योगी " - "
श्री दीपा चन्द (मल्ल) - " - "
श्री टेक नारायण वि. क. - " - "
श्री शोभा परियार - " - "
श्री राधिका वि. क. - " - "
श्री सुमित्रा बाधी - " - "
श्री तुलसी खत्री - " - "
श्री कैलाश प्रकाश देवकोटा - सचिव

सिम्ता गाउँपालिका कार्यपालिकाको कार्यालय राकम, सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

निर्णय नं ७४१

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलट प्रोजेक्ट सञ्चालनका लागि मिति २०७८।१२।२८ मा स्थानीय तह छनौट सम्बन्धी आशय पत्र आह्वानको सूचना अनुसार यस गाउँपालिकाको योजना तर्जुमा सार्वजनिक खरिद लेखा व्यवस्थापन एवं लेखा परीक्षण प्रणाली अनुसार प्राप्त हुने वित्तीय साझेदारी रकमलाई वार्षिक योजनामा समावेश गर्न र पूर्वाधार विकासमा काम गर्न प्रतिवद्ध रहँदै उक्त कार्यक्रममा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं ७४२

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलट प्रोजेक्ट सञ्चालनका तरिका र विधि आवश्यक साधन र स्रोतको प्रयोग गर्न एवं स्थानीय पूर्वाधार विकास क्रियाकलाको अनुगमन मूल्याङ्कन तथा सिकाइका माध्यमबाट गाउँपालिकाको पूर्वाधार विकास गर्न प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो।

निर्णय नं ७४३

यस गाउँपालिकामा सुत्केरी महिलाको उत्थानका लागि सञ्चालित उपाध्यक्ष कोशेली कार्यक्रमलाई पारदर्शिभरपर्दो र ,विश्वसनिय , समयानुकुल बनाउन आवश्यक महिलासँग उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन कार्यविधि २०७९ अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ७४४

भौगोलिक तथा जलवायु परिवर्तनका हिसावले हुन सक्ने विपद्लाई सम्बोधन गर्न तयार पारिएको आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ अनुमोदन गर्ने निर्णय गरिएको।

निर्णय नं ७४५

सिम्ता औद्योगिक ग्रामको निर्माणका लागि Safe Engineering Consultancy Pvt. Ltd Kathmandu ले पेश गरेको विस्तृत परियोजना प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ७४६

गृह मन्त्रालय, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग मिति २०७८/१२/२८ को निर्णय कार्यान्वयन गर्ने भन्ने पत्र बमोजिम तपसील अनुसारको स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ समस्या समाधान तथा सहजिकरण समिति गठन गर्ने निर्णय गरियो।

तपसील

प्रमुख प्रशासकीय अधिकृत	संयोजक
शाखा प्रमुख, लक्ष्मी बैंक	सदस्य
कार्यपालिका सदस्य टेकनारायण वि.क.	सदस्य
वडा अध्यक्ष मोहन कुमार वि सी	सदस्य
जिल्ला प्रशासन कार्यालय प्रतिनिधि	सदस्य
कोष तथा लेखा नियन्त्रक कार्यालय प्रतिनिधि	सदस्य
अधिकृत छैठौ टोप बहादुर राना	सदस्य सचिव

७.२ गाँउस्तरीय विपद् व्यवस्थापन समिति

क्र.सं.	पद	प्रतिनिधि
१	संयोजक	गाँउपालिका अध्यक्ष

२	सदस्य	गाँउपालिका उपाध्यक्ष
३	सदस्य	प्रमुख प्रशासकीय अधिकृत
४	सदस्य	बिषयगत समितिका संयोजकहरु
५	सदस्य	प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय
६	सदस्य	सामाजिक शाखा प्रमुख
७	सदस्य	पुर्वाधार विकास शाखा प्रमुख
८	सदस्य	सिम्ता गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघिय प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि
११	सदस्य	राष्ट्रिय मान्यता प्राप्त दलका गाँउपालिका स्थित प्रमुख वा प्रतिनिधि
१२	सदस्य	नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि १ जना
१३	सदस्य	निजी क्षेत्रको उद्योग वाणिज्य सम्वन्धी मान्यताप्राप्त संस्थाका गाउँ तहका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना
१४	सदस्य	गैरसरकारी संस्था महासंघका स्थानिय प्रतिनिधि १ जना
१६	सदस्य	नेपाल पत्रकार महासंघका स्थानिय पतिनिधि १ जना

७.३सिम्ता गाउँपालिकाका प्रमुख उपप्रमुख लगायत वडाका जनप्रतिनिधिहरुको सम्पर्क विवरण

क.स.	नम	पद	सम्पर्क विवरण
१	ऐन बहादुर चन्द	अध्यक्ष	९८४८०२९५५८
२	गोमा शर्मा रेग्मी	उपाध्यक्ष	९८६८१०२६४३
३	ओम प्रकाश देवकोटा	प्रमुख प्रशासकीय अधिकृत	९८५८०७७५००
४	शैलेन्द्र देव गिरी	ईन्जीनियर	९८४३३५०८८४
५	किरण गौतम	सूचना अधिकृत	९८४४७५७५७५
वडा नं. १, घोरेटा			
१	यमराज शर्मा	वडा अध्यक्ष	९८५८०५५१९०
२	प्रमिला खत्री बि.सी.	महिला/कार्यपालीका सदस्य	९८६४७०९६५६
३	सिता कुमारी वि.क.	दलित महिला सदस्य	९८६८०६०८३९
४	बिर बहादुर बुढा	वडा सदस्य	९८४८२९२१९४
५	प्रेम सिंह ठकुरी	वडा सदस्य	९८६४२८९९५०
वडा नं. २, काफलकोट			
१	खगेन्द्र सिंह ठकुरी	वडा अध्यक्ष	९८४८०५११२८
२	चन्द्रकला शाही सिंह	महिला/कार्यपालिका सदस्य	९८६४७०९६५६
३	खिमसरा बि.क.	दलित महिला सदस्य	९८६८०६०८३९
४	टोप बहादुर खड्का	वडा सदस्य	९८४८२९२१९४
५	कर्ण बहादुर रावत	वडा सदस्य	९८६४२८९९५०
वडा नं. ३, आग्रीगाँउ			
१	लोक बहादुर शाही	वडा अध्यक्ष	९८६८२६५५४७
२	निसा बस्नेत पुन	महिला/कार्यपालिका सदस्य	९८४४१७१६१७

३	कुसुमी सुनार	दलित महिला/कार्यपालिका सदस्य	९८६४९७१८४३
४	नर बहादुर कामी	वडा सदस्य	९८६६७४३०००
५	तिलक बहादुर बुढा	वडा सदस्य	९८६८६४९७२१
वडा नं. ४, बजेडीचौर			
१	बिरेन्द्र सिंह	वडा अध्यक्ष	९८६८०३८१०३
२	मिना मल्ल	महिलासदस्य	९७४५२०५१२८
३	शान्ता वि.क.	दलित महिला सदस्य	९८६७९६२३७४
४	खगेन्द्र कुमार सापकोटा	वडा सदस्य	९८४८०२९२६७
५	शिव बहादुर घर्ती	वडा सदस्य	९८४२२५६२४८
वडा नं. ५, आली			
१	मोहन कुमार चन्द	वडा अध्यक्ष	९८६८०३८००४
२	मीना खत्री	महिलासदस्य	९८४८३७८०१८
३	रमीता सुनार	दलित महिला सदस्य	९८४५७२७८६१
४	तारा बहादुर बुढा	वडा सदस्य	९८६९२४५६६६
५	भुपेन्द्र बस्नेत	वडा सदस्य	९८६८२५९७३५
वडा नं. ६, राकम			
१	गुलाव सिंह ठकुरी	वडा अध्यक्ष	९८१७४५९४८९
२	आइती लोहार	महिलासदस्य	९८१९५८२००८
३	सुक्रि वादी	दलित महिला सदस्य	९८१९५१८४०१
४	सुवर्ण बुढा	वडा सदस्य	९८२२९२८७८९
५	दिलिप बुढा	वडा सदस्य	९८१८५४९१९१८९
वडा नं. ७, काप्रिचौर			
१	घन बहादुर के.सी.	वडा अध्यक्ष	९८५८०५६२३५
२	लक्षिमा बुढा मगर	महिलासदस्य	९८६६९४४६६७
३	ममता परियार	दलित महिला सदस्य	९८०४५४४४७३
४	प्रविण थापा	वडा सदस्य	९८४९३३३१६९
५	दोकल बहादुर बुढा	वडा सदस्य	९८६८२३२८४५
वडा नं. ८, डाँडाखाली			
१	चेत बहादुर रेग्मी	वडा अध्यक्ष	९८६४९४४९६२
२	हुमी वली	महिलासदस्य	९७४५५३७१७२
३	नोखी टमटा	दलित महिला सदस्य	९८४५५६५६०३
४	चक्र बहादुर बस्नेत	वडा सदस्य	९८६९९५५१२८
५	डम्मर बहादुर खत्री	वडा सदस्य	९८४५८९०८७२
वडा नं. ९, खानीखोला			

१	कविराज योगी	वडा अध्यक्ष	९८६८३७४१५०
२	भीमा मल्ल	महिलासदस्य	९८४९३३१६२८
३	दिपा सुनार	दलित महिला सदस्य	९८४९३३३०९४
४	खिम बहादुर घर्ती	वडा सदस्य	९८४२२६०१८३
५	डिला गिरी	वडा सदस्य	९८४४७०३१४२
कार्यपालिका सदस्य			
१	राम बहादुर नेपाली कामी	कार्यपालिका सदस्य	९८२२४३३५२५
२	गणेश सुनार	कार्यपालिका सदस्य	९८०२५०२२४७

७.४ गाँउपालिकामा रहेका विभिन्न स्वास्थ्य केन्द्रको सम्पर्क विवरण

क.स.	वडा नं.	स्वास्थ्य सेवा केन्द्रको नाम	सम्पर्क व्यक्ति	सम्पर्क नम्वर
१	१	स्वास्थ्य चौकी घोरेटा	ललित प्रकाश मल्ल	९८६८०९७२४६
२	२	स्वास्थ्य चौकी काफलकोट	लोकेन्द्र बहादुर शाही	९८४४८१६८२७
३	३	स्वास्थ्य चौकी आग्रीगाउँ	सृजना सापकोटा	९८६८६५५८४८
४	४	स्वास्थ्य चौकी बजेडीचौर	टिकाराम रावत	९८५११८८३७३
५	५	आधारभुत स्वास्थ्य सेवा केन्द्र आली	धन बहादुर महतरा	९८६८३८८६०६
६	६	स्वास्थ्य चौकी राकम	पुनम वि.सी	९८६८१८१४२७
७	७	स्वास्थ्य चौकी काप्रिचौर	सुनिता कमारी वि.सी	९८४८२०५९८३
८	८	स्वास्थ्य चौकी डाँडाखाली	डिल्ली सापकोटा	९८४८१६२०५२
९	९	स्वास्थ्य चौकी खानीखोला	सुवास ठाडा	९७४८१०५८५४
१०	१	सामुदायिक स्वास्थ्य इकाई केन्द्र खनेटा	तारा रोका मगर	९८६९३८५८७७
११	२	सामुदायिक स्वास्थ्य इकाई केन्द्र दुर्रपाला	महेन्द्र कुमार चन्द	९८६८१६६७१०
१२	३	सामुदायिक स्वास्थ्य इकाई केन्द्र बाँखर्क	विरेन्द्र पोखरेल	९८६५६५९२११
१३	७	सामुदायिक स्वास्थ्य इकाई केन्द्र बैसपानी	प्रसान्त सोनी	९८६८९५८२४९

७.५ गाँउपालिकामा क्षेत्रमा पहिचान गरिएका विभिन्न खुला क्षेत्रहरु

क.स.	खुलाक्षेत्रको नाम	ठेगाना	कैफियत
१	पातचौर	सिम्ता–६,	
२	भगवती मा.वि.	सिम्ता –१, गान्द्रा,	
३	सुर्य ज्योति मा.वि.	सिम्ता–१, सुन्तोला	
४	ने.रा मा वि	सिम्ता –३, लापु	
५	भानु मा..वि.	सिम्ता –४, बजेडिचौर,	
६	बागेश्वरी उच्च मा.वि	सिम्ता–६, राकम	
७	सिम्ता रङ्गशाला	सिम्ता –६, राकम	
८	सिम्ता बहुमुखि क्यापस	सिम्ता–६, राकम	

९	ने.रा मा.वि	सिम्ता–५,बजेडा, आली	
१०	जनकल्याण मा.वि	सिम्ता –७, काप्रिचौर	
११	ने.रा मा. वि खेल्नेचौर	सिम्ता –८	
१२	ने.रा मा.वि साउखोला	सिम्ता –८	
१३	हिमालय मा.वि	सिम्ता –९, चोल्पा	
१४	सरस्वती मा.वि	सिम्ता –९, काँडासिम्ता,	
१५	रामीचौर	सिम्ता–५, लिफेचौर	
१६	बागेश्वरी मा.वि को खुल्ला जमिन	सिम्ता – ६, दमार	
१७	टाटा रावुटा	सिम्ता – १, गान्द्रा	
१८	ओखर चौर	सिम्ता –४,बजेडिचौर	
१९	पातिहाल्ना चौर	सिम्ता –४,बजेडिचौर	
२०	देउलीडाँडा	सिम्ता –४,देउली	
२१	जनकल्याण आ.वि.	सिम्ता –८, डाँडाखली	
२२	जिवनज्योती आ.वि.	सिम्ता –२, काफलकोट	
२३	ने. रा. आ.वि.	सिम्ता –२, नहागाउँ	
२४	थापाचौर	सिम्ता –७, काप्रिचौर	
२५	जनसेवा आ.वि., वैंसपानी	सिम्ता –७, काप्रिचौर	
२६	जनजागृति प्रा.वि. पुलबजार	सिम्ता –६, राकम	

परिभाषित शव्दावली

क्षमता:निर्धारित लक्ष्य प्राप्त गर्नका लागि समुदाय, समाज वा संघ-संस्थामाअन्तर्निहित, सबलता, विशेषता तथा उपलब्ध स्रोत-साधन ।

टिप्पणीः क्षमता अन्तर्गत पूर्वाधार र भौतिक साधन, संस्थागत संरचना,समुदायको सामना गर्ने सामर्थ्य , मानव ज्ञान र सीपका साथै सामाजिकसम्बन्ध, नेतृत्व प्रणाली तथा व्यवस्थापकीय पक्ष समेत पर्दछन् । क्षमतालाईयोग्यता वा दक्षताका रुपमा पनि अर्थ्याउन सकिन्छ । क्षमता मापनद्वाराअपेक्षित लक्ष्यका आधारमा कुनै पनि समुहको दक्षताको पुनरावलोकन गरिन्छ। यसका आधारमा विद्यमान क्षमताका सीमाहरूको पहिचान गरी भावीकार्यक्रम तय गर्न सकिन्छ ।*(विपद् जोखिम न्यूनीकरण संवन्धि शव्दावली, २०७२)*

प्रकोप:त्यस्ता डरलाग्दा परिघटना, तत्व, मानव क्रियाकलाप वा परिस्थिति जसलेजनधनको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्यसम्बन्धीअसरहरू, जीविकोपार्जन तथा सेवाहरूमा हानी र व्यवधान, सामाजिक तथा

आर्थिक गतिरोध वा वातावरणीय ह्रास समेत निम्त्याउँछ ।

टिप्पणीः विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा काम गर्दा "प्रकोप" भन्नाले"प्राकृतिक प्रकोप" तथा तद्जन्य वातावरणीय प्रकोप एवं प्रविधिगतप्रकोपहरू र जोखिम समेतलाइ बुझ्नु पर्दछ भनी ह्योगो कार्य-संरचनाकोपादटिप्पणी ३ मा उल्लेख भएको छ । यसखालका प्रकोपहरू विभिन्नभौगर्भिक, मौसम तथा जल-सम्बद्ध प्रक्रिया, सामुद्रिक, जैविक एवं प्रविधिगतश्रोत समेतबाट उत्पन्न हुन्छन् । कहिलेकाहिँ यिनीहरू संयुक्तरुपमा समेतसक्रिय हुन्छन् । प्राविधिक विश्लेषणको क्रममा प्रकोपलाई ऐतिहासिक तथ्याङ्कर वैज्ञानिक समीक्षा मार्फत क्षेत्र विशेषमा कुन अन्तरालमा कस्तो तीव्रता,कति शक्तिशाली या कुन प्रकृतिको प्रकोपको पुनरावृत्ति हुने संभावना कति छभनी किटान गर्ने प्रचलन छ ।

जोखिम:कुनैपनि प्रकोप घटनाको संभाव्यता र त्यसका नकारात्मक परिणामहरूकोसमग्र अवस्था ।

टिप्पणीः यो परिभाषा ISO/IEC Guide 73बाट निर्देशित छ । "जोखिम"शब्दबाट सामान्यतया दुई अलग भाव झल्किन्छ । जनजिब्रोको बोलीमाजोखिमले घटना हुनसक्ने संयोग वा संभावना भन्ने अर्थ लाई जोड दिन्छ,जस्तै दुर्घटनाको जोखिम । प्राविधिक दृष्टिकोणले जोखिम शब्दले प्रकोपकोपरिणाममा वढी जोड दिन्छ जसअनुसार जोखिमको अर्थ निश्चित कुनैप्रकोपको कारणले निश्चित ठाँउमा निश्चित समयावधिभित्र हुनसक्नेसंभावित मानवजीवन वा धनमालको क्षति भन्ने बुझिन्छ । विचारणीय कुराके छ भने विभिन्न जोखिमहरूको अवस्था र त्यसका अन्तर्निहित कारणहरूकाबारेमा आम जनसमुदायको एउटै धारणा नरहन सक्छ ।

सम्मुखता :प्रकोप प्रभाव क्षेत्रमा अवस्थित भएका कारण संभाव्य क्षति वेहोर्ने अवस्थामारहेका मानिस,धनमाल, संयन्त्र या अन्य तत्वहरू ।

टप्पणीः सम्मुखताको मापन उक्त क्षेत्रको जनसंख्याको आकार तथा सम्पतिको प्रकारमा निर्भर रहन्छ । कुनै इलाकामा रहेका जनसंख्या एवं अन्यतत्व (श्रोत, संसाधन, भौतिक संरचना आदि) को सम्मुखताको विश्लेषण गर्नप्रत्येक तत्व विशेषको प्रत्येक प्रकोप विशेषप्रतिको संकटासन्नताको स्तरलाईसमेत विचार गरेर मात्र जोखिम स्तरको समुचित अनुमान गर्न सकिन्छ ।

विपद्: प्रभावित समाज वा समुदायले आफ्नै स्रोत साधन र सामर्थ्य को प्रयोग गरीधान्न नसक्ने गरी भएको त्यस्तो व्यापक मानवीय, भौतिक, आर्थिक वावातावरणीय क्षति एवं असरहरू जसका कारण समुदायको सामान्य जीवनपद्धति गंभीर रुपमा अवरुद्ध हुन पुग्छ ।

टिप्पणी:विपद्लाई प्रायः निम्न तीन अवस्थाहरूको सम्मिलित परिणामकोरुपमा लिइन्छ :

क) प्रकोप सम्मुखता

ख) विद्यमान संकटासन्नता

ग) जोखिमका संभाव्य नकारात्मक परिणामहरूलाई न्यूनीकरण वा सामना गर्नका लागि आवश्यक क्षमता वा विधिहरूको अपर्याप्तता

विपद्का परिणाम अन्तर्गत मानव जीवनको नोक्सानी, चोटपटक, रोगव्याधि र शारीरिक, मानसिक तथा सामाजिक अवस्थामा नकारात्मक प्रभाव,धनमालको क्षति, सम्पत्तिको नोक्सानी, सेवा अवरुद्धता, सामाजिक तथाआर्थिक गतिरोध एवं वातावरणीय ह्रास पर्दछन् ।

विपद् जोखिम :कुनै खास समुदाय अवथा समाजमा भावी समयमा हुन सक्ने जनधन,जीविकोपार्जन, स्वास्थ्य लगायत अन्य सेवामा विपद्बाट हुन सक्ने संभाव्यक्षति ।

टिप्पणी:विपद् जोखिमको परिभाषाले विपद्को अवधारणालाई वर्तमानमानिरन्तर जारी रहेका जोखिम अवस्थाहरूको परिणामको रुपमा झल्काउँछ ।विपद् जोखिम भित्र धेरै खालका संभावित नोक्सानी पर्दछन् जसलाईपरिमाणमा व्याख्या गर्न प्रायः कठिन हुन्छ । तथापि विद्यमान प्रकोपहरूकोज्ञान र जनसंख्या तथा सामाजिक -आर्थिक विकासको ढाँचाका मद्दतलेकमसेकम मोटामोटीरुमा भएपनि विपद् जोखिमको लेखाजोखा तथा नक्शांकनगर्न सकिन्छ ।

विपद् जोखिम व्यवस्थापन :प्रकोपका प्रतिकूल असरहरू एवं विपद्को संभावनालाई कम गर्ने ध्येयकासाथ तय गरिएका रणनीति, नीति तथा सामना-क्षमता अभिवृद्धिकाकार्यक्रमको कार्यान्वयनका लागि आवश्यक प्रशासनिक निर्देशन, सांगठनिकसंरचना एवं व्यवहारिक सीप तथा क्षमताहरूको प्रयोग गर्ने व्यवस्थित प्रकृया ।

टिप्पणी:विपद् जोखिमसँग जोडिएका विशेष सवाल र मुद्दालाई संवोधन गर्नेयस शब्दावलीलाई अलि सामान्य अर्थ दिने "जो खिम व्यवस्थापन"शब्दावलीको विस्तारित रुपमा लिन सकिन्छ । विपद् जोखिम व्यवस्थापनकोउद्देश्य र लक्ष्य विभिन्न क्रियाकलाप तथा रोकथाम, अल्पीकरण रपूर्वतयारीका उपायहरूद्वारा प्रकोपका प्रतिकूल असरहरू छल्नु , कम गर्नु यास्थानान्तरण गर्नु हो ।

विपद् जोखिम न्यूनीकरण :प्रकोप सम्मुखता र जनधनको संकटासन्नता न्यूनीकरण, भूमि तथावातावरणको बुद्धिमतापूर्ण व्यवस्थापन, प्रतिकूल अवस्थाका लागि सुदृढपूर्वतयारी लगायतका व्यवस्थित प्रयत्नद्वारा विपद् जोखिम न्यून गर्नेअवधारणा एवं अभ्यास ।

टिप्पणी: विपद् जोखिम न्यूनीकरणको बृहत पद्धति संयुक्त राष्ट्रसंघद्वाराअनुमोदित ह्योगो कार्यसंरचना९ज्ञ्० मा तय भएको छ । २००५ माअंगीकार गरिएको यस कार्यसंरचनाको लक्ष्य समुदाय राष्ट्रहरूको जनधन,सामाजिक, आर्थिक एवम् वातावरणीय सम्पदाको क्षतिमा उल्लेखनीय रुपलेकमी ल्याउनु रहेको छ । राष्ट्रसंघीय निकाको रुपमा गठित विपद्न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय रणनीतिInternational Strategy for Disaster Reduction (ISDR)संयन्त्रले कार्यसंरचनाका कार्यान्वयनमा मद्दत पुऱ्याउनसरकार, संघसंस्था र नागरिक समाज बीच सहयोगर सहकार्य का लागि एकमाध्यमका रुपमा कार्य गर्दछ । यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने कतिपयअवस्थामा विपद् न्यूनीकरण शब्दको प्रयोग हुने गरेको भएता पनि विपद्विद्यमान जोखिमको प्रकृति र ती जोखिमको न्यूनीकरणका लागि विद्यमानउपलब्ध क्षमताको उचित समुचित पहिचानका लागि विपद् जोखिमन्यूनीकरणको अवधारणा उपयुक्त देखिन्छ ।

पूर्वतयारी :संभावित सन्निकट वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाकाअसहरूको प्रभावकारी ढंगले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्न सक्ने रत्यसबाट पुनर्लाभ लिनसक्ने सरकारी निकाय, पेशागत/व्यवसायिकप्रतिकार्य तथा पुनर्लाभ संस्था, समुदाय र स्वयं व्यक्तिहरूद्वारा विकसित ज्ञानतथा क्षमता ।

टिप्पणीः पूर्वतयारीका कार्यहरू विपद् जोखिम व्यवस्थापन अन्तर्गत सञ्चालनगरिन्छ । यसले सबै खालका आपत् कालीन अवस्थालाई प्रभावकारीव्यवस्थापन गर्न आवश्यक क्षमताहरू निर्माण गर्नुका साथै प्रतिकार्य देखिदीगो पुनर्लाभ सम्मको चरणहरूको संक्रमण प्रकृयालाई अवरोध रहित सहजएवं क्रमिक बनाउने प्रत्येक श्रृंखलाबद्ध कुरामा ध्यान दिन्छ । पूर्वतयारी कार्यविपद् जोखिमको सही विश्लेषण र पूर्व चेतावनी प्रणालीको सुदृढ समन्वयमाआधारित हुन्छ र यसले भैपरी आउने अवस्थाको प्रबन्ध गर्ने उपकरणहरूकोभण्डारण र आपूर्ति गर्ने; समन्वय, निस्क्रमण तथा सार्वजनिक सूचनासम्बन्धी उचित चाजोपाँजो मिलाउने र सम्बद्ध विषयमा तालिम तथास्थलगत अभ्यास संचालन गर्ने लगायतका विषयलाई समेत समावेश गर्दछ ।पूर्वतयारीमा समेटिएका यी सम्पूर्ण कार्यहरूलाई मुलुकको औपचारिक संस्था,नियम कानून तथा अर्थ विनियोजन सम्बन्धी प्रावधानहरूले सघाउनु पर्दछ ।अर्को शब्द तयारी अवस्था(Readiness)ले चाहिँ आवश्यक परेको बेलामातत्काल र सही ढंगले प्रतिकार्य गर्ने क्षमतालाई बुझाउँछ ।

उत्थानशीलता : प्रकोप सम्मुखतामा रहेका प्रणाली, समुदाय वा समाजमा अन्तर्निहित क्षमताजसले प्रकोपका असरहरूलाई समयमा नै प्रभावकारी ढंगले प्रतिरोध, शमनवा समायोजन गर्नुका साथै पूर्ववस्थामा फर्कन सामर्थ गराउँछ । यसअन्तर्गत आधारभूत संरचना वा सेवा-प्रणालीको संरक्षण एवं पुनर्स्थापनालगायत पर्दछन् ।

टिप्पणीः उत्थानशीलता भन्नाले प्रकोपको धक्का वा आघातबाट तत्काल उठ्न सक्ने वा पूर्वावस्थामा फर्कन सक्ने क्षमतालाई जनाउँछ । संभाव्यप्रकोप घटनाको सन्दर्भमा समुदायको उत्थानशीलता मापन गर्दा समुदायसँगरहेको आवश्यक साधन श्रोतको परिमाण र स्तर तथा जरुरी परेको बेलामा रत्यसअघि पनि समुदायले आफुलाई व्यवस्थित गर्न सक्ने क्षमतालाई आधारमान्नु पर्दछ ।

प्रतिकार्य :विपद् घटना भइरहेको बेला र तत्काल घटना पश्चात मानिसको जीवनरक्षागर्न मानव स्वास्थ्यमा पर्न सक्ने असरहरूलाई न्यून गर्न र आम नागरिकलाईसुरक्षाको प्रत्याभूति दिनुका साथै प्रभावित व्यक्ति वा समुदायका लागिआधारभूत आवश्यकता परिपूर्ती गर्न सक्ने अवस्था सुनिश्चित गर्नेआपत्कालीन सेवाहरू र सार्वजनिक सहायताका व्यवस्थाहरू ।

टिप्पणीः विपद् प्रतिकार्य मूलतः तत्काल एवं अल्पकालीन आवश्यक्ताहरूमा केन्द्रित रहन्छ र कहिलेकाहिँ यसलाई "विपद् राहत" पनि भनिन्छ । प्रतिकार्यचरण र तत्पश्चातको पुनर्लाभ चरणबीचमा ठयाक्कै सिमारेखा कोर्न गाह्रो छ । जस्तो कि अस्थायि आवासको व्यवस्था तथा खानेपानी आपूर्ति जस्ताप्रतिकार्य गतिविधिहरू आदि पुनर्लाभको चरणमा समेत कार्यान्वित हुनसक्छन् ।

जोखिम मूल्याङ्कन तथा निर्धारण :जोखिमको प्रकृतिका साथै त्यसको स्तर वा मात्रा निर्धारण गरिने विधि । यसपद्धतिले संभावित प्रकोपहरूको विश्लेषण गर्नु का साथै विद्यमानसंकटासन्नताको विविध अवस्थाको पहिचान एवं मूल्याकंन गर्दछ । यस प्रकारप्रकोप एवम् संकटासन्नताको संयुक्त मूल्याकंनबाट मानिस, समुदाय, निर्मितसंरचना र श्रोत, धनमाल, सेवा, जीविकोपार्जन तथा वरिपरिका वातावरणमा पर्न सक्ने संभावित क्षतिको सम्पूर्ण मूल्याकंन हुन सक्छ ।

टिप्पणीः जोखिमको निर्धारण तथा तत् सम्बन्धी जोखिमको नक्शांकनअन्तरगत निम्न कुराहरू पर्दछन् ।

- प्रकोपका प्राविधिक विशेषताहरू जस्तै : स्थान, तीव्रता, आवृत्ति र संभावनाको पुनरावलोकन
- भौतिक, सामाजिक, आर्थिक, वातावरणीय तथा स्वास्थ्यसम्बन्धी विविध पक्षहरू लगायतका सम्मुखता एवं संकटासन्नताको विश्लेषण,
- संभाव्य ठानिएको जोखिमको सामनाका लागि विद्यमान तथा वैकल्पिक सामना क्षमताको पहिचान गरी तिनको प्रभावकारिताको मूल्यांकन ।

जोखिम व्यवस्थापन:संभावित हानी एवं क्षतिलाई कम पार्नका लागि विपद्जन्य असर सृजितअन्यौलको अवस्थालाई व्यवस्थित गर्ने सिलसिलाबद्ध पद्धति तथा अभ्यास ।

टिप्पणीः जोखिम व्यवस्थापनभित्र जोखिम निर्धारण र विश्लेषण, तथा जोखिमलाई नियन्त्रित, न्यूनीकृत र स्थानान्तरण गर्न सक्ने रणनीति एवंविशिष्ट क्रियाकलापहरूको कार्या न्वयनका पक्षहरू समाविष्ट हु न्छन् । संघसंस्थाहरूले लगानी सम्बन्धी निर्णयसँग जोडिएका जोखिम कम गर्न तथाव्यवसाय गतिरोध, उत्पादन असफलता, वातावरणीय क्षति, सामाजिक असरएवम् आगलागी र प्राकृतिक प्रकोपका जोखिमहरू संवोधन गर्न जोखिमव्यवस्थापनको व्यापक प्रयोग गर्ने गरिन्छ । खानेपानी आपूर्ति , मौसममा हुनेठूलो अदलवदलबाट प्रत्यक्ष प्रभावित उर्जा एवम् कृषि क्षेत्रहरूमा जोखिमव्यवस्थापनले अत्याधिक महत्व राख्दछ ।

संकटासन्नता :कुनै समुदाय, कार्यप्रणाली वा जायजेथामाथि प्रकोपका असरहरू प्रत्यक्ष पर्नसक्ने अवस्था वा परिवेश ।

टिप्पणीः विभिन्न भौतिक, सामाजिक, आर्थिक वातावरणीय कारकतत्वहरूबाट उत्पन्न हुने संकटासन्नताका विभिन्न पक्षहरू छन् । उदाहरणको रुपमाभवनहरूको कमजोर डिजाइन र निर्माण, पूँजीको अपर्याप्तसंरक्षण,सार्वजनिक सूचना र चेतनाको अभाव, जोखिम र पूर्वतयारीका उपायहरूमासरकारी आधिकारिक निकायहरूको चासो चिन्तामा रहने सिमितता, तथासुझवुझपूर्ण वातावरणीय व्यवस्थापनप्रति उपेक्षा आदि पर्दछन् ।संकटासन्नताको स्तर समुदायको विभिन्न अंगमा र विभिन्न समयमाउल्लेख्यरुपमा परिवर्तित हुन्छ । यस परिभाषामा संकटासन्नतालाईसम्मुखतासँग असम्वद्ध राखी समुदाय, प्रणाली वा पूँजीको विभिन्नविशेषताहरूको रुपमा पहिचान गरिएको छ । यद्यपि सामान्य प्रयोगमासंकटासन्नतालाई समुदाय, प्रणाली वा पूँजीको जोखिम सम्मुखतासँग समेतजोडेर हेरिन्छ ।

एट्लस


प्रशासनिक नक्साङ्कन
सिम्ता गाउँपालिका
N
संकेत
नेपाल
सुर्खेत जिल्ला
USAID
NSET


भू-उपयोग नक्साङ्कन
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET


भिरालोपन नक्साङ्कन
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET


धरातलीय नक्साङ्कन
(Elevation Map)
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET


जनघनत्व नक्साङ्कन
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET


सडक मार्ग नक्साङ्कन
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET


भूकम्पीय जोखिम नक्साङ्कन
(भेरी फल्ट)
सिम्ता गाउँपालिका
N
संकेत
PGA/MMI
0.34-0.65 (MMI VIII)
0.65-0.90 (MMI IX)
> 1.24 (MMI X)
PGA= Peak Ground Acceleration
MMI= Modified Mercalli Intensity
USAID
NSET


बाढि प्रकोप नक्साङ्कन
(१०० वर्षे बाढी)
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET


पहिरो संवेदनशीलता नक्साङ्कन
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET


आगलागी संवेदनशीलता नक्साङ्कन
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET


बहुप्रकोप नक्साङ्कन
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET


भूकम्पीय जोखिमको कारण
भवन क्षति परिदृश्य
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET


भूकम्पीय जोखिमको कारण
भवन क्षति परिदृश्य
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET


भूकम्पीय जोखिमको कारण
मानव क्षति परिदृश्य
सिम्ता गाउँपालिका
N
संकेत
USAID
NSET

नेपाल सरकार
गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या: ०७७/०७८
चलानी नं.: ८३३

बबरमहल, काठमाडौं
नेपाल ।

श्री प्रमुख जिल्ला अधिकारीज्यूहरु, सबै ।

मितिः २०७८।०३।१५

विषयः बडामा रहने न्यूनतम् खोज उद्दार सामग्री सम्बन्धमा

प्रस्तुत विषयमा मिति २०७८।०३।०२ गते माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा बसेको विपद् जोखिम न्यूनीकरण तथ व्यवस्थापन राष्ट्रिय कार्यकारी समितिको बैठकले गरेका निर्णयहरु कार्यान्वयनका सन्दर्भमा तहाँ यस प्राधिकरणको च.नं. ८२५ मिति २०७८।०३।१५ को बोधार्थ पत्र प्राप्त भएकै छ । ती निर्णयहरु कार्यान्वयनका सन्दर्भमा बडास्तरमा रहनूपर्ने खोज तथा उद्दारका लागि आवश्यक न्यूनतम् सामग्रीको सूची निम्नानुसार रहेको व्यहोरा निर्णयानुसार अनुरोध छ-

सि. नं.	विवरण	थान	कैफियत
१	स्ट्रेचर	१	
२	बाल्टी	५	
३	डोरी	२०० मिटर	बलीयो
४	सेफ्टी हेल्मेट	५	गुणस्तरीय
५	बन्चरो	२	
६	आँसी, हँसिया	२	
७	गैंती	२	
८	कोदालो, बेल्चा	२/२	
९	हातखुट्टाको काम्रो	२	
१०	हाते आरी	२	
११	लिभर	२	राम्रो
१२	घन	२	
१३	टर्चलाईट तथा हेडलाइट	४	
१४	सिढी	केही	
१५	प्राथमिक उपचार सामग्री	-	
१६	अन्य सामग्री	-	स्थानगत आवश्यकता नुसार थपघट हुन सक्ने

वेदनिधि ढुनाल
उपसचिव

बोधार्थः
श्री गृह मन्त्रालय, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा ।

सन्दर्भ सामग्रीहरू

१. नेपालको संविधान२०७२,
२. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७४,
३. राष्ट्रिय विपद् जोखिम न्यूनिकरण नीति, २०७५,
४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (पहिलो संसोधन २०७६)
५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
६. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०)
७. कर्णाली प्रदेशकोविपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना,
८. जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ सुर्खेत
९. सीम्तागाउँपालिका पार्श्वचित्र, २०७४
१०.विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना सम्बन्धी विभिन्न निकायका दस्तावेजहरू ।

Strengthening Systems for Better Health Activity

स्वास्थ्यको लागि सक्षम प्रणाली

प्रकाशन: विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, सिम्ता गाउँपालिका

आवधिक संशोधन: मिति ३० भाद्र, २०७९

प्रकाशन मिति: वैशाख २०७९

प्रकाशक: सिम्ता गाउँपालिका, सुर्खेत

प्रकाशन सहयोग:

अमेरिकी सहायता नियोग (USAID)

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET), □मेरो सुरक्षित गाउं□ कार्यक्रम

स्वास्थ्यको लागि सक्षम प्रणाली (SSBH)